सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१७ पुस २०८०, मंगलबार (2 Jan 2024, Tuesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २५३ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ बालकुमारी घटना

ज्यान गुमाएका युवालाई सहिद घोषणा गरिने

पीडित परिवारका एक-एक सदस्यलाई रोजगारी



भौतिक पूर्वाधार र श्रममन्त्री पनि छानबिनको दायरामा (विस्तृत पृष्ठ ११)

अछामका वीरेन्द्र शाह र दैलेखका सुजन राउतको ज्यान जाने गरी भएको बालकुमारी घटनामा भौतिक पूर्वाधारमन्त्री प्रकाश ज्वाला र श्रममन्त्री शरत्सिंह भण्डारीलाई पनि छानबिनको दायरामा ल्याइने भएको छ। सोमबार बसेको राज्य व्यवस्था समितिको बैठकले दुवै मन्त्रीमाथि पनि छानबिन गर्न निर्देशन दिएको हो। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

नवराज मैनाली, कमलराज भट्ट

ललितपुरको बालकुमारीमा शुक्रबार प्रहरीसँगको झडपमा मृत्यु भएका दुई युवकलाई सरकारले सहिद घोषणा गर्ने भएको छ। मृत्यु भएका युवकका परिवार र सरकारबीच सोमबार भएको चारबुँदे सहमतिमा उनीहरूलाई सहिद घोषणा गर्ने र मृतकका परिवारका एक-एक सदस्यलाई रोजगारी दिने समझदारी भएको हो।

प्रदर्शनमा मृत्यु भएका अछामका वीरेन्द्र शाहका बुबा टेकबहादुर शाह र दैलेखका सुजन राउतका मामा टेकबहादुर कटुवाल तथा गृह मन्त्रालयका तर्फबाट उपसचिव उमाकान्त अधिकारीले सहमतिमा हस्ताक्षर गरेका छन्। सहमतिपत्रमा अछामका सांसद शेरबहादुर कुँवर र पुष्पबहादुर शाह, दैलेखका सांसद दिक्पालकुमार शाही र अमरबहादुर थापा तथा अर्की सांसद दीपकुमारी शर्मा रोहवर बसेका छन्।

सहमतिमा सरकारले उपलब्ध गराउने राहतका अतिरिक्त थप राहत उपलब्ध गराउन यथाशीघ्र आवश्यक सहजीकरण गर्ने र मृतकको शवलाई सम्बन्धित जिल्लामा पुऱ्याउन गृह मन्त्रालयले प्रबन्ध मिलाउने उल्लेख छ। रोजगारीका लागि कोरिया पठाउनका लागि लिइने परीक्षासम्बन्धी विवादमा झडप हुँदा उनीहरूको मृत्यु भएको थियो। शाहको प्रहरीको गोली लागेर तथा राउतको प्रहरी कुटपिटबाट मृत्यु भएको थियो।

■ जाँचबुझ आयोग गठन

सोमबारको मन्त्रिपरिषद् बैठकले घटनाका विषयमा उच्च अदालतका पूर्वन्यायाधीश शेखर पौडेलको नेतृत्वमा जाँचबुझ आयोग पनि गठन गरेको छ। आयोगको सदस्यमा पूर्वएआइजी अरुण बिसी तथा गृह मन्त्रालयका सहसचिव नारायण भट्टराई छन्। आयोगलाई एक महिनाको कार्यादेश दिइएको सरकारकी प्रवक्ता रेखा शर्माले जानकारी दिइन्। यसअघि डिआइजी लालमणि आचार्य नेतृत्वमा छानबिन समिति गठन गरिएको थियो।

घटनामा प्रहरीले अनावश्यक बल प्रयोग गरेको आरोप छ। गृह मन्त्रालयले ललितपुरका प्रमुख जिल्ला अधिकारी रुद्र पण्डित र ललितपुरका एसएसपी सिद्धिविक्रम शाहलाई हटाएको छ भने फिल्डमा खटिएका डिएसपी उमेश लम्साललाई निलम्बन गरेको छ।

भिड नियन्त्रणमा बारम्बार किन चुक्दै छ प्रहरी ?



● **नवराज ढकाल**, पूर्वएआइजी

भिड नियन्त्रणको सिद्धान्तअनुसार फिल्डमा काम हुनुपर्छ। यसका लागि प्रहरीलाई स्रोत, साधन र तालिम पुगेको छैन।

काठमाडौं/ गत वर्ष १ फागुनमा काठमाडौंको गोंगबुमा प्रदर्शनकारीले प्रहरीकै गाडी जलाइदिए भने ल्होत्से मलमा लुटपाट गरे। देशको राजधानीमै लुटपाट गरिँदा र प्रहरीको गाडीमै आगजनी हुँदा पनि सुरक्षामा चुकेको भन्दै प्रहरी आलोचित भयो। केही प्रहरी अधिकारी कारबाहीमा पनि परे।

शुक्रबार ललितपुरको बालकुमारी-ग्वार्को क्षेत्रमा त्यस्तै भयो। दुवै घटनाको समानता के छ भने दुवै प्रदर्शनको नेतृत्व कसैले गरिरहेका थिएनन्। गोंगुबमा यातायातका मजदुरले स्वस्फूर्त रूपमा प्रदर्शन गरेका थिए भने बालकुमारीमा कोरिया जाने परीक्षा दिन नपाएका युवा भड्किएर आन्दोलनमा उत्रिएका थिए।

कुनै पनि व्यक्तिले नेतृत्व नगरेको आन्दोलन जतिसुकै वेला भड्किए हिंसात्मक बन्न सक्छ भन्ने विश्लेषण गर्न नसक्दा दुवै घटनामा प्रहरी आलोचित बनेको छ।

गोंगबुको घटनामा समयमै बल प्रयोग नगर्दा प्रहरी आलोचित बनेकोमा शुक्रबार भने अत्यधिक बल प्रयोग गरेकोमा प्रहरीमाथि छानबिन भइरहेको छ। शुक्रबार आन्दोलनमा प्रहरीले बल प्रयोग गर्दा दुई युवकले ज्यान गुमाएका छन्। घटनाको विषयमा छानबिन गर्न सोमबार जाँचबुझ आयोग गठन भएको छ।

विगतमा पनि भिड नियन्त्रणमा प्रहरी

» पृष्ठ ११ मा क्रमशः

एउटै कानुन नबनाई बित्यो सुदूरपश्चिम संसद्को एक वर्ष

सांसदको तलबभत्तामा आठ करोड २७ लाख १० हजार खर्च

■ एक वर्षसम्म एउटा पनि विधेयक पारित गर्न नसक्दा नागरिकले प्रदेश सभामाथि नै प्रश्न उठाउन थाले

नयाँ विधेयक दर्ता भएनन्। अहिले पनि सदनमा विधेयक छैनन् : **देवबहादुर बोगटी**, प्रदेश सभा सचिव



● **मेघराज खड्का**, कांग्रेस सांसद

सदन नचल्दा जनसरोकारका कतिपय गम्भीर मुद्दा र सरकारका कामकारबाहीबारे कुरा उठाउन पाइएको छैन। सरकारले आगामी अधिवेशनमा बिजनेस दिने भनेको छ।



● **अक्कलबहादुर रावल**, उपनेता, माओवादी संसदीय दल

सरकारको तर्फबाट ढिलासुस्ती भएको छ। सदनलाई क्रियाशील बनाइराख्नुपर्छ भनेर सरकारको ध्यानाकर्षण गराएका छौं।



● **धर्मराज पाठक**, एमाले सांसद

नयाँ कानुन बनेन। विगतमा बनेका कतिपय कानुन संशोधन गर्नुपर्ने छ, तर भएको छैन। सदनमा कानुन बनाउने र जनताका आवाज उठाउने काम सरकारले बन्देज गरिदिएको छ।



फाइल तस्बिर

धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिम प्रदेश सभाको एक वर्ष एउटा पनि कानुन नबनाई बितेको छ। सार्वजनिक लिखत प्रमाणीकरणसम्बन्धी ऐन र प्रदेशको आर्थिक ऐनको भाषागत संशोधन मात्रै गरेर सभाले एक वर्ष गुजारेको हो। एक वर्षमा प्रदेश सभाका पदाधिकारी, सदस्य र सचिवालयमा नियुक्त कर्मचारीको पारिश्रमिक तथा तलब-भत्तामा आठ करोड २७ लाख १० हजार खर्चको भएको छ।

सभामुख, उपसभामुख चयन गर्ने, मुख्यमन्त्रीलाई विश्वासको मत दिने, सरकारको नीति तथा कार्यक्रम र बजेट पारित गर्नेजस्ता नियमित कामभै संसद् अल्झियो। 'बिजनेस' नभएपछि सदनका बैठक प्रायः चलेनन्।

» पृष्ठ ११ मा क्रमशः

■ भागबन्डा नमिल्दा संसदीय समिति पनि नेतृत्वविहीन

६ समिति पुऱ्याउने र नाउपालाई दुई समिति दिने भनिए पनि पनि सत्तापक्षमै टसल

सत्तारुढ दलबीच नेतृत्वमा भागबन्डा नमिल्दा सुदूरपश्चिम प्रदेश सभाका विषयगत (संसदीय) समिति पनि एक वर्षदेखि नेतृत्वविहीन छन्। दोस्रो प्रदेश सभा सुरु भएको करिब ६ महिनापछि जेठमा प्रदेश सभामा विधायन तथा प्रदेश मामिला समिति, अर्थ विकास तथा प्राकृतिक स्रोत समिति, सामाजिक विकास समिति र लेखा समिति गठन भएका थिए। तर, 'मिनी संसद्'का रूपमा लिइने समिति नेतृत्वविहीन हुँदा प्रभावहीन छ, जसकारण सरकारका कामकारबाहीको नियमन र निगरानी हुन सकेको छैन।

नागरिक उन्मुक्ति पार्टी सरकारमा सहभागी भएपछि भागबन्डा मिलाउन प्रदेशमा विषयगत समिति ६ वटा पुऱ्याउने सहमति सत्तागठबन्धनबीच थियो। ६ समिति पुऱ्याएर नागरिक उन्मुक्तिलाई दुई समितिको नेतृत्व दिने भनिए पनि सत्तापक्षमै टसल छ।

सरकारको नेतृत्व गरिरहेको कांग्रेस दुईवटा समिति थप्नुपर्ने पक्षमा छ। माओवादीले भने समिति थप र सरकारका नियुक्तिमा एकैपटक सहमति हुनुपर्ने अडान लिँदै आएको छ। गठबन्धनको भावनाविपरीत कांग्रेसले नियुक्तिमा एकलौटी गरेको उसको आरोप छ। नियुक्तिलगायत विषयमा कांग्रेस छलफल गर्न तयार नभए समिति बढाउने पक्षमा आफूहरू नरहेको माओवादीका प्रमुख सचेतक मानबहादुर धामीले बताए। सभामुख भीमबहादुर भण्डारीले यसअघि समितिको सभापति चयनको निर्वाचन प्रक्रिया अगाडि बढाएका थिए। तर, मुख्यमन्त्री कमलबहादुर शाहको निर्देशनमा रोकिएको थियो।

सभामुख भण्डारीले विषयगत समितिको सभापति चयनको प्रक्रिया अब धेरै नलम्बिने दाबी गरेका छन्। 'समितिको नेतृत्व चयनमा धेरै ढिलो भइसक्यो, अब प्रक्रिया अगाडि बढाउँछौं,' उनले भने, '२२ पुसमा निर्वाचन कार्यतालिका प्रकाशित गरेर २५ गते चुनाव गर्ने निर्णय कार्य व्यवस्था परामर्श समितिले गरिसकेको छ।' हाल संसदीय समिति बैठक ज्येष्ठ सदस्यको अध्यक्षतामा बस्छ। 'नेतृत्व नहुँदा जिम्मेवारीबोधका साथ काम हुन सकेको छैन। त्यही भएर समितिले सरकारलाई पनि जवाफदेही बनाउन सकेको छैन,' एमाले सांसद सुरेन्द्रबहादुर पालले भने, 'नेतृत्व चयन गरेर समितिका कामकारबाही प्रभावकारी बनाउन माग गर्दै आएका छौं, तर सत्तापक्षमै भागबन्डाको किचलो देखिन्छ।'

■ डेडिकेटेड फिडर र ट्रंक लाइन महसुल विवाद

लाइन काटिएको हिमाल आइरनले पहिलो किस्ता बुझाएपछि विद्युत् जोडियो

रोल्पा सिमेन्टले पठायो महसुल तिर्ने प्रतिबद्धतासहितको पत्र

मिलन विश्वकर्मा/नयाँ पत्रिका

डेडिकेटेड फिडर र ट्रंक लाइनको बक्यौता नतिरेपछि लाइन काटिएको वीरगन्जस्थित हिमाल आइरन एन्ड स्टिलले विद्युत् प्राधिकरणलाई पत्राचार गर्दै महसुल तिर्ने प्रतिबद्धता जनाएको छ। पहिलो किस्ता तिरेपछि सोमबार राति नै उद्योगमा लाइन जोडिएको छ। त्यस्तै, एड्भान्स समूहको रोल्पा सिमेन्टले पनि बक्यौता तिर्ने प्रतिबद्धतासहितको पत्र पठाएको प्राधिकरणले जनाएको छ।

» पृष्ठ ११ मा क्रमशः



हिमाल आइरनले पहिलो किस्ता बुझाएपछि विद्युत् लाइन जोड्दै नेपाल विद्युत् प्राधिकरणका कर्मचारी

बक्यौता तिर्न ६० किस्ताको सुविधा दिइने

विद्युत् प्राधिकरणले बक्यौता तिर्न उद्योगहरूलाई ६० किस्तासम्मको सुविधा दिने निर्णय गरेको छ। ऊर्जामन्त्री शक्ति बस्नेतको अध्यक्षतामा सोमबार साँझ बसेको प्राधिकरण सञ्चालक समितिको बैठकले यस्तो निर्णय गरेको हो। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जति महिनाको छुट बिल जारी गरिएको छ, त्यति नै महिनाको वा बढीमा ६० महिनाको किस्ताबन्दीको सुविधा दिने विशेष व्यवस्था गरेको बताए।

मन्त्रिपरिषद् बैठकको खाजा कटौती, वार्षिक ६० लाख बचत हुने

काठमाडौं/ सरकारले मन्त्रिपरिषद् बैठकको खाजाखर्च कटौती गर्ने निर्णय गरेको छ। सोमबार बसेको मन्त्रिपरिषद्ले बैठक बस्दा हुने खाजाखर्च कटौती गर्ने निर्णय गरेको हो। प्रत्येक मन्त्रिपरिषद् बैठकमा खाजाबापत करिब ६० हजार खर्च हुने गरेको प्रधानमन्त्री कार्यालयले जनाएको छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले स-साना विषयबाट सुधारको थालनी गर्नुपर्ने भन्दै खाजा कटौती गरिएको

» पृष्ठ ११ मा क्रमशः



काठमाडौं महानगरभित्रका ६० प्रतिशत ढुंगेधारा सुके

नयाँ पत्रिका

काठमाडौं महानगरपालिकामा रहेका ढुंगेधारामध्ये ६० प्रतिशतमा पानी नआउने, हराउने र नभेटिनेजस्ता समस्या देखिएको छ । अलान फाउन्डेसनले एक महिनाअघि तयार पारेको रिपोर्टअनुसार महानगरभित्रका एक सय ५४ ढुंगेधारामध्ये ६१ वटामा मात्र पानी आउँछ । ५० वटा मा कहिल्यै पानी नआउने, १० वटा संकटमा परेका (लोप हुन लागेको अवस्थामा), २१ वटा हराएका र १२ वटा फेला नपरेको (नभेटिएको) अध्ययनले देखाएको छ ।

अध्ययनका क्रममा (ढुंगेधारा) हिटीलाई पाँच प्रकारमा बाँडेर तथ्यांक संकलन गरिएको थियो । एक सय २१ हिटी भौतिक रूपमा भेटिएका छन् । ३३ वटाले निसानसमेत गुमाइसकेका छन् । वडागत रूपमा हेर्दा वडा नम्बर १५ र ३२ मा १२-१२ वटा हिटी छन् । वडा १२ र १३ मा एक-एकवटा, वडा ३ मा २१ र २९ मा दुई-दुईवटा, वडा २ र ३० मा तीन-तीनवटा हिटी छन् । वडा नम्बर ५, २८ र ३१ मा चार-चारवटा, वडा नम्बर २० मा पाँचवटा, वडा १, ८, १९, २६ मा ६-६ वटा हिटी फेला परेका छन् । वडा नम्बर १८ मा सातवटा, वडा नम्बर ४ र ७ मा आठ-आठवटा, वडा ९ र १६ मा नौ-नौवटा, वडा १७ मा १० वटा, वडा नम्बर ६



मा ११ वटा र वडा १० मा १३ वटा हिटी छन् । यस्तै, वडा ११, २२, २३, २४, २५ र २७ गरी ६ वटा वडामा एउटा पनि हिटीको अभिलेख नै नभेटिएको अध्ययनले देखाएको छ ।

■ पुतलीसडकमा भेटियो ऐतिहासिक ढुंगेधारा

ढुंगेधारा खोजीकै क्रममा पुतलीसडकस्थित स्टारमलको पछाडि रहेको खाली जग्गामा पनि ऐतिहासिक ढुंगेधारा फेला परेको छ । पुरातत्त्व विभाग र सम्पदाप्रेमीलाई यहाँ पनि ढुंगेधारा रहेको जानकारी स्थानीयले गराएका थिए । यहाँ ढुंगेधाराको बाहिरी भाग उत्खनन भएको छ भने वरिपरिको भाग पुरिएको छ । स्थानीयले खोजतलास गरेका सम्पदा संरक्षणमा सरकारले साथ दिए मात्रै ऐतिहासिक ढुंगेधाराको अस्तित्व जोखिने सम्पदाप्रेमीको भनाइ छ ।

■ ललितपुरका ६० प्रतिशत ढुंगेधारामा आउँछ पानी

ढुंगेधाराविद् सुशील श्रेष्ठका अनुसार ललितपुरको पाटन क्षेत्रमा ६० वटाभन्दा बढी ढुंगेधारा छन् । तीमध्ये ९० प्रतिशतमा पानी आउँछ । त्यसबाट २४ घण्टामा ४० लाख लिटर पानी आउने गरेको छ । यो पानीले करिब पाँच हजार घरधुरीलाई पुग्ने अनुमान छ । काठमाडौंको मुख्य सहरी क्षेत्रमा दुई सय ९० वटा र भक्तपुरमा ८२ वटा ढुंगेधारा छन् । काठमाडौंका १० प्रतिशत ढुंगेधारामा पानी आउँछ भने भक्तपुरका ८ प्रतिशतमा मात्रै पानी आउने गरेको छ ।

ढुंगेधाराका अनुसन्धानकर्ता तथा सहरी विकास योजनाकार पद्मसुन्दर जोशीका अनुसार ललितपुरका एक सय, भक्तपुरका ६० र काठमाडौंका ४० वटा ढुंगेधारामा मात्रै अहिले पानी खस्छ । यीबाहेक तीन जिल्लाका तीन सय ७३ वटा हिटीमा पानी आउँदैन । ती दुई सयवटामध्ये पनि कुनै-कुनैमा बर्खाका वेला मात्रै पानी आउने अध्ययनले देखाएको छ । हाल उपत्यकामा पानी आउने ढुंगेधारामध्ये करिब एक लाख जनसंख्यालाई पानी पुगेको अनुमान गरिन्छ ।

विद्यालयअगाडिका ३६ स्थानमा 'पेलिकन' प्रणाली जडान गरिँदै

काठमाडौं/ काठमाडौं महानगरपालिकाले ३६ वटा विद्यालयअगाडि सडक पार गर्नका लागि सहज गराउने प्रणाली 'अन डिमान्ड पेडेस्ट्रियन क्रसिङ (पेलिकन) जडान गर्ने भएको छ । २६ वटा सामुदायिक विद्यालय र १० वटा निजी विद्यालयअघि बबरमहलमा जडान गरिएको जस्तै प्रणाली जडान गर्न लागेको ट्राफिक व्यवस्थापन सल्लाहकार जगतमान श्रेष्ठले जानकारी दिए । यस वर्ष ३६ वटा विद्यालयअघि राख्ने तयारी भए पनि आगामी दिनमा आवश्यकताअनुसार जोखिम हेरेर अन्य स्थानमा पनि व्यवस्था गर्ने उनको भनाइ छ ।

काठमाडौं महानगरपालिकामा ८९ सामुदायिक र पाँच सयभन्दा बढी निजी विद्यालय छन् । श्रेष्ठले भने, 'मुख्य सडकसँग जोडिएका सबै विद्यालयमा यस किसिमको प्रणाली जडान गर्ने लक्ष्य छ । यस कार्यक्रमका लागि महानगरले चालू आर्थिक वर्षमा दुई करोड बजेट विनियोजन गरेको छ । विद्यालय आउने र जाने समयमा दुर्घटनाको जोखिम बढेको हुनाले यस किसिमको प्रणाली जडान गर्न लागेको हो । यसले बालिबालिकालाई सडक सुरक्षा प्रदानमा सहयोग पुग्छ भने भविष्यका सडक प्रयोगकर्ता (बालबालिका)लाई सडक सुरक्षाका विषयमा व्यावहारिक ज्ञान दिने विश्वास कामपाले लिएको छ । पैदलयात्रीले स्विच थिचेपछिको पाँच सेकेन्डमा जेब्राक्रसतर्फ हरियो र सवारी गुड्नेतर्फ रातो बत्ती बल्छ । एकपटक थिचेपछि ३० सेकेन्ड बत्ती बल्छ ।

पहिलो ३० सेकेन्ड बत्ती बलेको अवधि सकिएपछिको दुई मिनेटमा मात्र पैदलयात्रीले अर्कोपटक बटन थिच्न सक्छन् । दुई मिनेटपछि मात्र जेब्राक्रसतर्फ फेरि बत्ती बाल्न सकिन्छ । विद्यालय क्षेत्रमा राखिसकेपछि आवश्यकताअनुसार पैदलयात्रीको ठूलो चाप रहेको अन्य स्थानमा पनि यस किसिमको प्रणाली जडान गर्ने तयारी छ । प्रणाली जडान भएपछि पैदलयात्रीले सवारीसाधन रोकिएको यकिन भएपछि मात्र सडकपार गर्ने अवसर हुने विश्वास कामपाको छ ।

वरिष्ठ पत्रकार पोखरेलको निधन

काठमाडौं/ वरिष्ठ पत्रकार गोकुलप्रसाद पोखरेलको ८७ वर्षको उमेरमा सोमबार बिहान निधन भएको छ । राष्ट्रिय मानव अधिकार आयोगका पूर्वसदस्य, नेपाल प्रेस इन्स्टिच्युट (एनपिआई)का संस्थापक महासचिव र दुई कार्यकाल अध्यक्षसमेत भएका थिए । पोखरेल पछिल्लो समयमा फोक्सोसम्बन्धी समस्याबाट पीडित भई त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पतालमा उपचाररत थिए । धनकुटाको कोचिन्डेमा १९९३ मा जन्मिएका पोखरेल काठमाडौं बस्दै आएका थिए ।

संक्षेपमा उपत्यका

दरबारमार्ग : वैदेशिक रोजगारीका लागि दुबई पठाइदिन्छु भनी तीन लाख २० हजार रुपैयाँ ठगी गर्ने व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ । काठमाडौं महानगरपालिका-२० बस्ने ४२ वर्षीय सरेशकुमार रञ्जितले लक्षीराम बुढालाई वैदेशिक रोजगारीका लागि दुबई पठाइदिन्छु त्यसका लागि तीन लाख २० हजार लाग्ने भन्दै पैसा लिई सम्पर्कविहीन भएका थिए । पीडित बुढाको उजुरीका आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरीले रञ्जितलाई दरबारमार्गबाट पक्राउ गरेको हो । रञ्जितले दुबई पुगेपछि प्रतिष्ठित होटेलमा कुक-हेल्फरमा काम लगाइने र मासिक ७२ हजार तलब हुने भन्दै प्रलोभनमा पार्दै आएका थिए ।

टोखा : अस्ट्रिया पठाइदिन्छु भनी रकम ठगी गर्ने कञ्चनपुर भीमदत्त नगरपालिका-१ घर भई काठमाडौं टोखा नगरपालिका-१०, भण्डारी टोल बस्ने ३९ वर्षीय रामबहादुर सिंहलाई प्रहरीले पक्राउ गरेको छ । उनले हरिशप्रसाद जोशीलाई वैदेशिक रोजगारीका लागि अस्ट्रिया पठाइदिन्छु र त्यसका लागि १५ लाख रुपैयाँ लाग्ने भन्दै तीन लाख रुपैयाँ लिई सम्पर्कविहीन भएका थिए । उनले अस्ट्रिया पुगेपछि प्रतिष्ठित कम्पनीमा काम लगाइदिने र मासिक एक लाख ५० हजार तलब हुने प्रलोभन दिने गरेको पीडितको भनाइ छ । पीडित जोशीले काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयमा उजुरी दिएको र सोही आधारमा सिंहलाई प्रहरी टोलीले आइतबार टोखा नगरपालिका-१०, भण्डारी टोलबाट पक्राउ गरेको हो ।

टेकु : बैंकिङ कसुर मुद्दामा थुनामा रहेका छुटाउने भन्दै ठगी गर्ने व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ । ठगीमा संलग्न रत्नेश्वरप्रसाद शर्मालाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले काठमाडौं महानगरपालिका-१०, थापागाउँबाट पक्राउ गरेको हो । शर्माले न्यायाधीशहरू आफ्नो सहपाठी भएको र जाहेरवालालाई सजिलै उक्त बैंकिङ कसुर मुद्दामा कानुनी उन्मुक्ति दिलाउने भनी विभिन्न तवरले विश्वास दिलाई विभिन्न बैंक खातासमेतमा रकम जम्मा गर्न लगाई १० लाख १६ हजार रुपैयाँ लिई ठगी गरेको प्रहरीको भनाइ छ ।

कोटेश्वर : युरोप पठाइदिन्छु भनी रकम ठगी गर्ने म्यानपावर सञ्चालकलाई प्रहरीले पक्राउ गरेको छ । काभ्रेपलाञ्चोक जिल्ला पनौती नगरपालिका-१ बस्ने मार्स म्यानपावरका सञ्चालक ४१ वर्षीय जयराम पौडेलले पदमकुमारी श्रेष्ठसहित दुईजनालाई वैदेशिक रोजगारीका लागि युरोप पठाइदिन्छु त्यसका लागि २० लाख रुपैयाँ लाग्ने भन्दै १९ लाख ६० हजार रुपैयाँ लिई सम्पर्कविहीन भएका थिए । पौडेलले युरोप पुगेपछि प्रतिष्ठित कम्पनीमा काम लगाइदिने र मासिक तीन लाख रुपैयाँ तलब हुने भन्दै विश्वास दिलाई ठगी गरेको आरोप छ । उजुरीका आधारमा कार्यालयबाट खटिएको प्रहरी टोलीले पौडेललाई काठमाडौं महानगरपालिका-३२, कोटेश्वरबाट पक्राउ गरेको हो ।

Karnali Provincial Government
Ministry of Physical Infrastructure & Urban Development
Infrastructure Development Directorate
Birendranagar, Surkhet

LETTER OF INTENT (LOI)

Date of Publication: 2080/09/17 (2nd Janaury, 2024)

This is notify to all concerned bidders as per Section 27 (2) of Public Procurement Act, 2063 that we are going to award following contracts as per IFB No: IFB-07-080/081, published on Naya Patrika National Daily dated 2080/07/02 (19th October, 2023), to following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion for the proviso of Section 47 of Public Procurement Act, 2063. If no bidder makes an application pursuant to Section 47 within the period of seven days of the notice referred to in Section 27 (2), the bid of the bidder selected pursuant to Section 27 (1) shall be accepted.

S. N.	Contract ID Number	Contract Title	Name & Address of Bidders	Bid Price (with VAT & PS) NRs.
1	IDD/SKT/W/NCB/07/080-081(RE)	Construction of Chaudhary tole Dulaltole Ring Road Jodne Sadak Bi. Na. paa 10, Surkhet	Lamichane Nirman Sewa, Birendranagar-9, Surkhet	1928410.20
2	IDD/SKT/W/NCB/17/080-081	Pipara Dekhi Ettabhatta Aachami Dada Samma Estar Unnati, Birendranagar -11, Surkhet	Royal Consult and Builders, Birendranagar-7, Surkhet	2186271.74

Acting Director

Putalibazar Municipality
Office of Municipal Executive
Gandaki Province, Syangja, Nepal

Amendment Notice
for
Request for Bids for the Procurement of Works dated on 28th December 2023 for Upgrading of Pragatinagar-Bahakot-Namche-Kalku Road, Putalibazar Syangja

Amendment Notice Publication Date: January 2, 2024

This is to notify that we have issued herewith the Amendment on The Request for Bids for the Procurement of Works issued in PPMO dated on 28th December 2023 for Upgrading of Pragatinagar-Bahakot-Namche-Kalku Road, Putalibazar, Syangja under Nepal Urban Governance and Infrastructure Project (NUGIP), RFB No: NP-DUDBC-396312-CW-RFB, Loan No. /Credit No.: IDA-6778-NP.

RFB AMENDMENT MATRIX

S. N.	Reference	Initial Version (RFB issued on 28 December 2023)	Amended RFB Content
1	Notice of Request for Bids Works, SN-2, third paragraph.	Minimum average annual construction turnover of NRs. 459,000,000.00, calculated as average of total certified payments received for contracts in progress and/or completed in last 5 years. A minimum number of 2 road construction / reconstruction / upgradation / rehabilitation / improvement with asphalt concrete pavement works contracts each of minimum value NRs. 306,000,000.00 that have been satisfactorily and substantially completed as a prime contractor, joint venture member, management contractor or Subcontractor between 1st December 2018 and bid submission deadline.	Minimum average annual construction turnover of NRs. 459,000,000.00, calculated as average of total certified payments received for contracts in progress and/or completed in last 5 years. A minimum number of one road construction with asphalt concrete pavement works contracts of minimum value NRs. 306,000,000.00that have been satisfactorily and substantially completed as a prime contractor, joint venture member, management contractor or Subcontractor within 10 year from the bid submission deadline
2	Section III: Evaluation and Qualification Criteria 2.4.2 Specific Construction Experience (b) Construction Experience in key activities; SN (i)	SN (i) A minimum number of two (2) similar contracts specified below that have been satisfactorily and substantiallycompleted as a prime contractor, joint venture member, management contractor or Subcontractor between 1st December 2018 and bid submission deadline: N = Two (2) road construction / reconstruction / upgradation / rehabilitation / improvement with asphalt concrete pavement works contracts, each of minimum value NRs. 306,000,000.00	The evaluation criteria 2.4.2 Specific Construction Experience (b) Construction Experience in key activities; SN (i) All content has been deleted/ omitted And SN (ii) (iii) and (iv)with all content changed into SN (i), (ii) and (iii) respectively.

Chief Administrative Officer

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाण्डौं

Laboratory Equipment's HPLC खरिद सम्बन्धि विद्युतिय बोलपत्र आव्हान गरिएको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/०५/१७ गते)

यस विभागको आ.व. ०८०।०८१ लागि आवश्यक **Laboratory Equipment's HPLC, विद्युतिय बोलपत्रको** माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र यस विभागको कार्यालय कोड नं. ३१२०३३५०३, राजश्व शिर्षक नं. १४२२९ मा बोलपत्र दस्तुर वापतको रकम रु. ५०००।- दाखिला गरेको सक्कलै भौचर तथा चालु आ.व.को लागि नविकरण सहितको फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता (PAN) प्रमाण पत्र, मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र र आ.ब. ०७९/०८० सम्मको कर चुक्ता प्रमाणपत्रका प्रतिलिपिका साथै रीतपूर्वकको **विद्युतिय बोलपत्रका** पेश गर्नु हुन सम्बन्धित सबै लाई आव्हान गरिन्छ । विस्तृत सूचना यस विभागको सूचना पाटी र विभागको वेभसाइट www.dftqc.gov.np मा राखिएको व्यहोरा जानकारी गरिन्छ ।

सि.नं.	बोलपत्र सूचना नं.	मलसामानको विवरण	बोलपत्र जमानत रकम
१.	DFTQC/NCB-05/2080/081	**Laboratory Equipment's HPLC**	रु. ८,००,०००।-

---

प्रभु बैंक लिमिटेड शाखा कार्यालय भैरहवा, रूपन्देहीका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०५/१७ गते मंगलबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.) का तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८०/०३/२१ गते विहिवारको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनीक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ती लिलाम बिक्री हुन नसकेकोले कर्जा असुलीका लागि मिति २०८०/०७/२२ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ती लिलाम बिक्री हुन नसकेकोले कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपशिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय भैरहवा रुपन्देहीमा** दाखिल गर्नु हुन इच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८औं दिन अर्थात मिति २०८०/०९/२४ गते मंगलबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय भैरहवा रुपन्देहीमा** दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा व्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्यौंट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सका र गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

क. ऋणी तथा जमानतकर्ताहरुको तिनपुस्ते विवरण :

१. ऋणी : दुर्गेश कुमार गुप्त (ना.प्र.नं. २/३१०९०,जारी मिति २०६२/१२/११ जारी गर्ने कार्यालय जि.प्र.का.रुपन्देही)। ठेगाना : रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं.१२ । बाबु : सुशील कुमार गुप्त । बाजे : काशी बनिया ।	**ऋणी : राम प्रसाद पन्थी** (ना.प्र.नः ६९४,जारी मिति २०५०/०४/२५ जारी गर्ने कार्याल य जि.प्र.का.रुपन्देही)। ठेगाना : रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं.०८ । बाबु : लिला राम पन्थी । बाजे : इन्द्रमणी पन्थी ।
जमानतकर्ता : राधा पौडेल (पन्थी) (ना.प्र.नं. २९१२१ जारी मिति २०६१/१२/०४ जारी गर्ने कार्यालय जि.प्र.का.रुपन्देही)। ठेगाना : रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं.०८ । बाबु : जगत प्रसाद पौडेल । पति/ससुरा : राम प्रसाद पन्थी/ लिला राम पन्थी	**जमानतकर्ता : रिता कुमारी अग्रहरी** (ना.प्र.नं. १८७४८ जारी मिति २०५८/०२/१७ जारी गर्ने कार्यालय जि.प्र.का.रुपन्देही)। ठेगाना : रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं.०६ । बाबु: ओंकारनाथ अग्रहरी । पति/ससुरा : दुर्गेश कुमार गुप्त/सुशील कुमार गुप्त ।
लिलाम बिक्री हुने धितोमा रहेको सम्पत्तिको विवरण : **रिता कुमारी अग्रहरी र राधा पौडेल (पन्थी)** को संयुक्त नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता श्रेष्ता कायाम रहेको रुपन्देही जिल्ला बसन्तपुर गा.वि.स.वडा नं. २ नक्सा सिट नं २क स्थित कि.नं. ७२९ क्षेत्रफल ०-७-७.५०-० (२,४९७.४७ व.मी.) को घरजग्गा र सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १	
२. ऋणी : विशाल पाण्डेय (ना.प्र.नः ३७-०१-६९-०६१९८, जारी मिति २०६९/१२/१३ जारी गर्ने कार्यालय जि.प्र.का.रुपन्देही)। ठेगाना : रुपन्देही जिल्ला बसन्तपुर गा.वि.स. वडा नं. ०२, (हाल ओमसतिया गा.पा. वडा नं.०४)। बाबु : रमाकान्त पाण्डेय । बाजे : जोखु प्रसाद पाण्डेय ।	**जमानतकर्ता : बिन्दु पाण्डेय** (ना.प्र.नः ३३०८ जारी मिति २०६०/०३/२० जारी गर्ने कार्यालय जि.प्र.का.रुपन्देही ॥ ठेगाना : रुपन्देही जिल्ला बसन्तपुर गा.वि.स. वडा नं. ०२, (हाल ओमसतिया गा.पा. वडा नं.०४)। ससुराः जोखु प्रसाद पाण्डेय । पति : रमाकान्त पाण्डेय ।
जमानतकर्ता : रमाकान्त पाण्डेय (ना.प्र.नः १/१०९१ जारी मिति २०४४/१२/२१ जारी गर्ने कार्यालय जि.प्र.का.रुपन्देही)। ठेगाना : रुपन्देही जिल्ला ओमसतिया गा.पा. वडा नं.०४ । बाबु : जोखु प्रसाद पाण्डेय । बाज : लखपते पाण्डेय ।	**लिलाम बिक्री हुने धितोमा रहेको सम्पत्तिको विवरण :** **रमाकान्त पाण्डेय**को नाममा मालपोत कार्यालय भैरहवा रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला बसन्तपुर गा.वि.स. वडा न.२ नक्सा सिट नं २क स्थित कि.नं. ७४८ क्षेत्रफल ०-३-६.५०-० (विघा) को घरजग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.....१

पुनश्चः

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोल पत्रफारम बैंकको प्रधान **कार्यालय बबरमहल, काठमाण्डौ र शाखा कार्यालय** भैरहवा रुपन्देहीबाट प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिमलाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ र शाखा कार्यालय भैरहवा रुपन्देहीमा** सम्पर्क राख्न सकिनेछ ।

प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-४७८८५००, फ्याक्स नं. ०१-४७८०५८८

■ एउटै मञ्चबाट प्रमुख दलका शीर्ष नेताको सन्देश

‘राजतन्त्र फर्किन दिँदैनौं, गणतन्त्रको रक्षार्थ एकजुट छौं’

शुरोजंग पाण्डे/नयाँ पत्रिका

प्रमुख दलका शीर्ष नेताहरूले राजतन्त्र फर्काएर तानाशाही व्यवस्था लाद्ने कुनै सम्भावना नभएको भन्दै लोकतान्त्रिक गणतन्त्रको रक्षार्थ एकजुट रहेको सन्देश दिएका छन् । काग्रेसले राष्ट्रिय मेलमिलाप दिवसको सान्दर्भिकताका विषयमा सोमबार आयोजना गरेको कार्यक्रममा प्रमुख दलसहितका शीर्ष नेताहरूले सामूहिक रूपमै त्यस्तो सन्देश दिएका हुन् । उनीहरूले लोकतान्त्रिक गणतन्त्रको विकल्प उन्नत लोकतन्त्र मात्र भएकाले राष्ट्रियता, लोकतान्त्रिक गणतन्त्र, शान्ति, विकास र सुशासनका लागि वास्तविक एकतासहित अगाडि बढ्नुपर्ने आवश्यकतासमेत औंल्याए ।



■ ‘बालकुमारी घटना लोकतान्त्रिक गणतन्त्रविरुद्ध डिजाइन हुन सक्छ’

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले शुक्रबार ललितपुरको बालकुमारीमा मन्त्रीको गाडी जल्ने र दुईजना युवाको ज्यान जाने गरी भएको घटना लोकतान्त्रिक गणतन्त्रविरुद्धकै षड्यन्त्र हुन सक्ने बताए । ‘अस्ति (बालकुमारी)को घटना हामी कसैले पूर्वअनुमान गर्ने खालको थिएन । म अहिले सबै भन्न चाहन्नँ । चिज केही गम्भीर लागेको छ, सामान्य छैन त्यो । दुईजना युवाहरूको जस्तो परिवेशमा, जसरी हत्या भएको छ, इतिहासमा जेजस्ता गतिविधि भएका छन् । गाडी जलाउनेजस्तो गतिविधि भएको छ, चिज त्यस्तो छैन, जस्तो देखिएको छ । त्यसभित्र अर्कै केही छ भन्ने मैले अनुभूति गरेको छु,’ प्रचण्डले भने, ‘कहीं कतै लोकतान्त्रिक गणतन्त्रविरुद्धको डिजाइन त छैन भन्ने देखिन्छ ।’

घटना गम्भीर प्रकृतिको आशंका गरिएकैले तत्काल उच्चस्तरीय आयोग बनाएर छानबिन अगाडि बढाइएको र घटनासँग जोडिएकाहरूलाई निलम्बन गरिएको पनि उनले प्रस्ट्याए । सरकारले एक वर्षको अवधिमा कतिपय राम्रा काम गरे पनि सहयात्री ठूलो दल काग्रेसले स्वामित्व लिन नचाहेको आशंका गर्दै प्रधानमन्त्री प्रचण्डले असन्तुष्टि पनि जनाए । ‘राम्रो काम गरेकोमा स्वामित्व लिन डराउनुभएन । प्रचण्ड सानो पार्टीको नेता के-के कता-कताबाट प्रधानमन्त्री भयो भनेर काग्रेसले सरकारले गरेका राम्रा काम खुलेर समर्थन नगर्ने, स्वामित्व लिन डराउने गर्नुभएन, हिचकिचाउनुभएन,’ उनले भने, ‘मेरो यो अपिल छ । हाम्रो एउटा सहमति र समझदारीले अझ भनौं मेरो ठाउँबाट जोखिम उठाएर अहिलेको वातावरण बनेको हो । यो महत्त्वलाई, गहिराइलाई बुझिदिन अपिल गर्दछु ।’ उनले सहमति र सहकार्यको संस्कृतिलाई उन्नत बनाउनकै लागि संसदीय अभ्यासको इतिहासमा प्रमुख प्रतिपक्षीलाई संसद्को लेखा समितिको नेतृत्व मात्रै दिने परम्परा तोडेर तीनवटा समितिको नेतृत्व दिइएको पनि प्रचण्डले बताए ।

■ ‘गणतन्त्रको रक्षा गर्न हामी एकजुट भएर जान्छौं’

काग्रेस सभापति शेरबहादुर देउवाले अहिले विभिन्न बहानामा लोकतान्त्रिक गणतन्त्रलाई कमजोर बनाउने प्रयास भए पनि त्यसको रक्षार्थ सबै पार्टी एकजुट भएर अगाडि बढ्ने प्रस्ट्याए । ‘अहिले अनेकौं बहाना खोजेर लोकतान्त्रिक गणतन्त्रको खिलापमा वातावरण बनाउने प्रयास भएको छ । लोकतन्त्रको प्रतिस्पर्धा अझ राम्रो लोकतन्त्र हो, लोकतन्त्रको विकल्प भनेकै उन्नत लोकतन्त्र हो । लोकतान्त्रिक गणतन्त्रको विकल्प छैन । त्यसैले लोकतान्त्रिक गणतन्त्रको रक्षार्थ हामी एक हुनुपर्छ, सबै एक भएर जाऔं,’ देउवाले भने । नेपालमा प्रतिस्पर्धाका बाबजुद पार्टीहरूबीच हार्दिकता, मेलमिलाप र भाइचाराको सम्बन्ध रहेको भन्दै देउवाले त्यसबाट विदेशीहरूसमेत प्रभावित भएको बताए । उनले दलहरूबीचको एकता र मेलमिलापमा काग्रेसका तत्कालीन सभापति बिपी कोइरालाको राष्ट्रिय मेलमिलापको नीतिको प्रभाव रहेको जिकिरसमेत गरे ।

■ ‘गणतन्त्रको पक्षमा एक छौं, राजतन्त्र फर्किन दिँदैनौं’

एमाले अध्यक्ष केपी ओलीले प्रमुख तीन दल लोकतान्त्रिक गणतन्त्रको रक्षार्थ एकै ठाउँ उभिएका कारण कतिपयलाई त्यही कुरा टाउको दुखाइको विषय बनेको बताए । ‘सामाजिक सञ्जाल र पत्र-पत्रिकाको तीन नेता भेटेको खबरले पनि कतिपयलाई टाउको दुख्छ । राजतन्त्र ल्याउन नदिने पो हुन् कि क्या हो ? हाम्रो कपाल त्यत्तिकै फुलेको छैन । हामी राजतन्त्र फर्किन दिँदैनौं, खुलस्त छ त्यो कुरा । कुनै पनि तानाशाही व्यवस्था फर्किन दिँदैनौं,’ उनले भने, ‘लोतान्त्रिक गणतन्त्र, शान्ति, सुशासन, विकासको प्रश्नमा एक छौं, एक ठाउँमै हुनुपर्छ ।’

राष्ट्रियता, विकास र शान्तिको मुद्दामा दलहरू एक ठाउँमा उभिनुपर्नेमा जोड दिँदै ओलीले साँचो अर्थमा मेलमिलाप सुरु हुनुपर्ने बताए । ‘प्रतिस्पर्धा भए पनि आधारभूत कुरामा मेलमिलाप गरौं । लोकतान्त्रिक गणतन्त्र, शान्ति सुव्यवस्थामा आधारभूत, विधिअनुसार सरकार चल्नेमा मेलमिलाप गरौं,’ उनले भने । बालकुमारी घटना भौतिक पूर्वाधारमन्त्री प्रकाश ज्वालाकै कारण भएको ओलीले गम्भीर बन्न सरकारको ध्यानाकर्षण गराए । ‘हेर्दाहेर्दै समय नघर्कियोस्, मान्छे विदेश गइरहेका छन्, विदेश जान मारिरहेका छन् । मारिए किन ? किन मारिनुपऱ्यो ? मन्त्री हुलमा गाडी लिएर किन जानुपऱ्यो ? नगइनहुने के पऱ्यो ? थुप्रै प्रश्नको जवाफ के हो ? हुलमा गएर उत्तेजित गराएर, निहुँ खोजेर, गोली चलाएर मान्छे मारेर गोली मात्रै चलाएको होइन, बन्दुकको कुन्दाले यसरी हानेको छ कि, घुत्रुकै ठाउँकोठाउँ मरेको छ । सहज कुरा हो यो ?’ उनले प्रश्न गरे ।

ओलीले काग्रेस अहिलेको सरकारप्रति सन्तुष्टि रहेको भन्दै व्यंग्यसमेत गरे । ‘अहिलेको परिस्थिति, अहिलेको राज्यसञ्चालनमा आफ्नो भूमिकासँग सन्तुष्ट रहेको काग्रेसको तलाउमा मैले एउटा ढुंगा फुत्त फालेर कुनै तरंग ल्याउने मेरो इच्छा छैन । त्यसकारण, म त्यतापट्टि बिल्कुलै जान चाहन्नँ । कुनै अमनचयनमा खलल पनि पार्न चाहन्नँ । त्यस सीमाभित्र मात्र म बोल्छु,’ उनले भने ।

● **प्रचण्ड**, प्रधानमन्त्री



अस्ति (बालकुमारी) को घटना हामी कसैले पूर्वअनुमान गर्ने खालको थिएन । म अहिले सबै भन्न चाहन्नँ । चिज केही गम्भीर लागेको छ, सामान्य छैन त्यो । दुईजना युवाहरूको जस्तो परिवेशमा, जसरी हत्या भएको छ, इतिहासमा जेजस्ता गतिविधि भएका छन् । गाडी जलाउनेजस्तो गतिविधि भएको छ, चिज त्यस्तो छैन, जस्तो देखिएको छ । त्यसभित्र अर्कै केही छ भन्ने मैले अनुभूति गरेको छु ।

● **शेरबहादुर देउवा**
सभापति, काग्रेस



अहिले अनेकौं बहाना खोजेर लोकतान्त्रिक गणतन्त्रको खिलापमा वातावरण बनाउने प्रयास भएको छ । लोकतन्त्रको प्रतिस्पर्धा अझ राम्रो लोकतन्त्र हो, लोकतन्त्रको विकल्प भनेकै उन्नत लोकतन्त्र हो । लोकतान्त्रिक गणतन्त्रको विकल्प छैन । त्यसैले लोकतान्त्रिक गणतन्त्रको रक्षार्थ हामी एक हुनुपर्छ, सबै एक भएर जाऔं ।

● **केपी ओली**, अध्यक्ष, एमाले



सामाजिक सञ्जाल र पत्र-पत्रिकाको तीन नेता भेटेको खबरले पनि कतिपयलाई टाउको दुख्छ । राजतन्त्र ल्याउन नदिने पो हुन् कि क्या हो ? हाम्रो कपाल त्यत्तिकै फुलेको छैन । हामी राजतन्त्र फर्किन दिँदैनौं, खुलस्त छ त्यो कुरा । कुनै पनि तानाशाही व्यवस्था फर्किन दिँदैनौं । लोकतान्त्रिक गणतन्त्र, शान्ति, सुशासन, विकासको प्रश्नमा एक छौं, एक ठाउँमै हुनुपर्छ ।

■ नेपाल, भट्टराई र केसीको जोड पनि सहमतिमै

एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, पूर्वप्रधानमन्त्री तथा नेपाल समाजावादी पार्टीका अध्यक्ष डा. बाबुराम भट्टराई र राजमोका अध्यक्ष चित्रबहादुर केसीले पनि दलहरू मिलेर अगाडि बढ्नुपर्नेमा जोड दिए । नेपालले गणतन्त्रको रक्षार्थ सबै एकजुट बन्नुपर्नेमा जोड दिए भने भट्टराईले सबै दल सम्मिलित सर्वदलीय सरकार बनाएर स्थिरता दिनुपर्ने प्रस्ताव गरे । केसीले गणतन्त्र ल्याएका दलकै कारण जनतामा वितृष्णा देखिएकाले त्यसको अन्त्यका लागि सबै मिलेर बढ्नुपर्ने बताए ।

वीरका बिरामीको खानाको बजेट कटौतीविरुद्ध सर्वोच्चमा रिट

शिवहरि घिमिरे/नयाँ पत्रिका

स्वास्थ्य मन्त्रालयले वीर अस्पताललाई प्रदान गर्दै आइरहेको बिरामीको खाना र अक्सिजनको बजेट कटौतीविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भएको छ । अधिवक्ता विमल पोखरेलले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, अर्थ मन्त्रालय, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान र वीर अस्पतालविरुद्ध सोमबार सर्वोच्चमा रिट दायर गरेका हुन् ।

‘खाना, औषधि, अक्सिजन र अस्पतालमा भर्ना भएका बिरामीका लागि आधारभूत सुविधा हुन् । अस्पतालमा भर्ना भएको बिरामी भनेको दुनियाँकै कमजोर प्राणीको रूपमा रहेको हुन्छ । व्यक्ति बिरामी हुँदाको उद्देश्य स्वास्थ्यलाभबाहेक अरू हुँदैन । बिरामी भएको समयमा परिवार, अस्पताल र सरकारले सहयोगी र सहाराको भूमिका खेल्नुपर्दछ,’ निवेदनमा भनिएको छ, ‘बिरामी व्यक्तिलाई उपचार गर्न अस्पताल ल्याइएपछि उपचारको प्रशासनिक व्यवस्थापन गर्ने सम्पूर्ण जिम्मेवारी अस्पताल र सरकारको हो । बिरामीले अस्पतालबाट प्राप्त गर्नुपर्ने सबै उपचार र सेवा-सुविधा प्राप्त गर्ने अधिकार रहन्छ । सरकारले कुनै पनि अस्पतालमा खाना, औषधि, अक्सिजन, पानीजस्ता आधारभूत सुविधा कटौती गर्नु अमानवीय र आपराधिक कार्य हो ।’



९ पुसको नयाँ पत्रिका दैनिकमा ‘स्वास्थ्य मन्त्रालयले खोस्यो वीरका बिरामीले १३३ वर्षदेखि पाइरहेको खाना-खाजा’ शीर्षकको समाचार प्रकाशन भएको थियो । आर्थिक वर्ष ०८०/८१ मा सरकारले वीर अस्पतालमा भर्ना भएका बिरामीले पाउँदै आएको खाजा खाना सुविधा मात्रै होइन, अत्यावश्यक अक्सिजनसमेत खोस्ने गरी बजेट कटौती गरेको छ । आव ०८०/८१ मा सम्पूर्ण बजेट घटाएर ७३ करोड एक लाख रुपैयाँ मात्रै विनियोजन गरिएको छ । यो आवमा रासन तथा अक्सिजन ग्यासका लागि कुनै पनि रकम विनियोजन गरिएको छैन । चार सय ६० बेड सञ्चालन गर्दा एक अर्ब ९७ करोडभन्दा बढी रकम विनियोजन गरिएको अवस्थामा बेड संख्या बढाएर नौ सय ६० पुऱ्याइएको छ । तर, बजेट घटाएर ७३ करोडमा सीमित गरिएको छ । स्वास्थ्य मन्त्रालयले बजेट कटौती गरेपछि वीर अस्पताललाई आर्थिक रूपमा कमजोर बनाइएको प्रशासनले बताउँदै आएको छ । बजेट कटौतीपछि वीरका बिरामीलाई खाना खुवाउन हम्मेहम्मे हुने गरेको अस्पताल प्रशासनले जनाएको छ । ह

■ सुशासन समितिमा स्वास्थ्यमन्त्रीको कार्यशैलीको आलोचना

संसद्को राज्यव्यवस्था तथा सुशासन समितिको सोमबारको बैठकमा स्वास्थ्य मन्त्रालयप्रति सांसदहरू खनिएका छन् । सांसदहरूले स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतमाथि वीरका पुराना कर्मचारी निकालेर आफ्नालाई भर्ती गरेको, उपचारको व्यवस्थापन सहज नपारेको, अनियमितता बढेकोलगायत आरोप लगाएका छन् । समितिमा एमाले सांसद रघुजी पन्तले स्वास्थ्यमन्त्रीले नैतिकताका आधारमा राजीनामा दिनुपर्ने माग राखे । उनले त्रिशूली अस्पतालमा एक्सरे मेसिन खरिद गर्दा नौ करोड भ्रष्टाचार देखिएको र फाइल अख्तियारमा पुगेको बताउँदै मन्त्री बस्नेतले राजीनामा दिनुपर्ने बताए । ‘अख्तियारमा फाइल पुगेपछि मन्त्री पदमा बस्न मिल्छ ?,’ उनले भने, ‘वीरको भऱ्याङमा ओर्लिने र उक्लिनेको भिड हुन्छ, तर यो ठाउँबाट २११ जना कर्मचारी एकैपटक निकालियो, कार्यकारी निर्देशक हटाइयो र आफ्ना मान्छे राखियो ।’

नेपाली किशोरी लगेर दिल्लीमा यौन व्यवसाय गर्ने दम्पती पक्राउ

काठमाडौं/ नेपाली युवतीहरूलाई रोजगारीको प्रलोभनमा भारतको राजधानी नयाँदिल्ली लगी वेश्यावृत्तिमा लगाएको आरोपमा दम्पती पक्राउ परेका छन् । स्याङ्जा गल्याङ नगरपालिका- ७ ठेगाना भएका ३५ वर्षीय टीकाराम भण्डारी र उनकी श्रीमती ३१ वर्षीया अस्मिता भण्डारी, रिया वली भन्ने टीकाकुमारी वलीलाई प्रहरीले पक्राउ गरेको हो ।

उनीहरूलाई भारतीय प्रहरीसँगको समन्वयमा पक्राउ गरी प्रहरीले नेपाल ल्याएको हो । नयाँदिल्लीमा होटेल, रेस्टुरेन्ट, फेन्सी पसलमा आकर्षक काम लगाइदिने र राम्रो कमाइ हुने प्रलोभन देखाई उनीहरूले युवतीलाई दिल्ली लैजाने गरेका थिए । त्यहाँ अपार्टमेन्टमा राखी देहव्यापाराका लागि ग्राहकहरू पठाउने गरेको प्रहरीले जनाएको छ । भण्डारीदम्पतीले अनलाइनमार्फत ग्राहक खोज्ने र यौन व्यवसाय चलाउँदै आएको मानव बेचबिखन अनुसन्धान ब्युरोले जनाएको छ ।

गत चैतदेखि प्रहरीले ब्युरोले दम्पतीलाई खोज्दै आएको थियो । त्यतिबेला उनीहरूलाई सघाउने तीनजना पक्राउ परेका थिए । उनीहरू भने फरार रहेकै अवस्थामा पनि यस्तो धन्दामा संलग्न रहेको प्रहरी भनाइ छ । गत वर्ष ७ चैतमा प्रहरीले किन इन्डियालगायत संस्थासँग मिलेर सातजनाको तथा गत १० पुसमा थप पाँचजनाको उद्धार गरेको थियो ।

नौबस्तास्थित बालसुधारगृहमा झडप, चारजना घाइते

बाँके/ बैजनाथ गाउँपालिका- ३, नौबस्तास्थित क्षेत्रीय कारागारमा रहेको बालसुधार गृह सोमबार दिनभर तनावग्रस्त बनेको छ । आइतबार बेलुकाबाट सुरु भएको झडप सोमबार दिनभर जारी रहेको हो । बालसुधारमा रहेका युवाबीच विवाद हुँदा भएको झडपमा चारजना बालबन्दी घाइते भएको बाँके प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक नारायण डाँगीले जानकारी दिए । बालसुधार गृहमा रहेका १८ वर्षमाथिका बाल बिज्याइँमा सजाय भोगिरहेका दुई पक्षबीच झडप भएको उनले बताए । ‘दुईवटा ब्लकमा रहेका बालबन्दीबीच झडप भएको छ,’ उनले भने ।

एउटा ब्लकमा २३ जना र अर्को ब्लकमा ९३ जना गरी एक सय १६ जना बालबन्दी बालसुधार गृहमा राखिएका छन् । एउटा पक्षले ढुंगा प्रहार गरेपछि प्रतिवादमा अर्को पक्षले पनि ढुंगा प्रहार गरेको डाँगीले बताए । ‘दुई पक्षबीच ढुंगा हानाहान भएपछि झडपको अवस्था सिर्जना भयो । बालबन्दीले एक-आपसमा ढुंगा हानाहान गर्नुका साथै सुरक्षाकर्मी माथि पनि ढुंगा प्रहार गरे,’ उनले भने ।

सुधारगृहमा झडप भएपछि सुरक्षाका लागि नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन गरिएको बाँके प्रहरीले जनाएको छ । यसअघि नेपालगन्जस्थित जयन्दु बालसुधार गृहमा रहेका बालबन्दीबीच झडप भई एकजनाको मृत्यु भएपछि सरकारले त्यहाँ रहेका केही बालबन्दीलाई नौबस्तास्थित क्षेत्रीय कारागारमा स्थानान्तरण गरेको थियो । ‘जयन्दु बालसुधार गृहमा रहँदा विवाद र झडपको अवस्था सिर्जना गर्ने १८ वर्षमाथिका एक सय १६ जना बालबन्दीलाई नौबस्तास्थित क्षेत्रीय कारागारमा स्थानान्तरण गरिएको हो,’ डाँगीले भने, ‘जयन्दुमा विवाद र झडप गराउने समूहले नै अहिले पनि झडपको स्थिति सिर्जना गराएको हो । यसअघि भक्तपुरस्थित बालसुधार गृहमा पनि यही टोलीले हुलदंगा गरेको थियो ।’

तीनै तहका लेखा अधिकृतलाई महालेखापरीक्षकका १५ बुँदे निर्देशन

सुवास भट्ट/नयाँ पत्रिका

वित्तीय अनुशासन कायम गर्न महालेखापरीक्षक कार्यालयले तीनै तहका लेखा उत्तरदायी अधिकृतहरूलाई निर्देशन जारी गरेको छ । गत बिहीबार संयुक्त परिपत्र जारी गर्दै महालेखाले संवैधानिक निकाय, संघीय मन्त्रालय, आयोग, सचिवालय, प्रदेशका मन्त्रालय, आयोग, सचिवालयका लेखा उत्तरदायी अधिकृत र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतलाई १५ बुँदे निर्देशन दिएको हो ।

महालेखाले अहिले गत आर्थिक वर्ष ०७९/८० को लेखापरीक्षण गरिरहेको छ । आगामी माघ मसान्तमा लेखापरीक्षण सम्पन्न गरी चैत मसान्तसम्ममा महालेखापरीक्षकको ६१औं वार्षिक प्रतिवेदन तयार गर्ने कार्यतालिका छ । सार्वजनिक खर्चको सुनिश्चितता कायम गरी लेखापरीक्षणबाट देखिएका कैफियत ऐन नियममा उल्लिखित समयावधिभित्र असुलउपर, प्रमाण पेस वा पेस्की फर्स्योट गरी वार्षिक प्रतिवेदन पेस गर्नुअगावै बेरुजु शून्य बनाउने काम, कर्तव्य र अधिकार लेखा उत्तरदायी अधिकृत र जिम्मेवार पदाधिकारीको नै भएको भन्दै महालेखाले उनीहरूका लागि निर्देशन जारी गरेको हो ।



लेखापरीक्षणबाट देखिएका कैफियत आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली, प्रदेश तथा स्थानीय तहहरूले समेत तर्जुमा गरेको कानुनले तोकिएको म्याद तथा प्रक्रिया पूरा गरी फर्स्योट, सम्परीक्षण तथा राफसाफ गरी आर्थिक अनुशासन कायम गर्न-गराउन लेखापरीक्षण ऐन २०७५ को दफा २४ (१) बमोजिम महालेखाले निर्देशन जारी गरेको हो ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ३६ बमोजिम अन्तिम लेखापरीक्षणको सिलसिलामा सोधिएको प्रश्नको जवाफ वा माग गरिएको लेखा तथा विवरण लेखापरीक्षणको क्रममा उपलब्ध गर्ने-गराउने व्यवस्था मिलाउने र त्यसो गर्न नसकेमा त्यसको कारणले देखिएको बेरुजु कैफियतप्रति सम्बन्धित पदाधिकारी नै जिम्मेवार हुनुपर्ने निर्देशनमा उल्लेख छ । त्यस्तै, प्रारम्भिक प्रतिवेदनमा औंल्याइएका बेरुजु सम्बन्धमा सूचना प्राप्त भएको ३५ दिन वा म्याद थप माग गरेको म्यादभित्र फर्स्योट वा सम्परीक्षण गराई बेरुजु शून्य बनाउने व्यवस्था मिलाउन, लगत अद्यावधिक गरी बेरुजु फर्स्योट तथा फरफारक गराउन, लेखापरीक्षणमा औंल्याएका बेरुजु फर्स्योट हुन नसकेमा लेखा उत्तरदायी अधिकृतले जाँचबुझ गराई तथा नियमित अनुगमन गरी असुल वा नियमित वा प्रमाण पेस गरी बेरुजु फर्स्योट तथा सम्परीक्षण गराउन पनि महालेखाले भनेको छ ।

सम्बन्धित पदाधिकारीसँग आवश्यक विवरण वा स्पष्टीकरण लिई बेरुजु असुल गराई समयमै फर्स्योट गर्ने-गराउने कार्य गरी बेरुजु फर्स्योट तथा फरफारक गर्न, लेखापरीक्षणबाट ठहर भएको रकम तीन वर्ष प्रयास गर्दा पनि नियमित, असुल, फर्स्योट तथा फरफारक हुन नसकेमा सरकारी बाँकीको रूपमा लगत कायम गरी असुलउपरका लागि कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयमा लेखी पठाउने व्यवस्था गर्न, कार्यालयको सरकारी नगदी तथा जिन्सी भण्डारको फर्स्योट वा दुरुपयोग भएको देखिएमा त्यसो गर्नेउपर आवश्यक कारबाही गरी सरकारी नगदी तथा जिन्सी भण्डार दुरुस्त राख्ने व्यवस्था मिलाउन पनि महालेखाले निर्देश गरेको छ ।

सरकारी रकम खर्च गर्ने कार्यविधिको अवलम्बन गरी सरकारी रकम खर्च गर्ने-गराउने व्यवस्था गर्न र अधिकारप्राप्त अधिकारीले खर्च गर्दा सुनिश्चित हुनुपर्ने विषयलाई ध्यान दिइ खर्च गर्न, तोकिएको म्यादभित्र पेस्की फर्स्योटका लागि आवश्यक कागजात पेस नगरेमा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले ब्याज लगाई विभागीय कारबाहीसमेत गरी समयमै पेस्की फर्स्योट गर्ने गराउने व्यवस्था मिलाउन, लेखाको सिद्धान्त, आधार र ढाँचाबमोजिम लेखा राख्ने, राजस्व दाखिलालगायतका कार्य गर्न, धरौटीसम्बन्धी श्रेस्ता खाता अद्यावधिक गरी लेखा राख्ने, घरौटी जफत गर्ने, फिर्ता गर्ने, राजस्वमा दाखिला गर्ने हिसाब मिलान गर्नेलगायतका कार्य गर्न पनि महालेखाले निर्देशन दिएको छ ।

त्यस्तै, वार्षिक बजेट, स्रोतान्तर, रकमान्तर निकासा, खर्च, वस्तुगत सहायता, सोझै भुक्तानी, टर्न कि प्राविधिक तथा अन्य सहायता तथा शोधभर्ना हुने रकमको दातृपक्ष, स्रोतको प्रकार, भुक्तानी विधिसमेत खुल्ने गरी केन्द्रीय लेखा तथा वित्तीय विवरण तयार गर्ने व्यवस्था मिलाउन, आर्थिक वर्षभित्र भएको नगदी, जिन्सी तथा अन्य कार्यालयको आर्थिक कारोबार वार्षिक प्रतिवेदन अनुसूची ११ बमोजिमको ढाँचामा तयार गर्न र कार्यालयले खरिद, निर्माण वा अन्य कुनै माध्यमबाट प्राप्त गरेको चल-अचल मालसामान तथा सम्पत्तिको लेखा राख्न पनि महालेखाले निर्देशन दिएको छ । ‘प्रचलित कानुनको पालना गरी खर्च गर्न-गराउन, व्यवस्थित लेखा र अभिलेख राख्न, खर्चको सार्थक मूल्य प्राप्तिको सुनिश्चितता हुने आधार तय गर्नेलगायतका कार्य गरी वित्तीय अनुशासन कायम गर्ने-गराउने कार्यमा आवश्यक सहयोग हुन अनुरोध छ,’ महालेखाको निर्देशनमा भनिएको छ ।

बागमतीका १० अस्पताल स्तरोन्नति गरिने

मकवानपुरमा पोष्टराज अधिकारी

बागमती प्रदेश सरकारले प्रदेशका विभिन्न जिल्लामा रहेका प्रदेश सरकारमातहतका १० वटा अस्पतालको स्तरोन्नति गर्ने भएको छ । प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलका अनुसार धादिङको धादिङ अस्पताल, नुवाकोटको त्रिशूली अस्पताल, मकवानपुरको हेटौंडा अस्पताल, चितवनको बकुलर अस्पताल, सिन्धुलीको सिन्धुली अस्पताल र भक्तपुरको भक्तपुर अस्पताल रहेका छन् ।

यस्तैगरी, सिन्धुपाल्चोकको चौतारा अस्पताल, रामेछापको रामेछाप अस्पताल, दोलखाको पशुपति चौलागाईं स्मृति अस्पताल, काठमाडौंको टोखा चण्डेश्वरी अस्पताल, ललितपुरको बज्रबाराही चापागाउँ अस्पताल, रसुवाको रसुवा अस्पताल र काभ्रेको मेथिनकोट अस्पताललाई स्तरोन्नति गरिने भएको हो । मन्त्रिपरिषद् बैठकले प्रदेशको राजधानी हेटौंडामा रहेको हेटौंडा अस्पताललाई तीन सय शय्या क्षमतामा विकास गर्ने निर्णय गरेको छ । यस्तै, भक्तपुरको भक्तपुर अस्पतालको क्षमता पनि तीन सय शय्याको बनाउने निर्णय मन्त्रिपरिषद्ले गरेको छ । यसअघि हेटौंडा र भक्तपुर दुवै अस्पताल सय-सय शय्याको क्षमतामा सञ्चालित थिए ।



● **उत्तम जोशी**, स्वास्थ्यमन्त्री, बागमती प्रदेश

सेवा प्रवाहको स्थिति अनुमान गरी स्वास्थ्य उपकरण, भौतिक संरचनालगायत काममा प्रदेश सरकारले थप लगानी दिएर अस्पताललाई व्यवस्थित बनाउने कोशिस गरेका छौं । प्रदेशस्तरका अस्पताललाई सुविधासम्पन्न बनाउन सके ग्रामीण भेगका नागरिकको स्वास्थ्यमा पहुँच वृद्धि गर्न सकिने विश्वास छ ।

बैठकले धादिङ अस्पताल, त्रिशूली अस्पताल, सिन्धुली अस्पताल, बकुलहर अस्पताललाई सय शय्या र सिन्धुपाल्चोक, रामेछाप, पशुपति चौलागाईं स्मृति अस्पताल र मेथिनकोट अस्पताललाई ५० शय्या र टोखा चण्डेश्वरी अस्पताल, बज्रबाराही चापागाउँ अस्पताल, रसुवा अस्पताललाई २५-२५ शय्यामा स्तरोन्नति गर्ने निर्णय गरेको छ ।

प्रदेश स्वास्थ्य मन्त्रालयका अनुसार यसअघि धादिङ अस्पताल, सिन्धुली अस्पताल ५०-५० शय्या, त्रिशूली अस्पताल २५ शय्या र बकुलहर अस्पताल १५ शय्यामा सञ्चालित थिए । यसैगरी, चौतारा अस्पताल २५, रामेछाप २५, पशुपति चौलागाईं स्मृति अस्पताल पाँच र मेथिनकोट अस्पताल पाँच शय्याको अस्पतालका रूपमा सञ्चालनमा रहेका थिए । यस्तै, टोखा चण्डेश्वरी अस्पताल १५, बज्रबाराही चापागाउँ अस्पताल १५ र रसुवा अस्पताल ५ शय्यामा सञ्चालनमा थिए ।

प्रदेश सरकारले स्तरोन्नति थालेका अस्पतालको व्यवस्थापनका लागि चालू आर्थिक वर्षमा एक करोड ३१ लाख ९८ हजार रुपैयाँ बजेट व्यवस्था गरेको मन्त्रालयका सूचना अधिकारी रविन भुसालले जानकारी दिए । उनले प्रदेश सरकारबाट पशुपति चौलागाईं स्मृति अस्पतालका लागि पाँच लाख ६२ हजार, धादिङ अस्पतालका लागि १० लाख सात हजार, रामेछाप अस्पतालका लागि ६ लाख ४१ हजार, रत्ननगर बकुलहर अस्पतालका लागि ६ लाख ७१ हजार, हेटौंडा अस्पतालका लागि १५ लाख ८८ हजार रुपैयाँ बजेट व्यवस्था गरिएको छ ।

सिन्धुली अस्पतालका लागि १७ लाख ७५ हजार, भक्तपुर अस्पतालका लागि २१ लाख ५१ हजार, बज्रबाराही चापागाउँ अस्पतालका लागि ६ लाख ४६ हजार, टोखा चण्डेश्वरी अस्पतालको लागि पाँच लाख ४४ हजार, मेथिनकोटका लागि ६ लाख ५७ हजार, चौतारा अस्पतालका लागि ६ लाख ७२ हजार, रसुवा अस्पतालका लागि चार लाख ११ हजार र त्रिशूली अस्पताल १८ लाख ७३ हजार रुपैयाँ बजेट विनियोजन गरिएको छ

डडेल्धुरा मेडिकल कलेजमा २९ माघदेखि कक्षा सञ्चालन

डडेल्धुराबाट **नवराज पनेरू**

सुदूरपश्चिम विश्वविद्यालयमातहत रहेको डडेल्धुरा मेडिकल कलेजले माघदेखि कक्षा सञ्चालन गर्ने भएको छ । कलेजले बिएमएलटी (ब्याचलर्स इन मेडिकल ल्याब टेक्नोलोजी) सञ्चालनको अनुमति पाएसँगै कक्षा सञ्चालनको तयारी गरेको हो ।

सञ्चालन अनुमति पाएर छात्रवृत्तिका विद्यार्थी भर्नासमेत भइसकेपछि २९ माघदेखि कक्षा सञ्चालन गरिने भएको हो । सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति अम्मराज जोशीले विश्वविद्यालयले चिकित्सा शिक्षा आयोगबाट बिएमएलटी (ब्याचलर्स इन मेडिकल ल्याब टेक्नोलोजी) सञ्चालनको अनुमति पाएर छात्रवृत्तिका सातजना विद्यार्थी भर्ना भएसँगै २९ माघदेखि कक्षा सञ्चालन हुने जानकारी दिए । १० जनाको कोटा पाएकोमा बाँकी तीनजना भने शुल्क तिरेर पढ्न पाउने उनको भनाइ छ । ‘एमबिबिएसको पढाइ सुरु गर्न भने डडेल्धुरा अस्पताल कम्तीमा पनि तीन सय शय्यामा स्तरोन्नति हुन आवश्यक छ,’ उनले भने, ‘तत्काल तीन सय शय्यामा अस्पताल स्तरोन्नति भए हामी ०८३ देखि एमबिबिएसको पढाइ सुरु गर्न सक्छौं ।’

विशिष्ट सेवासहितको संघीय अस्पतालका रूपमा रहेको डडेल्धुरा अस्पताललाई नै सरकारले मेडिकल कलेज घोषणा गरेको हो । तर, डडेल्धुरा अस्पताल अहिले एक सय शय्याको स्वीकृत दरबन्दीअनुसार सञ्चालन भइरहेको छ । विशिष्ट सेवासहितको संघीय अस्पताल भए पनि दरबन्दी भने उपक्षेत्रीय अस्पतालकै रहेको छ । उपकुलपति जोशीले डडेल्धुरा अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीले मेडिकल कलेजमा अध्यापन र मेडिकल कलेजमा अध्यापन गराउने अध्यापकले डडेल्धुरा अस्पतालमा सेवा प्रदान गर्ने गरी मापदण्ड बनाउने पनि तयारी रहेको बताए ।

डडेल्धुरासहित सुदूर पहाडका अस्पतालमा दरबन्दीअनुसार चिकित्सकलगायत स्वास्थ्यकर्मी नहुँदा समस्या छ । आइतबार डडेल्धुरा पुगेका स्वास्थ्य तथा जन

कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०९/१७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

तपसिल

क्र.सं.	शाखा कार्यालय जनकपुर, धनुषा	
	ऋणीको नाम, ठेगाना	
१.	**नाम : श्री साहिन हार्डवेयर** नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, जनकपुर, धनुषा प्रा.फ.र.नं. १२०५८/७६९/२०७५/०७६, दर्ता मिति : २०७५/०६/२६, पान नं. ६०८६३४०६९, दर्ता मिति : २०७५/०६/२८ ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ७ **प्रोप्राईटर : मो. मैनुद्दीन**	
	जमानतकर्ताको विवरण	
	१. नाम : मो. मैनुद्दीन ना.प्र.नं. ०७८०७१/२६७१४८३९, जि.प्र.का. महोत्तरी जारी मिति : २०६३/०२/१५ बाबुको नाम : मो. समसुल हक बाजेको नाम : बिरो मिया ठेगाना : महोत्तरी जिल्ला, धिरापुर गा.वि.स. वडा नं. ९	**२. नाम : सवेदा खातुन** ना.प्र.नं. ५५०/९५४२६७१२७६८, जि.प्र.का. महोत्तरी जारी मिति : २०४५/०२/३१ पतिको नाम : मो. समसुल हक ससुराको नाम : बिरो मिया ठेगाना : महोत्तरी जिल्ला, धिरापुर गा.वि.स. वडा नं. ९
	३. नाम : मु नेजामुदीन ना.प्र.नं. २६७१३५८८, जि.प्र.का. महोत्तरी, जारी मिति : २०५५/११/३० बाबुको नाम : मो. समसुल हक, बाजेको नाम : बिरो मिया ठेगाना : महोत्तरी जिल्ला, धिरापुर गा.वि.स. वडा नं. ९	
	धितोको विवरण	
	सवेदा खातुनको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता कायम श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, धिरापुर गा.वि.स. वडा नं. ५ ख स्थित कित्ता नं. ९३२ र ९३३ को क्षेत्रफल क्रमशः ०-१-१५-० र ०-४-०-० (विगाहा) को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	
	ऋणीको नाम, ठेगाना	
२.	**नाम : श्री दिपेश जेनरल स्टोर्स** नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, जनकपुर, धनुषा प्रा.फ.र.नं. १२३५३/१०६४/२०७५/०७६, दर्ता मिति : २०७५/०९/०३, पान नं. ६०८९११८०९, दर्ता मिति : २०७५/०९/०३ ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १६, **प्रोप्राईटर : दिपेश कुमार साह**	
	जमानतकर्ताको विवरण	
	१. नाम : दिपेश कुमार शाह ना.प्र.नं. १७-०१-७१-०५१६१, जि.प्र.का. धनुषा जारी मिति : २०७१/१०/१५ बाबुको नाम : राज किसोर साह तेली बाजेको नाम : बिल्लु साह तेली ठेगाना : धनुषा जिल्ला, बेंगाशिवपुर गा.वि.स. वडा नं. ५ हाल : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १९	**२. नाम : पवित्री देवी साह** ना.प्र.नं. १४६१, जि.प्र.का. धनुषा जारी मिति : २०४६/०३/०४ पतिको नाम : राज किसोर साह तेली ससुराको नाम : बिल्लु साह तेली ठेगाना : धनुषा जिल्ला, बेंगाशिवपुर गा.वि.स. वडा नं. ५ हाल : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १९
	३. नाम : राज किसोर साह तेली ना.प्र.नं. ११२११०७८, जि.प्र.का. धनुषा, जारी मिति : २०४९/०७/२८ बाबुको नाम : बिल्लु साह तेली, बाजेको नाम : रामजी साह तेली ठेगाना : धनुषा जिल्ला, बेंगाशिवपुर गा.वि.स. वडा नं. ५, हाल : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १९	
	धितोको विवरण	
	पवित्री देवी साहको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता कायम श्रेष्ता कायम रहेको धनुषा जिल्ला, बेंगाशिवपुर गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. २०८ र ५१४ को क्षेत्रफल क्रमशः ०-१-१०-० र ०-२-०-० (विगाहा) को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	
क्र.सं.	**शाखा कार्यालय : तानसेन, पाल्पा**	
	ऋणीको नाम, ठेगाना	**धितोको विवरण**
१.	**नाम : मनिष ठडराई** ना.प्र.नं. ३९१०३९/२६, जि.प्र.का. पाल्पा जारी मिति : २०६४/०३/११ बाबुको नाम : हर्ष बहादुर ठडराई बाजेको नाम : गोविन्द बहादुर ठडराई ठेगाना : पाल्पा जिल्ला, बन्दिपोखरा वडा नं. २ हाल : पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ११	हर्ष बहादुर ठडराईको नाममा मालपोत कार्यालय पाल्पामा दर्ता श्रेष्ता कायम रहेको पाल्पा जिल्ला, बन्दिपोखरा वडा नं. २ हाल तानसेन न.पा. वडा नं. ११ स्थित कित्ता नं. १४१, १७७, १७९, १८०, १८१, १८२, १४० र ७१६ को क्षेत्रफल क्रमशः ३-११-३-०, १५-५-२-१, ८-१०-०-१, १२-१३-०-३, ३-१०-१-१, ५-४-१-१, ४-१-२-१ र १४-९-२-३ (रो.आ.पै.दा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
	जमानतकर्ताको विवरण	
	१. नाम : हर्ष बहादुर ठडराई ना.प्र.नं. ५६८, जि.प्र.का. पाल्पा जारी मिति : २०४४/११/२६ बाबुको नाम : गोविन्द बहादुर ठडराई बाजेको नाम : दुबदरे ठडराई ठेगाना : पाल्पा जिल्ला, बन्दिपोखरा वडा नं. २ हाल : पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ११	**२. नाम : हरि बहादुर ठडराई** ना.प्र.नं. ४२४२०, जि.प्र.का. पाल्पा जारी मिति : २०५०/०६/१३ बाबुको नाम : हर्ष बहादुर ठडराई बाजेको नाम : गोविन्द बहादुर ठडराई ठेगाना : पाल्पा जिल्ला, बन्दिपोखरा वडा नं. २ हाल : पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ११
	३. नाम : पविन ठडराई ना.प्र.नं. ८८५६६, जि.प्र.का. पाल्पा जारी मिति : २०५८/०८/०३ बाबुको नाम : हर्ष बहादुर ठडराई बाजेको नाम : गोविन्द बहादुर ठडराई ठेगाना : पाल्पा जिल्ला, बन्दिपोखरा वडा नं. २ हाल : पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ११	**४. नाम : सन्दिप ठडराई** ना.प्र.नं. ३९१०३९/६१८, जि.प्र.का. पाल्पा जारी मिति : २०६८/१०/१७ बाबुको नाम : हर्ष बहादुर ठडराई बाजेको नाम : गोविन्द बहादुर ठडराई ठेगाना : पाल्पा जिल्ला, बन्दिपोखरा वडा नं. २ हाल : पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ११
	५. नाम : सुनिता नेपाली ना.प्र.नं. ३८२०५८/२१, जि.प्र.का. कपिलवस्तु, जारी मिति : २०६४/०१/३१ बाबुको नाम : बेल बहादुर नेपाली, ससुराको नाम : हर्ष बहादुर ठडराई ठेगाना : कपिलवस्तु जिल्ला, शिवपुर वडा नं. ६, हाल : पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ११	
क्र.सं.	**शाखा कार्यालय : धनगढी, कैलाली**	
	ऋणीको नाम, ठेगाना	
१.	**नाम : गुराँस एकेडेमी प्रा.लि.** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय दर्ता नं. ४६७३९/०६३/६४, दर्ता मिति : २०६४/०३/२६ पान नं. ३०२८४०६४१, दर्ता मिति : २०६४/१०/२२ ठेगाना : कैलाली जिल्ला, अत्तरीया न.पा. वडा नं. १३	**नाम : डम्बर सिंह कडायत** ना.प्र.नं. ११३५७/२५५/०३६, जि.प्र.का. डोटी जारी मिति : २०५५/०९/३० बाबुको नाम : जसे कडायत बाजेको नाम : पदम सिंह कडायत ठेगाना : डोटी जिल्ला, लड्गाडा वडा नं. ७ हाल : कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं. १
	जमानतकर्ताको विवरण	
	१. नाम : जसे कडायत ना.प्र.नं. ३९८/३१३०, जि.प्र.का. डोटी जारी मिति : २०४४/१२/२७ बाबुको नाम : पदम सिंह कडायत बाजेको नाम : दिल बहादुर कडायत ठेगाना : डोटी जिल्ला, लडागडा वडा नं. ७ हाल : कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं. १	**२. नाम : पारु देवी कडायत** ना.प्र.नं. ३९७/३१२८, जि.प्र.का. डोटी जारी मिति : २०४४/१२/२७ पतिको नाम : जसे कडायत ससुराको नाम : पदम सिंह कडायत ठेगाना : डोटी जिल्ला, लड्गाडा वडा नं. ७ हाल : कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं. १
	३. नाम : बल बहादुर कडायत ना.प्र.नं. ६७१०१७/४८४१, जि.प्र.का. कैलाली जारी मिति : २०६५/११/०८ बाबुको नाम : जसे कडायत बाजेको नाम : पदम सिंह कडायत ठेगाना : कैलाली जिल्ला, गेटा वडा नं. ६ हाल : कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं. १	**४. नाम : भरत कडायत** ना.प्र.नं. ६७-०१-७०-२०६२, जि.प्र.का. कैलाली जारी मिति : २०७०/०३/०३ बाबुको नाम : जसे कडायत बाजेको नाम : पदम सिंह कडायत ठेगाना : कैलाली जिल्ला, गेटा वडा नं. ६ हाल : कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं. १
	५. नाम : रमा बोहरा कडायत ना.प्र.नं. ३५३१४, जि.प्र.का. कैलाली जारी मिति : २०५७/०३/२६ पतिको नाम : डम्बर सिंह कडायत ससुराको नाम : जसे कडायत ठेगाना : कैलाली जिल्ला, अत्तरिया न.पा. वडा नं. १३ हाल : कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं. १	**६. नाम : भागरथी खडका** ना.प्र.नं. ७५१००३/८३५, जि.प्र.का कञ्चनपुर जारी मिति : २०६६/०२/१७ पतिको नाम : बल बहादुर कडायत ससुराको नाम : जसे कडायत ठेगाना : कञ्चनपुर जिल्ला, कृष्णपुर वडा नं. ५ हाल : कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं. १
	धितोको विवरण	
	१. पारु देवी कडायतको नाममा मालपोत कार्यालय धनगढी कैलालीमा दर्ता श्रेष्ता कायम रहेको कैलाली जिल्ला, गेटा वडा नं. ३ कैलाली स्थित कित्ता नं. ३५९ र ३९१ को क्षेत्रफल क्रमशः ७११.१८ र १२७०.०० वर्ग मिटर भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । २. धनी ज्योति विकास बैंक लि. भई ऋणी डम्बर सिंह कडायतको नाममा यातायात कार्यालय धनगढी, कैलालीमा दर्ता श्रेष्ता कायम रहेको प्रदेश ३ ०१ ०२३ छ ६४४५ को चेसिस नं. MALAF51CLKM055602*C, इन्जिन नं. G4HGKM003384 भएको Santro Sportz तथा से १ ख २०४२ को चेसिस नं. MAT453567JFR14017, इन्जिन नं. 497TC44FRY822292 भएको LP712/42 को सवारी साधन थान २ ३. धनी ज्योति विकास बैंक लि. भई ऋणी श्री गुराँस एकेडेमी प्रा.लि.को नाममा यातायात कार्यालय धनगढी कैलालीमा दर्ता श्रेष्ता कायम रहेको से १ क २७२ को चेसिस नं. MAT453554D7J27994, इन्जिन नं. 497TC92JWY846032 भएको LP 692 Ex/45 को सवारी साधन थान १	

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)
केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : जनकपुर, धनुषा, फोन नं. ०४१-५९०६२५
बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६, तानसेन पाल्पा, फोन नं.: ०७५-५२१८३७
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

कुमारी बैंक लिमिटेड शाखा कार्यालय अरुणखोला, नवलपरासी (ब.सु.पु)को तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०९/१७ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय अरुणखोला, नवलपरासी (ब.सु.पु)बाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ ।**

तपसिल

१. ऋणीको विवरण

चन्द्र बहादुर गुरुङको नाती, जङ्गविर गुरुङ/डिलमाया गुरुङको छोरा, सुर्य देवी गुरुङको पति, नवलपरासी जिल्ला, दुम्किबास गा.वि.स वडा नं. २ स्थायी ठेगाना भई हाल ऐ.ऐ.विनयी त्रिवेणी गा.पा. वडा नं. ०२ बस्ने **तौ बहादुर गुरुङ** (ना.प्र.नं १५१२६ जारी मिति २०५०/०८/२९ जिल्ला प्रशासन कार्यालय, नवलपरासी) ।

व्यक्तिगत जमानीकर्ताको विवरण:

१. विछवा गुरुङको नातीनी, मुक्त सिंह गुरुङ/चन्द्रकला गुरुङको छोरी, जङ्गविर गुरुङ/डिलमाया गुरुङको बुहारी, तौ बहादुर गुरुङको पत्नी, जिल्ला नवलपरासी, दुम्किबास गा.वि.स वडा नं. २ स्थायी ठेगाना भई हाल ऐ.ऐ. विनयी त्रिवेणी गा.पा.वडा नं. ०२ बस्ने **सुर्य देवी गुरुङ** (ना.प्र.नं १०४९ जारी मिति २०५२/०४/२८ जिल्ला प्रशासन कार्यालय, नवलपरासी) ।

धितो सुरक्षणको विवरण

१. **तौ बहादुर गुरुङ**को नाममा मालपोत कार्यालय, नवलपरासी, कावासोतीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला दुम्किबास गा.वि.स वडा नं. २ स्थित कित्ता नं. १२७१ को क्षेत्रफल १८१.२६ (व.मि.) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

२. ऋणीको विवरण

श्याम बहादुर कुमाल/बुद्धि कुमालको छोरी, गणेश कुमाल/तिजा कुमारी कुमालको बुहारी, खेमराज कुमालको पत्नी, नवलपरासी जिल्ला, नँया वेल्हानी गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, मध्यबिन्दु न.पा., वडा नं. ११ बस्ने **चन्द्रकला कुमाल** (ना.प्र.नं. ३६३०३३/१२०, जारी मिति २०६३/११/२७, जिल्ला प्रशासन कार्यालय नवलपरासी) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. चन्द्रलाल कुमालको नाती, गणेश कुमाल/तिजा कुमारी कुमालको छोरा, चन्द्रकला कुमालको पति, स्याङ्जा जिल्ला, रत्नपुर गा.वि.स वडा नं. ०८ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, मध्यबिन्दु न.पा., वडा नं. ११ बस्ने **खेमराज कुमाल** (ना.प्र.नं ४२३०१९/३५८ जारी मिति २०६३/११/२१ जिल्ला प्रशासन कार्यालय, स्याङ्जा) ।
२. विनादेउ कुमाल/पम्कलि कुमालको छोरी, चन्द्रलाल कुमालको बुहारी, गणेश कुमालको पत्नी, स्याङ्जा जिल्ला, रत्नपुर गा.वि.स वडा नं. ०८ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, मध्यबिन्दु न.पा., वडा नं. ११ बस्ने **तिजा कुमारी कुमाल** (ना.प्र.नं ४२३०१९/३९७ जारी मिति २०६३/११/२१ जिल्ला प्रशासन कार्यालय, स्याङ्जा) ।

धितो सुरक्षणको विवरण

१. **तिजा कुमारी कुमाल**को नाममा मालपोत कार्यालय, नवलपरासीमा, कावासोतीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला नयाँवेल्हनी गा.वि.स वडा नं. ७/क स्थित कित्ता नं. ५२८ को क्षेत्रफल ०-०-१४-०.७५ (विगाहा) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

३. ऋणीको विवरण:

भुवान सिं गुरुङको नाती, देवीलाल गुरुङ/विरयती गुरुङको छोरा, मनिषा गुरौको पति जिल्ला नवलपरासी, दुम्किवास गा.वि.स वडा नं. ०२ स्थायी ठेगाना भई हाल ऐ.ऐ.विनयी त्रिवेणी गा.पा. वडा नं. ०२ बस्ने **थम बहादुर गुरुङ** (ना.प्र.नं ४७६९१ जारी मिति २०६२/७/४ जिल्ला प्रशासन कार्यालय, नवलपरासी) ।

व्यक्तिगत जमानीकर्ताको विवरण:

१. छविलाल गुरौको नातीनी, प्रेम बहादुर गुरौ/ननीमाया गुरौको छोरी, देवीलाल गुरुङ/विरयती गुरुङको बुहारी, थम बहादुर गुरुङको पत्नी जिल्ला नवलपरासी, पिठौली गा.वि.स वडा नं. ७ स्थायी ठेगाना भई हाल विनयी त्रिवेणी गा.पा. वडा नं. ०२ बस्ने **मनिषा गुरौ** (ना.प्र.न ३६२०१५/२०४५ जारी मिति २०७१/१/१५ जिल्ला प्रशासन कार्यालय नवलपरासी) ।

धितो सुरक्षणको विवरण

१. **थम बहादुर गुरुङ**को नाममा मालपोत कार्यालय, नवलपरासीमा, कावासोतीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला दुमकीवास गा.वि.स वडा नं. २ स्थित कित्ता नं. २५६ को क्षेत्रफल ११० (व.मि.)को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. कुमारी बैक लि.(साबिक देव: विकास बैक लि.) र ऋणी **थम बहादुर गुरुङ**को नाममा लुम्बिनी अञ्चल यातायात व्यवस्था कार्यालय, रुपन्देहीमा दर्ता कायम रहेको च्यासीस नं. WZCH60910159405 ईन्जिन नं. 47.5004/SZH12718, सवारी नं. लु ४ त १६५०, को Swaraj 855FE, Tractor थान १ ।

४. ऋणीहरुको विवरण:

१. नेपाल सरकार, प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा मिति २०७०/०४/२८ मा दर्ता नं. १५४/५/२६ कायम भई दर्ता रहेको नवलपरासी जिल्ला, विनयी त्रिवेणी गा.पा. वडा नं. ०२, दुम्कीवास स्थित रजिष्टॉड कार्यलय रहेको **दिपिका ज्वेलर्स (सुनचाँदीको पसल)** (प्रोप्राईटर लेख बहादुर वि.क./सुक माया वि.क.को नाती, रिपलाल वि.क./अमृता वि.क. को छोरा, प्रतिमा वि.क.को पति, नवलपरासी जिल्ला, विनयी त्रिवेणी गा.पा. वडा नं. ०२, (साबिक दुम्कीवास गा.वि.स., वडा नं. ०३) बस्ने **दिपक विश्वकर्मा** (ना.प्रा.नं. ९२०१, जारी मिति २०५५/०४/२६ जिल्ला प्रशासन कार्यालय नवलपरासी) ।
२. लेख बहादुर वि.क./सुक माया वि.क.को नाती, रिपलाल वि.क./अमृता वि.क. को छोरा, प्रतिमा वि.क.को पति, नवलपरासी जिल्ला, विनयी त्रिवेणी गा.पा. वडा नं. ०२, (साबिक दुम्कीवास गा.वि.स., वडा नं. ०३) बस्ने **दिपक विश्वकर्मा** (ना.प्रा.नं. ९२०१, जारी मिति २०५५/०४/२६ जिल्ला प्रशासन कार्यालय नवलपरासी) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. मित्रलाल वि.क. को नातिनी, राम बहादुर वि.क./उमीसरा वि.क.को छोरी, रिपलाल वि.क./अमृता वि.क.को बुहारी, दिपक विश्वकर्माको पत्नी, नवलपरासी जिल्ला, दुम्कीवास गा.वि.स.,वडा नं. ०३ स्थायी ठेगाना भई हाल विनयी त्रिवेणी गा.पा. वडा नं. ०२, दुम्कीवास बस्ने **प्रतिमा वि.क.** (ना.प्रा.नं. ३६२०३४/१७६३, जारी मिति २०६९/२/१७, जिल्ला प्रशासन कार्यालय नवलपरासी) ।
२. लेख बहादुर वि.क. नातिनी, मित्रलाल मित्रलाल वि.क./सुमित्रा वि.क.को छोरी, लेख बहादुर वि.क/सुक माया वि.क.को बुहारी, रिपलाल वि.क.को पत्नी नवलपरासी जिल्ला, दुम्कीवास गा.वि.स.,वडा नं. ०३ स्थायी ठेगाना भई हाल ऐ.ऐ. विनयी त्रिवेणी गा.पा. वडा नं. ०२, दुम्कीवास बस्ने **अमृता वि.क.** (ना.प्रा.नं. ३७३१/६२५७५, जारी मिति २०४६/३/११, जिल्ला प्रशासन कार्यालय नवलपरासी) ।

धितो सुरक्षणको विवरण

१. **अमृता वि.क.**को नाममा मालपोत कार्यालय, नवलपरासी, कावासोतीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला दुम्किबास गा.पा. वडा नं. ३ स्थित कित्ता नं. २२३, २३२ र २३३ को क्षेत्रफल क्रमश १७९०, १४३५ र १७१० (व.मि.) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत
२. ऋणी **दिपिका ज्वेलर्स (सुनचाँदीको पसल)** को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

५. ऋणीहरुको विवरण:

१. नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं मिति २०७५/११/२७ मा दर्ता नं. २१०४५०/०७५/०७६ कायम भई दर्ता रहेको नवलपरासी जिल्ला, विनयी त्रिवेणी गा.पा. वडा नं. ०२, दुम्कीवास स्थित रजिष्टॉड कार्यलय रहेको **लुम्बिनी बालुवा प्रशोधन केन्द्र प्रा. लि.** ।
२. अमरध्वज गुरुङको नाती, चन्द्र बहादुर गुरुङ/खेमती गुरुङको छोरा, खेमकला गुरुङको पति, नवलपरासी जिल्ला, दुम्कीवास गा.वि.स., वडा नं. ०२ स्थायी ठेगाना भई हाल ऐ.ऐ.विनयी त्रिवेणी गा.पा. वडा नं. ०२, दुम्कीवास बस्ने **ललित कुमार गुरुङ** (ना.प्रा.नं. १७७६९, जारी मिति २०५१/०३/१२ जिल्ला प्रशासन कार्यालय नवलपरासी) ।

संञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. अमरध्वज गुरुङको नाती, चन्द्र बहादुर गुरुङ/खेमती गुरुङको छोरा, खेमकला गुरुङको पति, नवलपरासी जिल्ला, दुम्कीवास गा.वि.स., वडा नं. ०२ स्थायी ठेगाना भई हाल ऐ.ऐ.विनयी त्रिवेणी गा.पा. वडा नं. ०२, दुम्कीवास बस्ने **ललित कुमार गुरुङ** (ना.प्रा.नं. १७७६९, जारी मिति २०५१/०३/१२ जिल्ला प्रशासन कार्यालय नवलपरासी) ।
२. रनध्वज गुरुङ/आइती गुरुङको नाति, निम बहादुर गुरुङ/सुक माया गुरुङको छोरा, विष्णु गुरुङको पति, नवलपरासी जिल्ला, दुम्कीवास गा.वि.स., वडा नं. ०२ स्थायी ठेगाना भई हाल ऐ.ऐ.विनयी त्रिवेणी गा.पा. वडा नं. ०२, दुम्कीवास बस्ने **लेख बहादुर गुरुङ** (ना.प्रा.नं. ११६१७, जारी मिति २०४९/६/६, जिल्ला प्रशासन कार्यालय नवलपरासी) ।
३. कुमानध्वज गुरुङको नाति, निम बहादुर गुरुङ/धन माया गुरुङको छोरा, ज्ञानु गुरुङको पति, नवलपरासी जिल्ला, सुनवल गा.वि.स., वडा नं. ०८ स्थायी ठेगाना भई हाल ऐ.ऐ.विनयी त्रिवेणी गा.पा. वडा नं. ०२, दुम्कीवास बस्ने **मेक बहादुर गुरुङ** (ना.प्रा.नं. ६६१२१, जारी मिति २०४७/११/१, जिल्ला प्रशासन कार्यालय नवलपरासी) ।
४. नन्दलाल दाहाल/माया दाहालको नाति, दयासागर दाहाल/गिता दाहालको छोरा, संगीता भण्डारी दाहालको पति, कास्की जिल्ला, दिकरपोखरी गा.वि.स., वडा नं. ०१ स्थायी ठेगाना हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ०६ बस्ने **दुर्गा दाहाल** (ना.प्रा.नं. ४६१०४५/७७३, जारी मिति २०६७/८/५, जिल्ला प्रशासन कार्यालय कास्की) ।
५. आशपति गुरुङको नाति, गंगा बहादुर गुरुङ/विष्णु माया गुरुङको छोरा, शर्मीला गुरुङको पति, नवलपरासी जिल्ला, दुम्कीवास गा.वि.स., वडा नं. ०२ स्थायी ठेगाना भई हाल ऐ.ऐ.विनयी त्रिवेणी गा.पा. वडा नं. ०२, दुम्कीवास बस्ने **खेम बहादुर गुरुङ** (ना.प्रा.नं. ६१४७, जारी मिति २०५४/५/३, जिल्ला प्रशासन कार्यालय नवलपरासी) ।

धितो सुरक्षणको विवरण

१. **ललित कुमार गुरुङ**को नाममा मालपोत कार्यालय, नवलपरासी, कावासोतीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला दुम्किबास गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. १३५७ को क्षेत्रफल १२६३ (व.मि.) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **ललित कुमार गुरुङ**को नाममा मालपोत कार्यालय, नवलपरासी, कावासोतीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला दुम्किबास गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. १३६३ को क्षेत्रफल २६२० (व.मि.) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
३. धनी कुमारी बैक लि. र ऋणी **लुम्बिनी बालुवा प्रशोधन केन्द्र प्रा. लि.** को नाममा लुम्बिनी अञ्चल यातायात व्यवस्था कार्यालय, रुपन्देहीमा दर्ता कायम रहेको च्यासीस नं. HAR3DXSUAO2719939, ईन्जिन नं. H00233104, सवारी नं. लु १ क ४२७२, को JCB 3DX Super Backhoe Loader थान १ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय अरुणाखोला, नवलपरासी (ब.सु.पु) फोन नं. ०७८-५५५२९६/०७८/०९७

■ मा



'अगस्त्य' मा यस्तो देखिए सौगात

सौरभ चौधरी लिखित तथा निर्देशित फिल्म 'द अन ब्रेकेबल अगस्त्य : च्याप्टर १'को पोस्टर सार्वजनिक भएको छ। पोस्टरमा सौगात मल्ललाई 'सौर्य' पात्रको रूपमा चित्रित गरिएको छ। यस फिल्मका लागि अभिनेता सौगात मल्लले २० केजी तौल घटाएका थिए। फागुन १८ गतेदेखि प्रदर्शनमा आउने फिल्ममा सौगातसँगै नाजिर हुसेन, मलिका महत, प्रमोद अग्रहरि, विजय बराल, रवीन्द्र झालगायत कलाकारको अभिनय छ।



'द रेड सुटकेस' ३० चैतदेखि हलमा

विश्वका विभिन्न प्रतिष्ठित अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा प्रदर्शनपछि फिल्म 'द रेड सुटकेस' अब घरेलु दर्शकका लागि प्रदर्शन हुने भएको छ। फिडेल देवकोटा निर्देशित यो फिल्म ३० चैतमा प्रदर्शनमा आउने भएको हो। यो फिल्ममा सौगात मल्ल, विपिन कार्की, प्रवीण खतिवडा, सृष्टि श्रेष्ठ आदि कलाकारको अभिनय रहेको छ। सुसन प्रजापतिको छायांकन रहेको फिल्मलाई समन अलभितिगाले सम्पादन गरेका हुन्।

मधुमेह नियन्त्रण गर्ने प्राकृतिक तरिका

अस्वस्थ जीवनशैली र गलत खानपानका कारण मधुमेहको समस्या बढ्दै गइरहेको छ। यो दीर्घकालीन चिकित्सकीय अवस्था पनि हो। हामीले खाने प्रायः सबै खानेकुरा अन्तिममा ग्लुकोजमा टुक्रने गर्छ। ग्लुकोजले रगतमार्फत शरीरका सबै अंगहरूमा ऊर्जा प्रदान गर्छ। रगतबाट कोषिकाहरूमा ग्लुकोज अवशोषण गर्न मद्दत गर्ने हर्मोनलाई इन्सुलिन भनिन्छ। इन्सुलिनले रगतमा चिनीको मात्रा सन्तुलनमा राख्न मद्दत गर्छ। मधुमेह हुँदा शरीरले इन्सुलिन उत्पादन गर्दैन वा इन्सुलिनलाई सही रूपमा प्रयोग गर्न सक्दैन। रगतमा ग्लुकोज जम्मा हुन्छ, जसले गर्दा रगतमा ग्लुकोजको मात्रा उच्च हुन्छ। सामान्यतः रगतमा ग्लुकोजको स्तर अनियमित रूपमा (दिनको कुनै पनि समयमा) १४० एमजीभन्दा बढी हुनु मधुमेहको संकेत हो।



डाक्टरको सल्लाह



डिबी सुनुवार
प्राकृतिक चिकित्सक
होलिस्टिक हेल्थ

■ लक्षण

- बारम्बार पिसाब लाग्ने
- भोक बढ्नु
- अत्यधिक तिर्खा लाग्नु
- अधिक रूपमा वजन घट्ने
- ऊर्जाको कमी तथा चरम थकान हुने
- चासो र एकाग्रताको कमी
- धमिलो दृष्टि
- बारम्बार हुने संक्रमण वा गम्भीर प्रकृतिका संक्रमणहरू
- घाउ, सुक्खा वा चिलाउने, छालाको घाउ ढिलो निको हुने आदि

जोखिम

मधुमेहले शरीरभरका रक्तनलीलाई क्षति पुऱ्याउन सक्छ। यसले सुन्निने, हात वा खुट्टामा झमझमाउने, चोटपटक महसुस गर्न गाह्रो हुने बनाउँछ। मधुमेहले घाउ निको हुनसमेत गाह्रो बनाउँछ। खुट्टामा फंगसले पनि संक्रमण निम्त्याउन सक्छ। आँखाका रक्तनलीलाई क्षति पुऱ्याई क्रमशः दृष्टि गुम्ने वा अन्धोपन हुन सक्ने अवस्थासमेत आउँछ। यदि दृष्टि धमिलो भयो भने, खानामा चिनीको स्तर कम राख्नाले आँखालाई केही राहत पुऱ्याउँछ। मधुमेहले गिजाको संक्रमणलाई झन् बिगार्छ। साथै, मधुमेहको कारणले मिर्गौला फेल, हृदय र रक्तनलीसम्बन्धी रोग- हृदयाघात र स्ट्रोकसमेत हुन सक्ने जोखिम हुन्छ।

■ मधुमेहका कारण

- मधुमेह हुनुको मुख्य कारण जीवनशैली पनि हो। अस्वस्थ आहार, शारीरिक गतिविधिको कमी र मोटोपनाजस्ता जीवनशैलीजन्य कारणले गर्दा यो खालको मधुमेह हुने गर्छ।
- घरमा बुबा र आमालाई मधुमेह भएको छ भने छोराछोरीमा पनि हुने उच्च जोखिम हुन्छ। गर्भावस्थाको समयमा हुने विभिन्न हर्मोनल परिवर्तनको कारणले इन्सुलिनले राम्रोसँग काम नगर्न सक्छ। जोखिमका कारकहरूमा उमेर, पारिवारिक इतिहास र मोटोपन पर्छन्। पछिल्लो समय वयस्कहरूमा मधुमेह बढ्दो रूपमा देखिइरहेको छ।
- अधिक तौल/मोटोपना अस्वस्थ खानपान, शारीरिक गतिविधिको कमी उच्च रक्तचाप, हानिकारक रगतमा बोसोको मात्रा उच्च, सुर्तीजन्य पदार्थको प्रयोग, लागुपदार्थ र मदिराको लतहरूले गर्दा पनि मधुमेह निम्त्याउँछ।

मधुमेह नियन्त्रण

- मधुमेहको व्यवस्थापन र रोकथामका लागि स्वस्थ जीवनशैली अपनाउनु महत्त्वपूर्ण हुन्छ। यसमा सन्तुलित आहार, नियमित व्यायाम र तौल व्यवस्थापन पर्छन्। हर्बल सप्लिमेन्ट जस्तै : एलोभेरा, जिन्सेङ, कुर्कुमिन, मोरिंगा, ग्रिन टीको सेवनले पनि रगतमा चिनीको मात्रा नियन्त्रण गर्न मद्दत गर्छ। यसका साथसाथै, इन्सुलिनको कार्यक्षमता बढाउनसमेत यस्ताखाले सप्लिमेन्ट प्रयोग गर्न सकिन्छ। रगतमा ग्लुकोजको स्तरको नियमित अनुगमनले आफ्नो अवस्थालाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न मद्दत गर्छ।
- कार्बोहाइड्रेडको सन्तुलित सेवन, पोषण कन्ट्रोल र ध्यानपूर्वक खाने बानीले मधुमेह व्यवस्थापनमा सहयोग पुग्छ। शारीरिक गतिविधिले रगतमा चिनीको मात्रा नियन्त्रण गर्न र इन्सुलिन संवेदनशीलतालाई समेत सुधार गर्न मद्दत गर्छ।
- मधुमेह एक गम्भीर प्रकारको स्वास्थ्य अवस्था हो जसलाई जीवनभर नै उपयुक्त व्यवस्थापनको जरुरी हुन्छ। यसको कारणहरू राम्ररी बुझेर, लक्षणहरू पहिचान गरी जीवनशैली परिवर्तन, औषधि र नियमित अनुगमनको संयोजनले मधुमेहलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न सकिन्छ।

यसरी गरौं घरमै एक्सरसाइज



सुरेश सुवेदी
अध्यक्ष, शारीरिक सुगठन तथा फिटनेस संघ, काठमाडौं



एक्सरसाइजका लागि जिम सेन्टर नै जानुपर्छ भन्ने छैन, घरमा पनि गर्न सकिन्छ। जाडो मौसममा साँझ-बिहानको समय घरबाट निस्कन मन लाग्दैन। तर, घरेलु सामान प्रयोग गरेरै घरमै पनि एक्सरसाइज गर्न सकिन्छ। कतिपय अवस्थामा त्यस्ता घरेलु सामग्रीको उपयोगिता नहुन पनि सक्छ। यसका लागि जिम सेन्टरमा हुने सामग्री घरमै किनेर पनि ल्याउन सकिन्छ।

आवश्यक सामग्री

- चेस्टका लागि गरिने यो एक्सरसाइजमा एउटा फ्लाट र इन्क्लाइन बनाउन मिल्ने बेन्चको आवश्यकता पर्दछ। यो एक्सरसाइज बेन्चमा सुतेर मिनिरल वाटरको बोटलमा पानी भरेर वा डम्बलको मद्दतले गर्न सकिन्छ।
- आवश्यकताअनुसार कोकाकोलाको जम्बो बोटलमा पानी भरेर बढाउन सकिन्छ। यो मिडल चेस्ट र अपर चेस्टका लागि उपयोगी हुन्छ। साथै यस बेन्चबाट चेस्टका लागि चाहिने अन्य व्यायामहरू डम्बल फ्लाई, डम्बल पुलओभरलगायत थ्रुप्रै व्यायाम गर्न सकिन्छ।
- चेस्टबाहेक अन्य व्यायामहरू जस्तै ब्याक, सोल्डरका व्यायामहरू पनि वाटरबोटल, डम्बल र बेन्चको मद्दतले घरमै गर्न सकिन्छ। यदि घरमा केही मात्रामा सामान राख्न मिल्ने ठाउँ छ भने चार फिटको बार र केही वेट प्लेट राख्न सकेको खण्डमा जिम नगई घरमा नै सम्पूर्ण शारीरिक व्यायाम गर्न सकिन्छ।
- समय तालिका मिलाएर एक्सरसाइज गर्नुपर्छ। जस्तैः आइतबार ब्याक, सोमबार चेस्ट, मंगलबार सोल्जर आदि छुट्टाछुट्टै बडी पार्टको व्यायाम गर्दा नतिजा सकारात्मक निस्कने भएकाले सोहीअनुसार गर्दा राम्रो हुन्छ।
- डम्बेल, प्लेट, बार, वाटरबोटल र बेन्चबाट विभिन्न किसिमका व्यायाम गर्न सकिन्छ। अतः घरमै गर्ने व्यायाममा यी महत्त्वपूर्ण सामान हुन्।
- घरमा व्यायाम सुरु गर्दा आफूलाई कुनै किसिमको शारीरिक समस्या छन्-छैनन् निर्क्योल गरेर गर्दा राम्रो हुन्छ। साथै वेट लस, वेट गेन वा अन्य केका लागि गर्न लागेको हो ? त्यसबारे जानकारसँग सल्लाह लिएर गर्दा राम्रो हुन्छ।

जाडोमा स्किन केयर रुटिन



- स्किनलाई नियमित हेरचाहका लागि स्किन केयर रुटिन बनाएर फलो गर्न आवश्यक हुन्छ। अनुहारमा दैनिक दुईपटक फेसवास गर्नुपर्छ। फेसवास गरेपछि मोस्चराइजर लगाउनुपर्छ।
- नुहाइसकेपछि र राति सुत्नुअघि मोस्चराइजरको प्रयोग गर्नुपर्छ। जसले गर्दा छाला सुक्खा हुन दिँदैन।
- घरबाहिर निस्कनुअघि अनिवार्य सनस्क्रिन क्रिम लगाउनुपर्छ। यसले सूर्यको विकिरणबाट छालालाई जोगाउँछ। दैनिक बाहिर निस्कँदा दुई वा तीन घन्टाको अन्तरालमा सनस्क्रिन लगाउँदा राम्रो हुन्छ।
- दिउँसो बाहिर हिँड्दा मेकअप गरिएको हुन्छ। त्यसैले सुत्नुअघि मेकअप पखाल्न बिर्सनुहुँदैन। त्यसका लागि क्लिन्जिङ वा फेसवास प्रयोग गर्न सकिन्छ।
- राति सुत्दा पनि अनिवार्य मोस्चराइजर क्रिम लगाउँदा राम्रो हुन्छ। किनभने रातमा हामी आरामसँग सुत्दा हाम्रो छालाले पनि रिपेयरिङको काम गरिरहेको हुन्छ। त्यसैले सुत्नुअघि राम्ररी अनुहार सफा गर्दा छाला चम्किलो रहन्छ।

धितोमा रहेको चल/अचल सम्पत्ति बोलपत्र मार्फत लिलाम बिक्री गरिने ३५ (पैतिस) दिने सार्वजनिक सूचना

प्रकाशित मितिः २०८०/०५/१७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिका

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको सावाँ ब्याज संस्थासँग गर्नु भएको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक/पटक मौखिक, लिखित पत्राचार तथा एसएमएस बाट बारम्बार तारताकेता गर्दा समेत बेवास्ता गरी ऋण/कर्जा भुक्तान नगर्नु भएकोले राष्ट्रिय दैनिक पत्रिकामा ऋणको सावाँ ब्याज चुक्ता/भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जाको सावाँ ब्याज भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भई ऋण लिदाँको बखत गर्नु भएको सम्पुर्ण शर्त/बन्देज तथा सम्झौताहरु उलंघन गर्नु भएकोले सो ऋण लिदाँको बखत सुरक्षण बापत धितो लेखी दिएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ, सोहि अवस्थामा नै प्रचलित कानुनको अधिनमा रहि बोलपत्र मार्फत लिलाम बिक्री गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गर्नको लागि **३५ (पैतिस) दिने लिलाम सम्बन्धि सूचना** प्रकाशित गरिएको छ। धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति शिलबन्दी बोलपत्र मार्फत खरिद गरिलिनु हुन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य सघं संस्थाले यो सूचना प्रकाशित भएको ३५ (पैतिस) दिन (सो दिन सार्वजनिक बिदा परेमा, बिदा पश्चात् कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्त/बन्देजको अधिनमा रहि, रितपुर्वक बोलपत्र फारम भरि यस संस्थाको केन्द्रिय कार्यालय कान्तिपथ काठमाण्डौको कर्जा असुलि विभागमा आइपुग्ने गरी बोलपत्र पेश गर्न आह्वान गरिन्छ। साथै लिलाम प्रक्रिया बाट धितोमा रहेको तपसिल बमोजिमको चल/अचल सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री गर्दा संस्थाको सम्पुर्ण लेना रकम असुल उपर हुन नसकेमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा यस संस्थाको संसोधित कर्जा असुली नियमावली २०७९ र अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी ऋणी एवं जमानीकर्ताको अन्य चल/अचल सम्पत्ति/जायजेथा समेत खोज तलास गरी असुल हुन बाँकी रहेको लेना रकम सो सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी, जमानीकर्ता तथा धितो सुरक्षण दिनुहुने व्यक्तिलाई कर्जा सूचना केन्द्रको कालो सूचिमा सुचिकृत गराउनको लागि सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

१. ऋणी तथा व्यक्तिगत धनजमानिकर्ताको नाम र ठेगाना

ऋणी : श्री प्रमोद दाहाल
बाबु : खगेन्द्र प्रसाद दाहाल
बाजे : लक्ष्मी प्रसाद दाहाल
ना.प्र.नं. : ५३४९/११९६६
जारी मिति : २०४६/०४/१७ (ताप्लेजुङ)
ठेगाना : ताप्लेजुङ जिल्ला फुङलिङ्ग गा.वि.स.वडा नं. ०७ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. ०१ बस्ने।



व्यक्तिगत धनजमानिकर्ता : श्री कल्पना कुमारी पौडेल
पति : प्रमोद दाहाल
ससुरा : खगेन्द्र प्रसाद दाहाल
ना.प्र.नं. : १९७३५
जारी मिति : २०५२/०३/१८ (मोरङ)
ठेगाना : मोरङ जिल्ला बिराटनगर नगरपालिका वडा नं. ०२ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला का.म.न.पा.वडा नं. ०१ बस्ने।



धितोको विवरण

❖ कल्पना कुमारी पौडेलको नाममा मालपोत कार्यालय कलंकी, काठमाण्डौमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौ जिल्ला साविक बाहिरी गाउँ गा.वि.स वडा नं. ९, नक्सा सिट नं.९ग स्थित कित्ता नं. क्रमश ३९, २६६, २३५ र २६७ को क्षेत्रफल क्रमश १८२.८० ब.मी. १२७.१६ ब.मी. १२७.१६ ब.मी. र १२७.१८ ब.मी. गरी जम्मा क्षेत्रफल ५६४.३० बर्गमिटरको जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत।

❖ प्रमोद दाहालको नाममा मालपोत कार्यालय कलंकी, काठमाण्डौमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौ जिल्ला साविक बाहिरी गाउँ गा.वि.स वडा नं. ९, नक्सा सिट नं.९ग स्थित कित्ता नं. ४० को क्षेत्रफल १५८.९५ बर्गमिटरको जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत।

लिलाम बिक्री सम्बन्धि अन्य शर्त र बन्देजहरु

१. लिलाम बिक्री सम्बन्धि शर्त/बन्देज सहितको बोलपत्र फारम यस संस्थाको केन्द्रिय कार्यालय कान्तिपथ काठमाण्डौको ऋण/कर्जा असुली विभाग वा यस संस्थाको सेवा केन्द्र कार्यालयहरु बाट रु. १०००/- (फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ।
२. लिलाम बिक्री सम्बन्धि सम्पुर्ण शर्त/बन्देजहरु बोलपत्र फारमको सि.नं. १ देखि १५ सम्म उल्लेख भए अनुसार नै हुनेछ।
३. बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्विकृत गर्ने सम्बन्धि सम्पुर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
४. लिलाम हुने सम्पत्ति निरिक्षण अवलोकन गर्न र लिलाम सम्बन्धि विस्तृत जानकारी लिन आवश्यक ठानेमा केन्द्रिय कार्यालय कान्तिपथ काठमाण्डौ वा सेवाकेन्द्र कार्यालयहरुमा सम्पर्क राख्न सकिनेछ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिउसो ठिक ३:०० बजे बोलपत्र खोलिने हुँदा ऋणी जमानतकर्ता, धितो सुरक्षण दिनुहुने व्यक्ति, बोलपत्रदाता तथा सम्बन्धित सबैलाई केन्द्रीय कार्यालय कान्तिपथ काठमाण्डौमा उपस्थित हुनको लागि समेत जानकारी गराइन्छ।
६. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा (बिदा पश्चात् कार्यालय खुलेको दिन) सोहि समयमा नै बोलपत्र खोलिनेछ।
७. बोलपत्र फारममा उल्लेखित अन्य सम्पुर्ण शर्त लागु हुनेछ।
८. संस्थाले चाहेको खण्डमा लिलाम मिति थपघट गर्न सक्ने छ।

पुनश्चः उल्लेखित धितो लेखिदिएको सम्पत्ती लिलाम बिक्री गर्दा वा संस्थाले आफै सकार गर्दा साविकमा संस्थाबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तीको उचित मुल्य प्राप्त नभै कम मुल्यमा लिलाम बिक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कहि कतै उजुरबाजुर गर्न पाउनुहुने छैन।

बोलपत्र पेश गर्ने अन्तिम मिति र समय
२०८०/१०/२२ गते कार्यालय समय सम्म

बोलपत्र खोलिने मिति, समय र स्थान
२०८०/१०/२३ गते मंगलबार केन्द्रीय कार्यालय कान्तिपथ, काठमाण्डौ दिउँसो ३ बजे

नेपाल सरकार सावित डिभिजन सहकारी कार्यालय हालः सहकारी विभागबाट इजाजत प्राप्त संस्था
IME Co-operative Service Ltd.
आईएमई को अपरेटिंग समिस लि.
Kantipath, Kathmandu, Nepal
01-5329601 01-5339602 01-5339603
info@imecsl.com www.imecsl.com

Biratnagar : 021-514540
Nepalgunj: 081-532708
Itahari: 025-590109
Satdobato: 01-5151169
Airport: 01-5903500
Pokhara : 061-541683
Narayanghad : 056-598864
Ghorahi : 082-561717
Newroad : 01-5351581
Lahan : 033-565184
Gongabu : 01-4964761
Butwal : 071-546585
Dhangadhi : 091-590581
Lainchaur : 01-4443096
Baglung : 068-524280

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्सः +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-०७७७१
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, व्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै तपसिलमा रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यलय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १६३०२०/०७३/०७४ अन्तर्गत मिति २०७३/१०/२१ मा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १० स्थित **बागमती मल्टिपर्पोज ट्रेडर्स प्रा.लि.** **अध्यक्ष तथा जमानीकर्ता: राहुल कुमार सिंह** स्थायी ठेगानाः महोतरी जिल्ला, भंगाहा गा.वि.स. वडा नं. ३ हालको ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १०, शंखमुल बाबु : लक्ष्मी प्रसाद सिंह बाजे : मोति प्रसाद सिंह	१) दाहु सिंहको नाति, मोति प्रसाद सिंहको छोरा, महोतरी जिल्ला, भंगाहा गा.प. वडा नं. ३ स्थायी ठेगाना भई हाल महोतरी जिल्ला, भंगाहा गा.वि.स. वडा नं. ४ बस्ने लक्ष्मी प्रसाद सिंहको नाममा भुमिसुधार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, हरिहरपुर गा.वि.स./न.पा. वडा नं. १/१ स्थित कित्ता नं. ५२०१, ६७८९ र ६७८४ को क्षेत्रफल क्रमश ०-०-५-०, ०-०-३-४, ०-०-३-० (विगाह)को घरजग्गा तथा धनुषा जिल्ला, हरिहरपुर गा.वि.स./न.पा. वडा नं. १/१ मा स्थित कित्ता नं. ८१०२ को क्षेत्रफल ०-०-५-० (विगाह)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। २) बागमती मल्टिपर्पोज ट्रेडर्स प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

जमानीकर्ताहरुको विवरण

१) लक्ष्मी प्रसाद सिंह	२) रमिता कुमारी महतो	३) गंगा देवी	४) सरोज कुमार सिंह
स्थायी ठेगानाः महोतरी जिल्ला, भंगाहा गा.प. वडा नं. ३ हालको ठेगानाःमहोतरी जिल्ला, भंगाहा गा.वि.स. वडा नं. ४ बाबु : मोति प्रसाद सिंह बाजे : दाहु सिंह	ठेगानाः महोतरी जिल्ला, भंगाहा गा.वि.स./न.पा. वडा नं. ३ बाबु : तिलाई महतो ससुरा : लक्ष्मी प्रसाद सिंह पति : सरोज कुमार सिंह	स्थायी ठेगानाः महोतरी जिल्ला, भंगाहा गा.प. वडा नं. ३ हालको ठेगानाःमहोतरी जिल्ला, भंगाहा गा.वि.स. वडा नं. ४ बाबु : राज देव महतो ससुरा : मोति प्रसाद सिंह पति : लक्ष्मी प्रसाद सिंह	ठेगाना : महोतरी जिल्ला, भंगाहा गा.वि.स. वडा नं. ३ बाबु : लक्ष्मी प्रसाद सिंह बाजे : मोति प्रसाद सिंह

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
२)	१) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालय, गौर रौतहटमा प्रा.फ.र.नं ९७६९/५८९, स्थानीय अन्तर्गत मिति २०७७/०७/०३ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं ९ (हाल बौधिमाई न.पा. वडा नं ८) स्थित **माँ दुर्गे किराना पसल** **प्रोप्राईटर तथा जमानतकर्ता: प्रदिप कुमार गोसाई** स्थायी ठेगानाःरौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं ६ हालको ठेगाना : रौतहट जिल्ला, बौधिमाई न.पा. वडा नं. ८ बाबु : राम शेवक गोसाई बाजे: जग्गु गोसाई	१) जग्गु गोसाईको नाति, राम शेवक गोसाईको छोरा, रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं ६ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, बौधिमाई न.पा. वडा नं. ८ मा बस्ने प्रदिप कुमार गोसाईको नाममा मालपोत कार्यालय मौलापुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं. ९ (हाल बौधीमाई न.पा. वडा नं. ७) स्थित कित्ता नं. १८२३, १८२५, १८६८ र १८७० को क्षेत्रफल क्रमशः ०-०-१२, ०-०-८, ०-०-१८$^{१/२}$ र ०-१-५$^{१/२}$ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। २) पारस नाथ गोसाईकी छोरी, जग्गु गोसाईकी बुहारी, राम शेवक गोसाईकी पत्नी, रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं ६ स्थायी ठेगाना भई हाल बौधिमाई न.पा. वडा नं ७ मा बस्ने विन्दु कुमारीको नाममा मालपोत कार्यालय मौलापुर, रौतहटको लगतमा दर्ता कायम रहेको सावित रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं. ८क (हाल बौधीमाई न.पा. वडा नं. ७) स्थित कित्ता नं. १३६५ को क्षेत्रफल ०-०-१० (विगाहा) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। ३) मा दुर्गे किराना पसल को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

जमानीकर्ताहरुको विवरण

१) राम शेवक गोसाई	२) विन्दु कुमारी	३) संदीप कुमार गोसाई	४) शोभा गोसाई
स्थायी ठेगानाःरौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं ६ हालको ठेगानाः रौतहट जिल्ला, बौधिमाई न.पा. वडा नं. ८ बाबु : जग्गु गोसाई बाजे: खरवन गोसाई	स्थायी ठेगानाःरौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं ६ हालको ठेगानाः रौतहट जिल्ला, बौधिमाई न.पा. वडा नं. ८ बाबु : पारस नाथ गोसाई ससुरा : जग्गु गोसाई पति : राम शेवक गोसाई	स्थायी ठेगानाःरौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं ६ हालको ठेगानाः रौतहट जिल्ला, बौधिमाई न.पा. वडा नं. ८ बाबु : राम शेवक गोसाई बाजे: जग्गु गोसाई	स्थायी ठेगानाःरौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं ६ हालको ठेगानाः रौतहट जिल्ला, बौधिमाई न.पा. वडा नं. ८ बाबु : रजीन्द्र गोसाई पति : प्रदिप कुमार गोसाई ससुरा : राम शेवक गोसाई

नोटः ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको।

राष्ट्रिय सभा चुनावबारे बहस

जनताले स्वीकार नगरेका वा अपरिपक्व ठानेका व्यक्तिलाई राजनीतिक शक्ति र गणितको बलमा राष्ट्रिय सभामा लैजानु अराजनीतिक अभ्यास हो



● ऋतिक यादव
अग्रलेख

यही ११ माघमा राष्ट्रिय सभामा रिक्त हुने १९ पदमा निर्वाचन गर्ने गरी निर्वाचन आयोगले कार्यतालिका सार्वजनिक गरेसँगै राजनीतिक दलहरू त्यसको तयारीमा जुटेका छन् । २२ पुसमा मनोनयन हुने उक्त निर्वाचनमा भाग लिन संसद्मा प्रतिनिधित्व गर्ने राष्ट्रिय स्वतन्त्र पार्टीबाहेक १२ दलले आयोगमा निवेदन दिएका छन् । यससँगै अबका राष्ट्रिय सभा सदस्य कस्ता हुनुपर्छ, संविधानको मनसाय के हो, आदर्श कानुन तर्जुमा तथा संघीयता कार्यान्वयनको सहजीकरणका खातिर कस्ता पात्र राष्ट्रिय सभा सदस्य पदमा पठाउनु उपयुक्त हुन्छन् लगायत अनेक यक्ष प्रश्नमाथि केन्द्रित भई राजनीतिक तथा कानुनी वृत्तमा छलफल चलिरहेको देखिन्छ । यसै विषयको सेरोफेरोमा केन्द्रित रहेर यस आलेखमा विभिन्न पक्षमा विचार-विमर्श गर्ने प्रयत्न गरिनेछ ।

जनताको सार्वभौमसत्ता प्रयोग गर्ने महत्त्वपूर्ण संस्थाका रूपमा रहेको व्यवस्थापिका वा संसद् कानुन निर्माण गर्ने सर्वोच्च निकाय हो, जसले आफ्नो सम्प्रभु शक्तिबाट विधायन निःसृत गर्छ । विभिन्न मुलुकअनुसार व्यवस्थापिका कतै एक सदनात्मक, कतै दुई सदनात्मक, कतै तीन सदनात्मक त कतै बहुसदनात्मक पनि रहेको पाइन्छ । एक सदनात्मक व्यवस्था अंगीकार गरेका राष्ट्रहरू बंगलादेश, डेनमार्क, इजिप्ट, टर्की, स्विडेनजस्ता मुलुक हुन् भने दुई सदनात्मक व्यवस्था अपनाएका राष्ट्रहरू जर्मनी, भारत, अमेरिका, नेपाल, पाकिस्तानलगायत हुन् । दक्षिण अफ्रिकाको सदन तीन सदनात्मक हो । नेपालको भने केन्द्रमा दुई सदनात्मक व्यवस्था भए पनि प्रदेश र स्थानीय तहमातहतका व्यवस्थापिका भने एक सदनात्मक रहने व्यवस्था छ ।

राष्ट्रिय सभाबारे व्यवस्था : नेपालमा दुई सदनात्मक व्यवस्थापिकाको अभ्यास नौलो होइन । वि.सं. ०१६ को पहिलो आमनिर्वाचन र ०४६ मा पुनः स्थापित बहुदलीय प्रजातान्त्रिक व्यवस्थाका दुवै कालखण्डमा दुई सदनात्मक संसदीय व्यवस्था अभ्यासमा रहेका थिए । ०६२/६३ को जनआन्दोलनबाट पुनः स्थापित प्रतिनिधिसभा, अन्तरिम व्यवस्थापिका-संसद्, दुईवटै संविधानसभा र धारा २९६ बमोजिम संविधानसभाबाट रूपान्तरित संसद् भने एक सदनात्मक थियो । तत्पश्चात् ०७२ मा संविधान जारी भएपछि पहिलोपटक ०७४ माघमा राष्ट्रिय सभा गठन भयो । संवैधानिक व्यवस्थाबमोजिम प्रत्येक प्रदेशबाट कम्तीमा तीनजना महिला, एक दलित र एक अपांगता भएका वा अल्पसंख्यकबाट प्रतिनिधित्व हुने गरी ५६ जनाको एकैसाथ निर्वाचन भयो । त्यसैगरी, एक महिलासहित तीनजना मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट मनोनयन भए । पहिलोपल्ट गठन गर्दा ५९ जना सदस्यमा गोलाप्रथाद्वारा एकतिहाइ सदस्यको कार्यकाल ६ वर्ष, अर्को एकतिहाइको चार र बाँकी एकतिहाइको दुई वर्षको कार्यकाल तोकिएको थियो । ०७४ सालमा गठन हुँदा गोलाप्रथाबाट ६ वर्षको कार्यकाल पूरा भएर आगामी २० फागुनमा एकतिहाइ सांसदको पद रिक्त हुँदै छ ।

राष्ट्रसभा निर्वाचन ऐन, ०७५ बमोजिम पद रिक्त हुनुभन्दा ३५ दिनअगावै निर्वाचन गर्नुपर्ने प्रावधान भएकाले आगामी २० फागुनमा रिक्त हुने एकतिहाइ सदस्यको निर्वाचन यही ११ माघमा हुन लागेको हो । २० फागुनमा रिक्त हुने एकतिहाइ सदस्यमध्ये १९ जना निर्वाचनबाट र एकजना राष्ट्रपतिबाट मनोनयन हुनुपर्ने अवस्था छ । प्रदेश सभा सदस्य, गाउँपालिकाका अध्यक्ष/उपाध्यक्ष, नगरपालिकाका प्रमुख/उपप्रमुख भएको निर्वाचन मण्डलको फरक-फरक मतभारका आधारमा राष्ट्रिय सभा सदस्य निर्वाचित हुने व्यवस्था छ । आयोगले ०७८ को जनगणनाको प्रतिवेदनअनुसार प्रदेश सभाका सांसदको मतभार ५३ र पालिकाका प्रमुख/उपप्रमुखको मतभार १९ तोकेको छ ।

संवैधानिक उद्देश्य : नेपालको संविधानको धारा २७३ (८) मा लेखिएको छ, 'प्रतिनिधिसभा विघटन भएको अवस्थामा संघीय संसद्ले प्रयोग गर्ने अधिकार राष्ट्रिय सभाले प्रयोग गर्नेछ । अर्थात्, राष्ट्रिय सभा अविच्छिन्न प्रवृत्तिको र कहिल्यै रिक्त नहुने स्थायी सभा हो । यसबाट राष्ट्रिय सभाको व्यवस्थापकीय पक्षमा हुने विशेष तथा महत्त्वपूर्ण औचित्य सिद्ध हुन्छ ।



संविधानले राष्ट्रिय सभालाई संघ, प्रदेश र स्थानीय तहको संयोजित अवयवका रूपमा परिकल्पना गरेको छ । संविधानका मूलभूत उद्देश्य राष्ट्रिय सभाले संघसँग प्रदेश र स्थानीय तहको समन्वय गराओस् भन्ने हो । त्यस्तै, प्रदेशहरूको न्यायोचित प्रतिनिधित्व व्यस्थापकीय शक्ति सन्तुलन तथा कार्यकौशल र प्रभावकारिताको सन्तुलनसमेतलाई सम्बोधन गर्न राष्ट्रिय सभा गठन गरिएको देखिन्छ । जसका कारण, प्रदेश र स्थानीय तहले भोगिरहेका समस्याका सवालमा बहस गरेर संघीयता कार्यान्वयनको उद्देश्य प्राप्त गर्ने सैद्धान्तिक उद्देश्यसमेत राष्ट्रिय सभाको हुनुपर्ने देखिन्छ ।

> पटक-पटक मन्त्री भइसकेका तथा प्रदेश र प्रतिनिधिसभाको निर्वाचनमा पराजित भएका अनुहारलाई पुनः अवसर दिनुभन्दा विज्ञ, सामाजिक तथा प्राज्ञिक व्यक्तित्व, पूर्वन्यायाधीश, पूर्वप्रशासकलगायत सक्षम र अनुभवी व्यक्तित्वलाई यसपटक राष्ट्रिय सभामा ल्याएर राजनीतिक दलहरूले उदाहरण पेस गर्न सक्नुपर्छ

संविधानको धारा ८७(१) (ख) मा प्रतिनिधिसभाको सदस्य हुनका लागि पच्चीस वर्षको उमेर पूरा गरेको हुनुपर्ने योग्यता राखेकामा राष्ट्रिय सभाको सदस्य हुन पैँतीस वर्षको हुनुपर्ने बाध्यात्मक प्रावधान राखिएको छ । यसको उद्देश्य राष्ट्रिय सभा परिपक्व, दिग्गज, बौद्धिक, खारिएका, जनताले रुचाउने व्यक्ति र विज्ञ व्यक्ति सामेल हुने थलो होस् भन्ने हो ।

संविधानको धारा १११ (५) अनुसार अर्थबाहेक अन्य विधेयक प्रतिनिधिसभाले पारित गरी राष्ट्रिय सभामा पठाउनुपर्छ । त्यहाँ यो दुई महिनाभित्र पास हुनुपर्छ । विश्वव्यापी प्रचलित मान्यताअनुरूप अर्थ विधेयकमा राष्ट्रिय सभाले सुझाब मात्र दिन सक्छ । प्रतिनिधिसभामा संख्या ठूलो भए पनि प्रतिनिधिसभामा थुप्रै त्रुटि, भूल वा अपरिपक्वता हुन सक्छन् भनी राष्ट्रिय सभाको प्रावधान राखिएको देखिन्छ । यसरी कानुन तर्जुमाको प्रक्रियामा प्रतिनिधिसभाबाट हुने त्रुटिलाई राष्ट्रिय सभाले परिपक्व पार्ने र जनअपेक्षाअनुसार कानुन तर्जुमा हुनुपर्ने संवैधानिक अपेक्षा हुनुपर्छ ।

धारा ८६(२) अनुसार ५९ सदस्यीय राष्ट्रिय सभामा प्रदेश सभाका सदस्य, गाउँपालिकाका हकमा अध्यक्ष/उपाध्यक्ष तथा नगरपालिकाका हकमा मेयर/उपमेयरबाट ५६ जना सदस्य निर्वाचित हुन्छन् । त्यसमा हरेक प्रदेशबाट कम्तीमा तीन महिला, एक दलित र एक अपांगता भएका व्यक्ति वा अल्पसंख्यकसहित आठजना छानिन्छन् । त्यसैगरी, कम्तीमा एकजना महिला हुने गरी तीनजना राष्ट्रपतिबाट मनोनीत हुन्छन् । यसरी सीमान्तकृत, लोपोन्मुख तथा विभेदित समुदायको पनि राष्ट्रको शासन व्यवस्थामा सहभागिता गराई समावेशी र लोकतान्त्रिक शासन व्यवस्थाको स्थापना र विकासका लागि राष्ट्रिय सभाको निर्णायक भूमिका रहन्छ । राष्ट्रिय सभा सदस्यहरू राष्ट्रव्यापी जनप्रतिनिधिका समावेशी प्रतिनिधि भई राष्ट्रिय विविधतालाई झल्काउने सभा हुनुपर्ने संविधानको मकसद रहेको देखिन्छ ।

तितो विगत : दुःखका साथ भन्नुपर्छ- पछिल्लो समय संवैधानिक मनसायविपरीत राष्ट्रिय सभा प्रमुख दलहरूको केवल राजनीतिक स्वार्थ अनुमोदन गराउने सभाको स्वरूपमा परिणत भएको छ । प्रतिनिधिसभामा पराजित व्यक्तिलाई अनेक हतकण्डा प्रयोग गरेर माथिल्लो सदनमा लैजाने र हरूवाहरूको सफल अवतरण गराउने माध्यमका रूपमा राष्ट्रिय सभाको प्रयोग हुन थालेको तथ्यलाई पुष्टि गर्ने थुप्रै दृष्टान्त छन् । यसले संसदीय गरिमाको उपहास मात्र भएको छैन, संविधानको भावनाप्रतिकूल क्रियाकर्मले संविधानकै घोर दुत्कार गरेको छ । जनताले स्वीकार नगरेका वा अपरिपक्व ठानेका व्यक्तिलाई बलजफ्ती त्यहाँ राजनीतिक शक्तिको भरमा लैजानु अराजनीतिक अभ्यासको पराकाष्ठा हो ।

संसद्को माथिल्लो सदन राष्ट्रिय सभाको परिकल्पना र संसारभरिको अभ्यास हेर्ने हो भने यसमा राष्ट्रिय जीवनमा महत्त्वपूर्ण योगदान पुऱ्याएका लब्ध प्रतिष्ठहरूको पर्याप्त प्रतिनिधित्व हुनुपर्नेमा हाम्रो राष्ट्रिय सभाको संरचनामा राष्ट्रिय जनजीवनसँग जोडिएका प्रबुद्ध नागरिकको ठाउँमा केवल पार्टी नेता वा राजनीतिकर्मीको वर्चस्व छ । के संविधानले यस्तै राष्ट्रिय सभाको परिकल्पना गरेको हो त ? यस प्रश्नमा गम्भीर समीक्षा गरिनु जरुरी भइसकेको छ ।

अन्त्यमा, आगामी ११ माघमा हुन लागेको १९ सदस्य पदको चुनावमार्फत राष्ट्रिय सभाको संरचना, कार्यशैली र चरित्र सुधार गर्ने अवसर राजनीतिक दलहरूलाई छ । राष्ट्रिय सभा हिजोजस्तो थियो, अब पनि त्यस्तै भूमिकामा सीमित रहने हो भने यो सुशासन तथा राजनीतिक नैतिकताको धज्जी उडाउने अभ्यास हुन जान्छ । पटक-पटक मन्त्री भइसकेका तथा प्रदेश र प्रतिनिधिसभाको निर्वाचनमा पराजित भएका अनुहारलाई पुनः अवसर दिनुभन्दा विज्ञ, सामाजिक तथा प्राज्ञिक व्यक्तित्व, पूर्वन्यायाधीश, पूर्वप्रशासकलगायत सक्षम र अनुभवी व्यक्तित्वलाई यसपटक राष्ट्रिय सभामा ल्याएर राजनीतिक दलहरूले उदाहरण पेस गर्न सक्नुपर्छ । अब विगतको तितो अनुभवहरूको गम्भीर समीक्षा गरी परिष्कृत र परिमार्जित रूपमा प्रस्तुत भएमा मात्र राष्ट्रिय सभाको गरिमा, महत्त्व र वजन बढ्नेछ ।

(यादव काठमाडौं स्कुल अफ लमा अध्ययनरत छन्)

---

३ प्रश्न

नेपाल प्रहरीका पूर्वएआइजी **नवराज ढकाल**लाई



बालकुमारीमा शुक्रबार भएको घटनामा भिड व्यवस्थापनको जिम्मेवारीमा प्रहरी चुकेको हो ?

प्रहरीले धेरै अप्रेसनल काम गरिरहेको हुन्छ, धेरै भिड व्यवस्थापन गर्छ, सफल र प्रभावकारी अप्रेसनको चर्चा हुँदैन । जब दुर्घटना हुन्छ, त्यसको हाइलाइट हुन्छ । बालकुमारीमा त्यस्तै भयो । भिड नियन्त्रण गर्दा न्यूनतम बल प्रयोग गर्नुपर्छ भन्ने सिद्धान्त छ । जति आवश्यक हो, त्यति मात्र बल प्रयोग हुनुपर्छ । दुई युवकको ज्यान जानेगरी जसरी बालकुमारीमा घटना भयो, यसमा केही न केही कमजोरी पक्कै भएको छ ।

छानबिनअघि नै प्रहरी अधिकारीलाई निलम्बन गर्नु ठीक हो ?

त्यो अवश्य पनि होइन । यसले भविष्यमा झनै समस्या बढ्न सक्छ । छानबिन गरेर मात्र निलम्बन तथा सरुवा जस्ता निर्णय गर्नुपर्थ्यो । यसरी एक्कासि सरुवा र निलम्बन गर्दा सम्बन्धित अधिकृतले धेरै क्षति भोग्छ । संगठनले पनि भोग्नुपर्ने हुन्छ । यस्तो प्रवृत्तिले भिड व्यवस्थापनमा खटिने अन्य अधिकृतले पनि परिस्थितिको फेस गर्न डराउने अवस्था आउन सक्छ । यसले संगठनलाई नै क्षति हुन्छ । कसको कमजोरी हो भनेर छानबिन नै नगरी निलम्बन गर्दा प्रहरी अधिकारीको मनोबल झन् कमजोर हुन्छ ।

भिड नियन्त्रणमा त्रुटि हुन नदिन प्रहरीले आगामी दिनमा के गर्नुपर्ला ?

प्रहरीलाई भिड नियन्त्रणसम्बन्धी तालिममा अझै जोड दिनु जरुरी छ । भिड व्यवस्थापनका सिद्धान्तमा प्रहरी अधिकृत अभ्यस्त भयो भने मात्र फिल्डमा आत्मविश्वास हुन्छ । त्यसका लागि स्रोत साधनमा पनि राज्यले ध्यान दिनु जरुरी छ । अकोतर्फ भिआइपीहरूको आवाजतावजमा पनि सुरक्षा 'क्लियरेन्स'मा थप चनाखो हुनुपर्ने देखिएको छ ।

प्रेरक प्रसंग

दुस्मनको सेवा

कुनै वेला अमेरिकामा दासदासी राख्न पाउने चलन थियो । त्यहाँका धनीमानीले बजारबाट दासदासी किनेर राख्न पाउने व्यवस्था कायम थियो । त्यसै समयमा एकजना धनी मानिसले बेन्कर नामको एउटा अत्यन्त मेहिनेती दास किनेर घरमा ल्याए । बेन्कर निकै परिश्रमी थिए । उनी काममा कहिल्यै ढिलासुस्ती गर्दैनथे । मालिकको सेवा गर्नुलाई आफ्नो धर्म मान्थे । त्यसैले उनका यस्ता गुणबाट मालिक पनि सन्तुष्ट थिए ।



एक दिन बेन्कर आफ्नो मालिकसँगै त्यो स्थानमा गए जहाँ गरिब मानिस जनावरसरी दासका रूपमा बिक्थे । त्यहाँ दासदासी खरिद बिक्री गर्ने हाटबजार नै लाग्थ्यो । त्यहाँ पुगेपछि बेन्करले एउटा बूढो दासलाई देखाउँदै तिनलाई किन्न आफ्ना मालिकलाई अनुरोध गरे । उनको कामबाट अत्यन्तै प्रभावित मालिकले सो आग्रह टार्न नसकी त्यो दास किनेर घर लगे । त्यो बूढो दास पाएपछि बेन्कर पनि अत्यन्तै प्रसन्न भए । उनी ती बूढा दासको मन लगाएर सेवा गर्थे । उनका हरेक क्रियाकलापमा चासो दिइरहेका मालिकलाई उनको व्यवहार देख्दा निकै अचम्म लाग्यो । एक दिन यसबारे बेन्करलाई सोधे । हैन बेन्कर, तिमीले ती बूढा दासको त्यसरी मालिकलाई जस्तै गरी सेवा गर्नुको कारण के हो ? कतै ती दास तिम्रा आफन्त त होइनन् ? मालिकको प्रश्न सुनेपछि बेन्करले जवाफ दिए, 'यी बूढा दास मेरा कुनै नातेदार हैनन्, न त कुनै साथी नै हुन् । बरु यिनी मेरा सबैभन्दा ठूला शत्रु हुन् । बाल्यकालमा यिनैले मलाई दासका रूपमा बेचेका थिए । पछि आफैं समातिए र दास बनाइए । मैले उनलाई एक दिन बजार जाँदा चिनेको थिएँ ।

मेरी आमाले मलाई भन्नुभएको थियो, यदि शत्रु नांगो छ भने उसलाई लुगा देऊ, भोको छ भने खाना खुवाऊ, प्यासी छ भने पानी पिलाऊ । यसैकारण म उनको सेवा गर्दै छु । म आफ्नी आमाले दिएको शिक्षा र मार्गदर्शनमा अघि बढिरहेको छु हजुर ।' बेन्करको यस्तो जवाफ सुनेपछि ती मालिकले बेन्करलाई अँगालो हाले र तत्काल उनलाई स्वतन्त्र गरिदिए ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

विदेश जाने युवा नठगियून्

नेपालमा हिजोआज विदेश जाने लहर निकै बढ्दै गइरहेको छ । १२ कक्षा उत्तीर्ण भएकाहरू अध्ययन गर्न, अध्ययनसँगै काम गर्न र कामै मात्र गर्न पनि बिदेसिने गरेका छन् । नेपालमा काम गर्दै पढ्ने वातावरण नै छैन । त्यसैले, पनि धेरै युवा कक्षा १२ को पढाइपछि विदेश गइरहेका छन् । नेपाल सरकारले स्वदेशमा भनेजति र भनेजस्तो रोजगारीको वातावरण सिर्जना गर्न नसकिरहेको हुनाले ऊ पनि सकभर युवा जनशक्ति विदेश गइदिएहुन्थ्यो भन्ने सोचमा देखिन्छ । यसबाट एकातिर देशमा रोजगारी चाहियो भन्ने युवाको संख्या कम हुन्छ भने अर्कातिर सरकारलाई देश चलाउन आवश्यक रकम रेमिट्यान्सका रूपमा प्राप्त हुन्छ । तर, यसरी कुनै पनि प्रयोजनका लागि विदेश जाने नेपाली युवा पाइलैपाइलामा ठगिइरहेका छन् । देशभित्रै र बाहिर पनि उनीहरू नठगिएको दिन छैन । त्यसैले, सरकारले उनीहरू नठगिने व्यवस्था मिलाउन ढिलो गर्नुहुँदैन ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
2213ncw@gmail.com

अनियमितता छानबिन गर

दूरसञ्चार प्राधिकरणले खरिद गरेको ७८ करोडको एमडिएमएस प्रणालीमा सञ्चार मन्त्रालयले गरेको छानबिनबाट थरीथरीका बदमासी भएको पाइएको समाचार पढियो । बढी दररेट पेस गर्नेको ठेक्का स्वीकृत गर्नुबाटै यस प्रकरणमा अनियमितता भएको छ भन्ने प्रस्ट हुन्छ । अन्यथा, कम दररेट प्रस्तुत गर्ने कम्पनीलाई ठेक्का नदिई किन बढी कबोल गर्नेलाई दिइन्छ ? यति मात्र नभई मन्त्रालयले अनेकौं बदमासी पत्ता लगाएको रहेछ । अब थप निष्पक्ष छानबिन गरी अनियमिततामा संलग्न सबैमाथि कडाभन्दा कडा कारबाही गर ।

● **अनुपम विक**
साँखु, काठमाडौं

जिम्मेवारमाथि कारबाही गरियोस्

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफूलाई सूचना दिने सूचकको गोपनीयता जोगाउनुपर्नेमा सार्वजनिक गरिदिएको हुनाले सूचकले गाउँ नै छाड्नुपर्ने अवस्था आएको समाचार पढ्दा यसमा अख्तियारबाट हदैसम्मको लापरबाही भएको देखिन्छ । अख्तियारको लापरबाहीका कारण समस्यामा परेका स्थानीय सूचकको बाँकी जीवनको सम्पूर्ण जिम्मेवारी अब अख्तियारले नै लिनुपर्छ । यसरी सूचकको व्यक्तिगत विवरण कसले प्रतिवादीलाई जस्ताको तस्तै उपलब्ध गरायो, ऊमाथि छानबिन गरी कडाभन्दा कडा कारबाही र सूचकलाई क्षतिपूर्तिसमेत दिनुपर्छ । भविष्यमा अख्तियारले यस्तो गल्ती नगरोस् ।

● **सुरेश तामाङ**
बनेपा, काभ्रेपलान्चोक

स्वतन्त्रता कसैले रोकेर रोकिँदैन

१५ पुसको नयाँ पत्रिकामा फ्रेडरिक केन्टरको 'ताइबानको चुनाव प्रभावित गर्ने बेइजिङको अभियान' शीर्षकको लेख पढें । कुनै समय नदीमा एउटा लोटा बग्दै थियो । एकजना लोभी मानिस लोटा निकाल्न नदीमा हाम फाले । लोटा त डुब्यो नै, ती लोभी महोदय पनि डुबे । यसैका आधारमा एउटा उखान बनेको छ मधेसमा : 'फ्लानाको लुटिया गुल भयो ।'

रुसको लोटा त डुबी नै सक्यो, अब चीनको बाँकी छ । ताइबान त्यही लोटा हो, जसलाई निकाल्न 'लोभी'ले प्रयास गर्दै छ । मेरो समझमा आउँदैन कि एक चीन नीति भनेको के हो ? द्वितीय विश्वयुद्धपछि धेरै नयाँ राष्ट्रको उदय भयो । त्यसैमा ताइबान पनि एक हो । भोलि यदि भारतले पनि एक भारतको नीति ल्यायो भने चीनले के गर्छ ? ताइबानलाई हटाएर चीनलाई सदस्यता दिने राष्ट्र संघ 'दोगला' हो । सयौं सदस्यमा ताइबान किन अटाउन सक्दैन ? दक्षिणी सुडान देश बन्न सक्छ भने ताइबान किन बन्न सक्दैन ? आजको दिनमा जनताले नचाहे कसैले कसैमाथि कब्जा जमाउन सक्दैन । तर, चीन कब्जा जमाएरै बसेको छ ।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

मोदी सत्तामा आरएसएसलाई फलिफाप

राज्यस्तरमा भाजपाले हासिल गरेको चुनावी विजयभन्दा पनि हिन्दुत्वको उभारका कारण सन् ०२३ आरएसएसका लागि सफल वर्ष बनेको छ



देश/विदेश
● स्यान्तान घोष

प्रधानमन्त्री नरेन्द्र मोदी र प्रभावशाली राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) नेतृत्वमा रहेको भारतमा सन् ०२३ मा भारतभर गम्भीर वैचारिक, सामाजिक र राजनीतिक परिवर्तन भएका छन् । हामीले सन् ०२३ मा आरएसएसअनुकूलका सक्रिय पहलकदमी, रणनीतिक राजनीतिक नियुक्ति र नीतिगत प्रोत्साहन लागू भएको देखेका छौं । सन् ०२३ मा आफ्नो प्रचलन जारी राख्दै आरएसएस मोदी शासनमा अनुकूलन हुन सफल भएको छ ।

भारतीय जनता पार्टी (भाजपा) ले समान नागरिक संहिता (युसिसी) लाई पछ्याउने अटल प्रतिबद्धता व्यक्त गरेको छ । समान नागरिक संहिता आरएसएसको सबैभन्दा लामो समयदेखिको माग हो । यसमा भइरहेको बहसले भाष्यमै परिवर्तन ल्याउनेछ, किनभने समान नागरिक संहिता भारतीय राजनीतिको एक मुख्य भाष्य हो । सन् ०२३ मा समान नागरिक संहिताका लागि आरएसएसले मुखर रूपमा पैरवी गर्नु र त्यसमा प्रधानमन्त्री मोदीको समर्थन हुनुले आरएसएसको राजनीतिक इच्छा र वैचारिक विश्वासको दुर्लभ मिलन हुन पुगेको छ । यसले आरएसएसको एजेन्डालाई मात्र बल पुऱ्याउँदैन, उसको विशाल राजनीतिक विजयको संकेत पनि गर्छ । प्रधानमन्त्री मोदीको स्पष्ट समर्थनले राजनीतिक मान्यताबाट उनी अलग भएको संकेत दिन्छ । यस्तो समर्थनले भारतको शासन परिदृश्यमा आरएसएसको एजेन्डाको परिवर्तनकारी प्रभावलाई स्थापित गर्छ ।

सन् १९५१ को पुणे संकल्पले औपचारिक रूपमा एकल सांस्कृतिक भारतलाई प्रोत्साहन गर्ने आरएसएसको लक्ष्यलाई उजागर गरेको थियो । यो संकल्पको केन्द्रबिन्दु नै समान नागरिक संहिता थियो । एकल सांस्कृतिक भारतको यो उद्देश्य हिन्दू राष्ट्र निर्माण गर्ने आरएसएसको बृहत् उद्देश्यसँग मिल्छ । भाजपाले विस्तृत विधायकीय प्रक्रिया पछ्याउँदै उत्तराखण्डमा समान नागरिक संहिताका लागि विधेयक प्रस्ताव गरेर महत्त्वपूर्ण कदम चालेको छ । हाल यो विधेयकमाथि उत्तराखण्ड विधानसभामा एक विशेष समितिद्वारा समीक्षा चलिरहेको छ । समान नागरिक संहिता कार्यान्वयनको लामो समयदेखिको लक्ष्य पूरा हुने दिशातर्फ जानु आरएसएसको ठूलो उपलब्धि हो ।

मध्य प्रदेश, राजस्थान र छत्तीसगढमा हालैको चुनावी विजयपछि भाजपाले मुख्यमन्त्री नियुक्तिमा रणनीतिक एवं आश्चर्यजनक निर्णय गरेको छ । मध्य प्रदेशको मुख्यमन्त्रीमा ओबिसी समूह (अन्य पिछडिएका जाति) का मोहन यादव, राजस्थानको मुख्यमन्त्रीमा ब्राह्मण समुदायका भजनलाल शर्मा र छत्तीसगढमा आदिवासी नेता विष्णुदेव साईलाई मुख्यमन्त्रीमा नियुक्ति गरिँदा भारतका राजनीतिक पण्डित अचम्मित भएका थिए । यी तीनजना मुख्यमन्त्रीको समानता भाजपा सदस्यतामा मात्रै सीमित छैन, यी नेताको आरएसएससँग पनि बलियो पहुँच छ ।

तर, केही पर्यवेक्षकले मोदीको व्यावहारिक र विकास-उन्मुख रणनीति आरएसएसले परम्परागत रूपमा समर्थन गरेको अधिक कट्टर र संस्कृतिउन्मुख प्राथमिकतासँग सहज रूपमा मेल नखाने पनि तर्क गर्छन् । उदाहरणका लागि आरएसएसका महासचिव एवं संघ परिवारका प्रभावशाली नेता दत्तात्रय होसाबलेले गत वर्ष मोदी सरकारको कडा आलोचना गर्दै भनेका थिए- 'मुलुकको गरिबी हाम्रा लागि राक्षस बनेको छ । यो राक्षसको वध गर्नैपर्छ । यो मुलुकमा २० करोड मानिस अझै गरिबीको रेखामुनि भएको आँकडाले हामीलाई निकै दुखी बनाउँछ ।' कस्मिरलाई लिएर बनेको संवैधानिक प्रावधान धारा ३७० खारेज गर्ने निर्णयलाई सर्वोच्च अदालतको हालैको फैसलाले सदर गर्नु भनेको भारतीय इतिहासमा एक पानीढलो बन्नु हो । सर्वोच्च अदालतको फैसला



तस्बिर : आउटलुक

आरएसएसका लागि वैचारिक विजयको ठूलो क्षण हो । यो फैसला संघको लामो समयदेखिको मागसँग पूर्णतया मेल खान्छ र यसले वैचारिक सफलताको ऐतिहासिक यात्रालाई पुष्टि गर्छ । धारा ३७० मा आरएसएसको अडानको जरो भारत स्वतन्त्र हुँदादेखि नै गढेको हो । अर्थात् तत्कालीन आरएसएसका संघचालक महादेव सदाशिवराव गोलवाल्करले भारत स्वतन्त्र भएलगत्तै कस्मिरका महाराजा हरि सिंहसँग भेटेका थिए । त्यसैगरी भाजपाको मातृपार्टी जनसंघका अध्यक्ष श्यामाप्रसाद मुखर्जीले पनि धारा ३७० को खारेजीको माग गरेका थिए । वाराणसीमा ज्ञानवापी मस्जिद विश्वनाथ मन्दिरसँग जोडिएको छ भन्ने दाबीलाई लिएर चलिरहेको मुद्दा र कृष्ण जन्मभूमिसँग सम्बन्धित मामिलामा भएका कानुनी विकासक्रमले भारतको सामाजिक राजनीतिक परिदृश्यमा ठूलो परिवर्तन आउने संकेत देखाउँछ । यसले भारतमा हिन्दुत्वको नयाँ लहर फैलाउनेछ ।

यी मुद्दाका नतिजा अनिश्चित छन् । तथापि यी ऐतिहासिक स्थल अब कानुनी छानबिनमा परेको तथ्यले सार्वजनिक संकथनमा हिन्दुत्ववादी भाष्यको बढ्दो महत्त्वलाई प्रतिबिम्बित गर्छ । आरएसएसका लागि यी कानुनी लडाइँले भारतभित्र आफूले हिन्दू पहिचानको पुष्टि गर्न लामो समयदेखि प्रयास गरिरहेको देखाउने एक साधन पनि हो । हाल चलिरहेको कानुनी छानबिनका मामिलामा जस्तोसुकै फैसला आए पनि त्यसले देशको सामाजिक-सांस्कृतिक गतिशीलतामा आरएसएसको एजेन्डाले बलियो स्थान पाएको प्रमाणको काम गर्नेछ । राज्यस्तरमा भाजपाले हासिल गरेको चुनावी विजयभन्दा पनि हिन्दुत्वको उभारका कारण सन् ०२३ आरएसएसका लागि सफल वर्ष बनेको छ ।

जातआधारित उँच-नीचलाई कडाइसाथ पालना गर्ने आरएसएसले आफूमा रूपान्तरणकारी परिवर्तन ल्याएको छ । सन् ०२३ मा आरएसएस मोहन भागवतले खुलेरै जात आधारित आरक्षणको समर्थन गरे । यसलाई पूर्ण सामाजिक समतावादी समर्थन भन्न नसकिए पनि भागवतको संकेतले भाजपाको दलित एवं ओबिसी मतदाताप्रतिको रणनीतिमा आरएसएसको अनुकूलन झल्किन्छ । सन् २०२४ मा मोदीका लागि बाह्य चुनौती मात्रै नभई भाजपाभित्रै पनि चुनौती छ, तसर्थ सन् ०२४ मा चुनावी विजयका लागि मोदीलाई आरएसएसको आवश्यकता छ । आरएसएसले मोदीलाई वैचारिक बल, संगठन र सामाजिक लहर उपलब्ध गराउन सक्छ ।

(घोष सेन्ट जेभियर्स कलेज कोलकातामा पत्रकारिता अध्यापन गर्छन्)
द क्विन्टबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ
फोन: ०१- ४५२३४३२

शाखा कार्यालय: भरतपुर, चितवन
फोन: ०५६- ५३३२४०/४१

शाखा कार्यालय: धरान, सुनसरी
फोन: ०२५- ५३३०४८/४९

को

केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी पुन: ७ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०९/१७ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धि १५ (पन्ध्र) र ७ (सात) दिने अन्यन्त जरुरी सार्वजनिक सूचनाहरु विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा जोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना पुन: प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

१. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६२/०१/०४ मा दर्ता नं. ९२४७६/०६८/०६२ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. २२, नयाँसडक स्थित **बराहा नेशनल इन्भेष्टमेन्ट प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. रणध्वोज विश्वकर्माको नाति, इन्द्र कुमार विश्वकर्माको छोरा, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १२ स्थित स्थायी ठेगाना भई हाल का.म.न.पा. वडा नं. २२, काठमाण्डौ बस्ने **शिव कुमार विश्वकर्मा (लामीछाने) (ना.प्र.प.न. २७२०६८/०५४/५५/११७७२, काठमाण्डौ)**

२. ठिकाराम लामगादेको नाति, कृष्ण बहादुर लामगादेको छोरा, झापा जिल्ला, अर्जुनधारा गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भई हाल का.म.न.पा. वडा नं. २२, काठमाण्डौ बस्ने **प्रकाश लामगादे (ना.प्र.प.न. ६९७१०२२, झापा)**

धितोमा रहेको सम्पतिको विवरण

१. **सरिता कालिकोटे (वि.क.)** को नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगातमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १० (सिट नं. १०/ग) स्थित कित्ता नं. ९३२ र ९३४ को क्रमश : क्षेत्रफल ०-१-२-० र ०-०-४-० (बिघा) को घर र जग्गा तथा सो घर र जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

२. **सम्भु मोक्तानको** नाममा मालपोत कार्यालय सुनसरीको लगातमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं. ७ (सिट नं. ७/ग) स्थित कित्ता नं. २५३ र २५५ को क्रमश : क्षेत्रफल ०-०-१०.५-० र ०-०-८-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

३. **शुभ राज खातीको** नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगातमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान न.पा. वडा नं. ४ (सिट नं. ९५६) स्थित कित्ता नं. ९८८ को क्षेत्रफल ०-०-६-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

४. **शुभ राज खातीको** नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगातमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान न.पा. वडा नं. ४ (सिट नं. ९७५) स्थित कित्ता नं. ९९० र ९९१ को क्रमश : क्षेत्रफल ०-०-१-० र ०-०-०-०.२५ (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

५. **अवनिन्द्र निरौलाको** नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगातमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, बाक्रगारा गा.वि.स/न.पा. वडा नं. २ (सिट नं. २/क) स्थित कित्ता नं. ८३४६ को क्षेत्रफल ०-०-१९-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

६. **रोशना मोक्तानको** नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगातमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, इटहरी गा.वि.स/न.पा. वडा नं. ७ (सिट नं. ७/ख) स्थित कित्ता नं. ७१६ को क्षेत्रफल ०-१-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

७. **अम्बर बहादुर विश्वकर्माको** नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगातमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान न.पा. वडा नं. ९ (सिट नं. ९/ख) स्थित कित्ता नं. ७३८ को क्षेत्रफल ०-०-५-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

८. **मान बहादुर विश्वकर्माको** नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगातमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान न.पा. वडा नं. ९ (सिट नं. ९/ग) स्थित कित्ता नं. १८२ को क्षेत्रफल ०-०-१०.७५-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

९. **मान बहादुर विश्वकर्माको** नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगातमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, बाक्रगारा गा.वि.स/न.पा. वडा नं. ५ (सिट नं. ५/ग) स्थित कित्ता नं. ६९२, ७१५ र ७१६ को क्रमश : क्षेत्रफल ०-०-७-०, ०-०-७-० र ०-०-१६.५-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

१०. **मान बहादुर विश्वकर्माको** नाममा मालपोत कार्यालय सुनसरीको लगातमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, बाक्रगारा गा.वि.स/न.पा. वडा नं. २ (सिट नं. २/क) स्थित कित्ता नं. ८३४४ को क्षेत्रफल ०-०-१९-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

२. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति : २०६४/१०/२९ मा दर्ता. नं. ५१६५२/०६४/०६५ कायम भई दर्ता भएको काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. २२, नयाँसडक स्थित **बराह ज्वेलरी ईन्डष्ट्रिज प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. रणध्वोज विश्वकर्माको नाति, इन्द्र कुमार विश्वकर्माको छोरा, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १२ स्थित स्थायी ठेगाना भई हाल का.म.न.पा. वडा नं. २२, काठमाण्डौ बस्ने **शिव कुमार विश्वकर्मा (लामीछाने) (ना.प्र.प.न. २७२०६८/०५४/५५/११७७२, काठमाण्डौ)**

२. रणध्वोज विश्वकर्माको बुहारी, इन्द्र कुमार विश्वकर्माको पत्नी, झापा जिल्ला, अर्जुनधारा गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भई हाल का.म.न.पा. वडा नं. २२, काठमाण्डौ बस्ने **विष्णु माया विश्वकर्मा (ना.प्र.प.न. ६९७१३०२, झापा)**

३. छविलाल विश्वकर्माको नाति, धनविर विश्वकर्माको छोरा, भोजपुर जिल्ला, बैकुण्ठे गा.वि.स./न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **मान बहादुर विश्वकर्मा (ना.प्र.प.न. २२४३/१२११७, सुनसरी)**

धितोमा रहेको सम्पतिको विवरण

१. **विष्णु माया विश्वकर्मा र शिव कुमार विश्वकर्मा (लामीछाने)** को संयुक्त नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंको लगातमा दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २२ स्थित कित्ता नं. ६३०, ६३१, १२४५, १२४७ र १२४९ को क्रमश : क्षेत्रफल ०-०-२-०, ०-०-२-०, ०-०-०-१, ०-०-०-१ र ०-०-०-१ (रोपनी) को घर र जग्गा तथा सो घर र जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

२. **बराह ज्वेलरी ईन्डष्ट्रिज प्रा.लि.** को नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगातमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं. ५ (सिट नं. ५) स्थित कित्ता नं. ३४० को क्षेत्रफल ०-०-८-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

३. **बराह ज्वेलरी ईन्डष्ट्रिज प्रा.लि.** को नाममा मालपोत कार्यालय बेलवारी, मोरङ्गको लगातमा दर्ता श्रेस्ता कायम रहेको मोरङ्ग जिल्ला, मधुमल्ला गा.वि.स/न.पा. वडा नं. ९ (सिट नं. ९/घ) स्थित कित्ता नं. १८४३, २६६ र १११७ को क्रमश : क्षेत्रफल ०-६-०-०, ०-२-१७-१ र ०-५-३-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

४. **बराह ज्वेलरी ईन्डष्ट्रिज प्रा.लि.** को नाममा मालपोत कार्यालय धनकुटाको लगातमा दर्ता श्रेस्ता कायम रहेको धनकुटा जिल्ला, कार्कीछाप गा.वि.स/न.पा. वडा नं. ५(सिट नं. ५) स्थित कित्ता नं. ९६४, ९६२, १०२३, ९६१ र ९६३ को क्रमश : क्षेत्रफल ०-३-०-०, ०-१-०-०, ०-५-०-०, ०-५-२-० र ०-२-०-० (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

५. **बराह ज्वेलरी ईन्डष्ट्रिज प्रा.लि.** को नाममा मालपोत कार्यालय धनकुटाको लगातमा दर्ता श्रेस्ता कायम रहेको धनकुटा जिल्ला, कार्कीछाप गा.वि.स/न.पा. वडा नं. ७ (सिट नं. ७) स्थित कित्ता नं. ५६५, ५५२, ५५५ र ५५३ को क्रमश : क्षेत्रफल ०-६-०-१, ०-७-२-०, १-१०-३-० र ०-७-२-३ (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

६. **बराह ज्वेलरी ईन्डष्ट्रिज प्रा.लि.** को नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगातमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं. ९ (सिट नं. ९/ख) स्थित कित्ता नं. ८६३ र ८६० को क्रमश : क्षेत्रफल ०-०-३-० र ०-०-३.२५-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

७. **मान बहादुर विश्वकर्माको** नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगातमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, घोपा गा.वि.स./न.पा. वडा नं. २ (सिट नं. २/क) स्थित कित्ता नं. ५३२२, २६२७ र २६२९ को क्रमश : क्षेत्रफल ०-०-३.७५-०, ०-०-७.५-० र ०-०-२.५-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

८. **बराह ज्वेलरी ईन्डष्ट्रिज प्रा.लि.** को नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगातमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, बाक्रगारा गा.वि.स/न.पा. वडा नं. २ (सिट नं. २/ग) स्थित कित्ता नं. १६२२ को क्षेत्रफल ०-०-६-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

९. **बराह ज्वेलरी ईन्डष्ट्रिज प्रा.लि.** को नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगातमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, बाक्रगारा गा.वि.स/न.पा. वडा नं. ३ (सिट नं. ३/ङ) स्थित कित्ता नं. १९३० को क्षेत्रफल ०-०-१७.५-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

१०. **बराह ज्वेलरी ईन्डष्ट्रिज प्रा.लि.** को नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगातमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, घोपा गा.वि.स/न.पा. वडा नं. ४ (सिट नं. ४/क) स्थित कित्ता नं. ६१९, ५४३ र ५४२ को क्रमश : क्षेत्रफल ०-०-५-०, ०-१-०-० र ०-१-०-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

११. **मान बहादुर विश्वकर्माको** नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगातमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ३ (सिट नं. ३/ख) स्थित कित्ता नं. ७७३ को क्षेत्रफल ०-०-१९-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

१२. **बराह ज्वेलरी ईन्डष्ट्रिज प्रा.लि.** को नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगातमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ३ (सिट नं. ३/झ) स्थित कित्ता नं. ७६२, ७४० र ७६३ को क्रमश : क्षेत्रफल ०-०-१३-०, ०-०-६-० र ०-०-७-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

१३. **बराह ज्वेलरी ईन्डष्ट्रिज प्रा.लि.** को नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगातमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, हांसपोसा गा.वि.स./न.पा. वडा नं. ६ (सिट नं. ६/क) स्थित कित्ता नं. १०३९, १०७७ र १०३७ को क्रमश : क्षेत्रफल ०-०-१०-०, ०-०-१-० र ०-०-५-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

१४. **शिव कुमार विश्वकर्मा (लामीछाने)** को नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगातमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ७ (सिट नं. ७/क) स्थित कित्ता नं. १३०२, ४३९८, ८६१८ र ८६१५ को क्रमश : क्षेत्रफल ०-०-१०-०, ०-१-०-०, ०-०-१०.५-० र ०-०-९.५-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

१५. **विष्णु माया विश्वकर्माको** नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगातमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं. ९ (सिट नं. ९/ग) स्थित कित्ता नं. ७७ को क्षेत्रफल ०-१-०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

१६. **रिना राईको** नाममा मालपोत कार्यालय भरतपुर, चितवनको लगातमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, नारायणगढ गा.वि.स./न.पा. वडा नं. ६ (सिट नं. ६/ख) स्थित कित्ता नं. ७४५१ को क्षेत्रफल ०-०-६.२५-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

१७. **विष्णु माया विश्वकर्मा र शिव कुमार विश्वकर्मा (लामीछाने)** को संयुक्त नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगातमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान न.पा. वडा नं. ७ (सिट नं. ७/क) स्थित कित्ता नं. ५६३४ को क्षेत्रफल ०-२-१३-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

१८. **विष्णु माया विश्वकर्मा र शिव कुमार विश्वकर्मा (लामीछाने)** को संयुक्त नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगातमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ९ (सिट नं. ९/ग) स्थित कित्ता नं. ३४१ र ३९६ को क्रमश : क्षेत्रफल ०-०-१२-१ र ०-०-४-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

१९. **विष्णु माया विश्वकर्मा र शिव कुमार विश्वकर्मा (लामीछाने)** को संयुक्त नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगातमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ९ (सिट नं. ९/ग) स्थित कित्ता नं. ३४ र ३३८ को क्रमश : क्षेत्रफल ०-०-११-० र ०-१-७-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

२०. **मान बहादुर विश्वकर्माको** नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगातमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, घोपा गा.वि.स./न.पा. वडा नं. ४ (सिट नं. ४/ग) स्थित कित्ता नं. ६८४ को क्षेत्रफल ०-१-०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

२१. **बराह ज्वेलरी ईन्डष्ट्रिज प्रा.लि.** को नाममा मालपोत कार्यालय लगानखेल, ललितपुरको लगातमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. ४ (सिट नं. ४/ट) सनराइज अपार्टमेन्ट स्थित कित्ता नं. २५, २८, २९, ३१, ३७, ३८, ३९ र २२४ को जम्मा क्षेत्रफल १०३६ वर्ग फिट को घर र जग्गा तथा सो घर र जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

२२. **शिव कुमार विश्वकर्मा (लामीछाने)** को नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगातमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, चतरा गा.वि.स./न.पा. वडा नं. ४ (सिट नं. ४/ङ) स्थित कित्ता नं. ८७४, ८८१ र ८७५ को क्रमश : क्षेत्रफल ०-१-१८.५-०, ०-१-११.५-०, ०-०-३.५-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

३. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७८/०४/२८ मा दर्ता नं. २६७९२५/०७८/०७९ कायम भई दर्ता भएको सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ८, घनकुटे रोड स्थित **श्रीपा सुपर मार्केट स्टोर प्रा. लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. रणध्वोज विश्वकर्माको नाति, इन्द्र कुमार विश्वकर्माको छोरा, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १२ स्थित स्थायी ठेगाना भई हाल का.म.न.पा. वडा नं. २२, काठमाण्डौ बस्ने **शिव कुमार विश्वकर्मा (लामीछाने) (ना.प्र.प.न. २७२०६८/०५४/५५/११७७२, काठमाण्डौ)**

२. रणध्वोज विश्वकर्माको बुहारी, इन्द्र कुमार विश्वकर्माको पत्नी, झापा जिल्ला, अर्जुनधारा गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भई हाल का.म.न.पा. वडा नं. २२, काठमाण्डौ बस्ने **विष्णु माया विश्वकर्मा (ना.प्र.प.न. ६९७१३०२, झापा)**

धितोमा रहेको सम्पतिको विवरण

१. **श्रीपा सुपर मार्केट स्टोर प्रा.लि.** को नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगातमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान गा.वि.स/न.पा. वडा नं. ७ (सिट नं. ७/ख) स्थित कित्ता नं. ९६३, १२३०, २३८३, २४५०, १२२९, १२३२ र २५४४ को क्रमश : क्षेत्रफल ०-०-०.५-०, ०-३-१२.५-०, ०-०-१९.२५-०, ०-०-४-०, ०-१-०-०, ०-०-९-० र ०-०-०.५-० (बिघा) को घर र जग्गा तथा सो घर र जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

२. **डम्बर विश्वकर्मा लामिछानेको** नाममा मालपोत कार्यालय धनकुटाको लगातमा दर्ता श्रेस्ता कायम रहेको धनकुटा जिल्ला, कार्कीछाप गा.वि.स/न.पा. वडा नं. ७ स्थित कित्ता नं.७८५ को क्षेत्रफल ३-१५-२-२ (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

३. **प्राइम कमर्सियल बैंक लिमिटेडको नाममा यातायात व्यवस्था कार्यालय बागमतीमा दर्ता रहेको तपसिल बमोजिमको सवारीसाधन :**

क्र.सं.	सवारीको मोडल	इन्जिन नं.	च्यासिस नं.	दर्ता नं.
१.	NISSAN Magnite - 2021	016786C	MDHFBADD0M9033371	बागमती प्रदेश-०१-०२६ च ६३३५

४. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७६/०६/०९ मा दर्ता नं. २२५७०५/०७६/०७७ कायम भई दर्ता भएको सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १२, महेन्द्र पथ स्थित **बराह डिपार्टमेन्ट स्टोर प्रा. लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. रणध्वोज विश्वकर्माको नाति, इन्द्र कुमार विश्वकर्माको छोरा, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १२ स्थित स्थायी ठेगाना भई हाल का.म.न.पा. वडा नं. २२, काठमाण्डौ बस्ने **शिव कुमार विश्वकर्मा (लामीछाने) (ना.प्र.प.न. २७२०६८/०५४/५५/११७७२, काठमाण्डौ)**

२. छविलाल विश्वकर्माको नाति, धनविर विश्वकर्माको छोरा, भोजपुर जिल्ला, बैकुण्ठे गा.वि.स./न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **मान बहादुर विश्वकर्मा (ना.प्र.प.न. २२४३/१२११७, सुनसरी)**

३. रणध्वोज विश्वकर्माको नातिनी, इन्द्र कुमार विश्वकर्माको छोरी, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १२ स्थित स्थायी ठेगाना भएको **मन्दीरा लामिछाने विश्वकर्मा (ना.प्र.प.न. २४२०६/०६१/६२, सुनसरी)**

४. लालविर सुनार (वि.क.) को नाति, लक्ष्मण सुनार (वि.क.) को छोरा, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ११ स्थित स्थायी ठेगाना भएको **रवि सुनार (वि.क.) (ना.प्र.प.न. ३९१६७/०६५/६६, सुनसरी)**

धितोमा रहेको सम्पतिको विवरण

१. **प्राइम कमर्सियल बैंक लिमिटेडको नाममा यातायात व्यवस्था कार्यालय बागमतीमा दर्ता रहेको तपसिल बमोजिमको सवारीसाधन :**

क्र.सं.	सवारीको मोडल	इन्जिन नं.	च्यासिस नं.	दर्ता नं.
१.	NISSAN Magnite XV- 2021	017003C	MDHFBADD0M9032564	बागमती प्रदेश-०१-०२६ च ३०२७

५. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६८/०२/२६ मा दर्ता नं. ८३८४३/०६७/०६८ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ११, सुन्धारा स्थित **ठाइम्स रेमिट प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. धर्म रत्न स्थापित (सिलाकार) को नाति, सप्र रत्न स्थापित (सिलाकार) को छोरा, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १९ स्थित स्थायी ठेगाना भएको **प्रमिल स्थापित (सिलाकार) (ना.प्र.प.न. ५६५४, काठमाण्डौ)**

२. रणध्वोज विश्वकर्माको नाति, इन्द्र कुमार विश्वकर्माको छोरा, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १२ स्थित स्थायी ठेगाना भई हाल का.म.न.पा. वडा नं. २२, काठमाण्डौ बस्ने **शिव कुमार विश्वकर्मा (लामीछाने) (ना.प्र.प.न. २७२०६८/०५४/५५/११७७२, काठमाण्डौ)**

धितोमा रहेको सम्पतिको विवरण

१. **ठाइम्स रेमिट प्रा. लि.** को नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगातमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान गा.वि.स/न.पा. वडा नं. ७ (सिट नं. ७/ख) स्थित कित्ता नं. ७६३, ७६४ र ७६५ को क्रमश : क्षेत्रफल ०-०-०.५-०, ०-०-०.५-० र ०-०-१-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

२. **डम्बर विश्वकर्मा लामिछानेको** नाममा मालपोत कार्यालय धनकुटाको लगातमा दर्ता श्रेस्ता कायम रहेको धनकुटा जिल्ला, कार्कीछाप गा.वि.स/न.पा. वडा नं. ७ स्थित कित्ता नं.७८५ को क्षेत्रफल ३-१५-२-२ (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

३. **प्राइम कमर्सियल बैंक लिमिटेडको नाममा यातायात व्यवस्था कार्यालय बागमतीमा दर्ता रहेको तपसिल बमोजिमको सवारीसाधन :**

क्र.सं.	सवारीको मोडल	इन्जिन नं.	च्यासिस नं.	दर्ता नं.
१.	NISSAN Magnite - 2021	016786C	MDHFBADD0M9033371	बागमती प्रदेश-०१-०२६ च ६३३५

६. ऋणीको विवरण

रणध्वोज विश्वकर्माको नाति, इन्द्र कुमार विश्वकर्माको छोरा, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १२ स्थित स्थायी ठेगाना भई हाल का.म.न.पा. वडा नं. २२, काठमाण्डौ बस्ने **शिव कुमार विश्वकर्मा (लामीछाने) (ना.प्र.प.न. २७२०६८/०५४/५५/११७७२, काठमाण्डौ)**

व्यक्तिगत जमानतकर्ताको विवरण

रणध्वोज विश्वकर्माको बुहारी, इन्द्र कुमार विश्वकर्माको पत्नी, झापा जिल्ला, अर्जुनधारा गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भई हाल का.म.न.पा. वडा नं. २२, काठमाण्डौ बस्ने **विष्णु माया विश्वकर्मा (ना.प्र.प.न. ६९७१३०२, झापा)**

नोट : माथि उल्लेखित ऋणीको विवरण नं. २ को धितोमा रहेको सम्पतिको विवरण नं. १ मा रहेको सम्पति ऋणी ठाइम्स रेमिट प्रा. लि. र शिव कुमार विश्वकर्मा (लामीछाने) को लागि समेत धितोमा रहेको ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८०/०९/१७ गते मंगलवारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग, तथा शाखा कार्यालयहरु धरान, सुनसरी र भरतपुर, चितवनबाट प्राप्त गर्न सकिनेछ ।

२. छट्टाछुट्टै धितोको लागि छट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।

३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२०००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ ।

४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

५. शिलबन्दी बोलपत्र मिति २०८०/०९/२३ गते सोमवार कार्यालय समय भित्र २ नं. ऋणीको धितोमा रहेको सम्पत

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मितिः २०८०/०९/१७

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (साबिक सिर्जना फाईनान्स लिमिटेड) को शाखा कार्यालय, राजबिराज सप्तरीबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ,ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले **ऋणी रेवती रमण भगत** को हकमा मिति वि.सं. २०८०/०१/०५ मा र **गुलाब यादव, मुनि लाल खंग खत्वे** एवम् **बबिता कुमारी रजक**को हकमा मिति २०८०/०५/२७ मा "नयाँ पत्रिका" राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ, ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड, शाखा कार्यालय, राजबिराज दिनको ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराईएको छ ।

तपसिल

१. कर्जा शिर्षक : सिटिजन्स वन जोन वन प्रोडक्ट आवधिक कर्जा

ऋणीको नाम र ठेगाना		जमानीकर्ताहरुको नाम र ठेगाना	
नाम	: रेवती रमण भगत	१. नाम	: शंकर प्रसाद भगत
बुबा	: शंकर प्रसाद भगत	बुबा	: मनलखन भगत
बाजे	: मनलखन भगत	बाजे	: कुञ्जबिहारी भगत
ठेगाना	: रायपुर गा.वि.स. वडा नं. ०८, सप्तरी	ठेगाना	: बर्साइन गा.वि.स. वडा नं. ०१, सप्तरी
हाल	: रुपनी गा.पा. वडा नं.०१, सप्तरी	हाल	: रुपनी गा.पा.वडा नं. ०१, सप्तरी
ना.प्र.नं.	: ६५८९	ना.प्र.नं.	: ७६७८३०२६
जारी मिति	: २०५९/०४/३०	जारी मिति	: २०३५/०४/३२
जि.प्र.का.	: सप्तरी	जि.प्र.का.	: सप्तरी
२.नाम	: चेतन भगत	३.नाम	: सरोज कुमारी साह भगत
बुबा	: शंकर प्रसाद भगत	बुबा	: राम नाथ साह
बाजे	: मनलखन भगत	पती	: रेवती रमण भगत
ठेगाना	: रायपुर गा.वि.स. वडा नं. ०८, सप्तरी	ससुरा	: शंकर प्रसाद भगत
हाल	: रुपनी गा.पा. वडा नं.०१, सप्तरी	ठेगाना	: रुपनी गा.पा. वडा नं. ०१, सप्तरी
ना.प्र.नं.	: ६७५२	हाल	: रुपनी गा.पा. वडा नं.०१, सप्तरी
जारी मिति	: २०६०/०४/०६	ना.प्र.नं	: १६-०१-७४-०१९९५
जि.प्र.का.	: सप्तरी	जारी मिति	: २०७४/०९/२६
		जि.प्र.का.	: सप्तरी

धितो राखिएको सम्पत्ति विवरण

जग्गाधनीको नाम : रेवती रमण भगत

सि.नं	जिल्ला	न.पा./गा.वि.स.	वडा नं/नक्सा सिट	कि.नं.	क्षेत्रफल (वि.क.धु)	कैफियत
१.	सप्तरी	राजबिराज	५क	१३५९	०-०-३	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत ।
२.	सप्तरी	राजबिराज	५क	१३६१	०-०-३	
३.	सप्तरी	राजबिराज	५क	१५२३	०-०-१.२५	
४.	सप्तरी	राजबिराज	५क	१५२५	०-०-०.७५	
५.	सप्तरी	राजबिराज	५क	२०३१	०-०-०.७५	
६.	सप्तरी	राजबिराज	५क	२०३३	०-०-०.७५	

२. कर्जा शिर्षक : सिटिजन्स फास्ट ट्रयाक आवधिक कर्जा

ऋणीको नाम र ठेगाना :		जमानीकर्ताको नाम र ठेगाना	
नाम	: गुलाब यादव	नाम	: सनझा देवी यादव
बाबु	: खटर यादव	बाबु	: टुनटुन यादव
बाजे	: नथु यादव	पती	: गुलाब यादव
ठेगाना	: राजबिराज न.पा. वडा नं. ०५, सप्तरी	ससुरा	: खटर यादव
हाल	: राजबिराज न.पा. वडा नं.०८, सप्तरी	ठेगाना	: राजबिराज न.पा. वडा नं. ०५, सप्तरी
ना.प्र.नं.	: ७६०८५३४५	हाल	: राजबिराज न.पा. वडा नं.०८, सप्तरी
जारी मिति	: २०५०/१२/२०	ना.प्र.नं	: १६-०१-६९-०५२६१
जि.प्र.का.	: सप्तरी	जारी मिति	: २०६९/१२/२३
		जि.प्र.का.	: सप्तरी

धितो राखिएको सम्पत्तिको विवरण

सुरक्षण धनिको नाम : गुलाब यादव

जिल्ला	न.पा./गा.वि.स.	वडा नं./नक्सा सिट	कि.नं.	क्षेत्रफल (वि.क.धु)	कैफियत
सप्तरी	राजबिराज	५क	३४२१	०-०-८	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत ।

३. कर्जा शिर्षक : सिटिजन्स फास्ट ट्रयाक ओ.डी. कर्जा

ऋणीको नाम र ठेगाना :		जमानीकर्ताहरुको नाम र ठेगाना	
नाम	: मुनि लाल खंग खत्वे	१. नाम	: बिमला देवी खत्वे
बाबु	: बाबुजी खंग	बाबु	: बच्चु खंग
बाजे	: रामी खंग	पती	: मुनि लाल खंग खत्वे
ठेगाना	: मलेकपुर गा.वि.स वडा नं. ०१, सप्तरी	ससुरा	: बाबुजी खंग
हाल	: विष्णुपुर गा.पा. वडा नं. ०१, सप्तरी	ठेगाना	: जमुनी मधेपुरा गा.वि.स वडा नं. ०२, सप्तरी
ना.प्र.नं.	: ५९२४१७५४	हाल	: विष्णुपुर गा.पा. वडा नं. ०१, सप्तरी
जारी मिति	: २०३४/११/१२	ना.प्र.नं.	: ३७८३
जि.प्र.का.	: सप्तरी	जारी मिति	: २०४६/०२/११
		जि.प्र.का.	: सप्तरी
२. नाम	: तिरुपति नाथ मण्डल खंग	३. नाम	: मोती लाल मंडल (खंग)
बाबु	: मुनि लाल खंग खत्वे	बाबु	: मुनि लाल खंग खत्वे
बाजे	: बाबुजी खंग	बाजे	: बाबुजी खंग
ठेगाना	: जमुनी मधेपुरा गा.वि.स वडा नं. ०२, सप्तरी	ठेगाना	: जमुनी मधेपुरा गा.वि.स वडा नं. ०२, सप्तरी
हाल	: विष्णुपुर गा.पा. वडा नं. ०१, सप्तरी	हाल	: विष्णुपुर गा.पा. वडा नं. ०१, सप्तरी
ना.प्र.नं.	: १६१०५३/५०४	ना.प्र.नं	: १६-०१-६९-००५१९
जारी मिति	: २०७०/०४/२०	जारी मिति	: २०६९/०६/२३
जि.प्र.का.	: सप्तरी	जि.प्र.का.	: सप्तरी

धितो राखिएको सम्पतिको विवरण

सुरक्षण धनिको नाम : मुनि लाल खंग खत्वे

जिल्ला	न.पा./गा.वि.स.	वडा नं./नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल (वि.क.धु)	कैफियत
सप्तरी	जमुनी मधेपुरा	२ख	८९	०-३-१६.५०	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत ।
सप्तरी	जमुनी मधेपुरा	२ख	२९१	०-३-१६.५०	

४. कर्जा शिर्षक : सिटिजन्स फास्ट ट्रयाक आवधिक कर्जा

ऋणीको नाम र ठेगाना :		जमानीकर्ताको नाम र ठेगाना	
नाम	: बबिता कुमारी रजक	नाम	: मुंगा लाल साफी
बाबु	: तनुक लाल साफी	बाबु	: कुसुम लाल साफी
पती	: गजेन्द्र रजक	बाजे	: बहुरी साफी
ससुरा	: मुंगा लाल साफी	ठेगाना	: बिषहरिया गा.वि.स वडा नं. ०९, सप्तरी
ठेगाना	: बिषहरिया गा.वि.स वडा नं. ०९, सप्तरी	हाल	: राजबिराज न.पा. वडा नं. १२, सप्तरी
हाल	: राजबिराज न.पा. वडा नं. १२, सप्तरी	ना.प्र.नं.	: १६२१८२१
ना.प्र.नं.	: १६१०३४/६९२	जारी मिति	: २०३६/०१/१३
जारी मिति	: २०६९/०२/२५	जि.प्र.का.	: सप्तरी
जि.प्र.का.	: सप्तरी		

धितो राखिएको सम्पत्तिको विवरण

सुरक्षण धनिको नाम : बबिता कुमारी रजक

जिल्ला	न.पा./गा.वि.स.	वडा नं./नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल (वि.क.धु)	कैफियत
सप्तरी	चनौरा पडरिया	५	१२३५	०-०-७.५०	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत ।

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

लिलाम बिक्रीको बारेमाजानकारी एवं शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्रदाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्तिदिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिनभित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतःजफत हुनेछ ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा पुनः लिलाम बिक्री गर्ने वा उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनु हुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालय र राजबिराज शाखा कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

लिलाम खोलिने मिति :- २०८०/१०/०३ गते, बुधबार
समय :- दिनको ४:०० बजे
स्थान :-सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड, शाखा कार्यालय, राजबिराज ।

Citizens Bank

मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४४२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

सिनर्जी पावर डेभलपमेन्ट लिमिटेड

बालुवाटार, काठमाडौं

१७औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति : २०८०/०५/१७ गते)

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८०/०९/०६ गते शुक्रबार दिउँसो १४:३० बजे बसेको सञ्चालक समितिको १४२औं बैठकको निर्णय बमोजिम आ.व.२०७९/०८० को १७औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न लिखित प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्नुपर्ने भएको हुँदा शेयरधनी स्वयं उपस्थित हुन वा रीत पूर्वक प्रतिनिधि मुकरर गरी पठाईदिनुहुन सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, समय र स्थानः

मिति : २०८० साल पौष २९ गते आइतबार (तदअनुसार १४ जनवरी, २०२४)
समय : बिहान ९:०० बजे ।
स्थान : डेलिस ओपेरा रेष्ट्रो एण्ड व्याइक्वेट, बालुवाटार, काठमाडौं ।

वार्षिक साधारण सभाको विषयसूची

१. सञ्चालक समितिकोतर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०७९।०८० को वार्षिक आर्थिक विवरण सहितको वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०७९।०८० को लेखापरीक्षकको प्रतिवेदन र सोही आ.व.को वार्षिक वित्तीय विवरण अन्तर्गत वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र सोसँग सम्बन्धित सम्पूर्ण अनुसूचिहरु स्वीकृति गर्ने सम्बन्धमा ।
३. आ.व. २०८०।०८१ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारीश्रमिक तोक्ने सम्बन्धमा । (वर्तमान लेखापरीक्षक पिवाईसि एण्ड एसोसियट्सका साझेदार यज्ञराज भट्ट, चार्टर्ड एकाउन्टेन्स पुनः नियुक्तीका लागि योग्य हुनुहुन्छ ।)
४. विविध ।

नोट : कम्पनीको वार्षिक साधारणसभा सम्बन्धी थप जानकारीका लागि मिति २०८०/०९/०७ गते प्रकाशित नयाँ पत्रिका राष्ट्रिय दैनिकमा हेर्नुहुन अनुरोध गर्दछु ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ७ दिने सूचना

प्रकाशित मिति : २०८०/०९/१७ गते

यस माछापुच्छे बैंक लि. गुल्रिया शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले आफ्नो उद्योग/व्यापार, व्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने सावाँ, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०८०/०५/१५ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार लिलामद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु ०८ (आठौं) दिनका दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, शेयरधनी/सञ्चालक/प्रोप्राइटर/ तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रक्रया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, शेयरधनी/सञ्चालक/प्रोप्राइटर/ सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारवाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत विशेष अनुरोध गरिएको छ ।

तपसिल

ऋणीको नाम, ठेगाना
नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय बर्दियाको कार्यालयमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता रहेको **श्री अधिकारि किचन एण्ड इलेक्ट्रोनिक्स पसल** । प्रा.फ.र.नं. १६६/४४३८/०७३/०७४, दर्ता मिति : २०७३/०५/२४, पान नं. ६०५०८३५५६, दर्ता मिति : २०७३/०५/२७ ठेगाना : बर्दिया जिल्ला, गुलरिया वडा नं. ६ **प्रोप्राइटर : गणेश अधिकारी**

व्यक्तिगत जमानतकर्ताहरु

१. एकुमाया अधिकारी ना.प्र.नं. ३०७८२, जि.प्र.का. नवलपरासी जारी मितिः २०५९/१०/२९ पति : केदार नाथ अधिकारी, ससुरा : जगत प्रसाद अधिकारी बाबु : उमानाथ काफ्ले ठेगाना : नवलपरासी जिल्ला, कावासोति वडा नं. ५	**२. गणेश अधिकारी** ना.प्र.नं. ६५-०१-७३-०१६४०, जि.प्र.का. बर्दिया जारी मितिः २०७३/०२/२७ बाबु : केदार नाथ अधिकारी, बाजे : जगत प्रसाद अधिकारी ठेगाना : बर्दिया जिल्ला, कालीका वडा नं. ८
३. शोभा शर्मा ना.प्र.नं. ६५-०१-७४-०३३३७, जि.प्र.का. बर्दिया जारी मितिः २०७४/०४/१८ पति : गणेश अधिकारी, ससुरा : केदार नाथ अधिकारी बाबु : मोहन दत्त शर्मा ठेगाना : बर्दिया जिल्ला, बढैयाताल वडा नं. ८	**४. केदार नाथ अधिकारी** ना.प्र.नं. ४९८३, जि.प्र.का. नवलपरासी जारी मिति : २०५४/०३/१८ बाबु : जगत प्रसाद अधिकारी, बाजे : लिलाधर अधिकारी ठेगाना : नवलपरासी जिल्ला, कावासोति वडा नं. ५

धितोमा रहेको सम्पतिको विवरण

१. जगत प्रसाद अधिकारीको नाती, केदार नाथ अधिकारीको छोरा, बर्दिया जिल्ला, कालीका वडा नं. ८ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला, बढैयाताल गा.पा. वडा नं. ८ बस्ने गणेश अधिकारीको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियामा दर्ता कायम भएको बर्दिया जिल्ला, कालीका गा.वि.स. वडा नं. ६ स्थित कि.नं. ८१७ को क्षेत्रफल ४३५६.५५ (व.मि.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित घर आदी सम्पूर्ण लिगलगापात समेत ।
२. श्री अधिकारि किचन एण्ड इलेक्ट्रोनिक्स पसलले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तीको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ती र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु ।

लिलाम बिक्रीको शर्त तथा बन्देजहरु

१. बोलपत्र फारम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ । म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक बिदा परेमा बिदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ । सो तोकिए अनुसारको दिन बिदा परेमा त्यसपछिको लगतै बैंक खुलेको दिन दिउँसो ठीक १२:०० बजे सम्ममा कारोबार गरी बोलपत्र खोल्न सकिनेछ ।
४. बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
५. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा बैंक भौचर/गुडफर पेमेन्ट चेक समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ ।
६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ (सात) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ । उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
७. कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ । लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ ।
९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (७/८) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार बैंकले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफूमा लिन/अधिनमा राख्न सक्नेछ ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/बिजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ ।
११. उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ । धनी बैंकसँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाईने छैन ।
१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी बापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन । साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन ।
१३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ । साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

पुनश्च : उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहि कतै उजुरबाजुर गर्न पाउनुहुने छैन ।

बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान :	बोलपत्र खोलिने मिति, समय र स्थान :
२०८०/०९/२३ सोमबार कार्यालय समय सम्म शाखा कार्यालय, गुलरिया	२०८०/०९/२४ मंगलबार दिनको ३:३० बजे शाखा कार्यालय, गुलरिया

माछापुच्छे बैंक

सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, गुलरिया

■ चितवनमा पर्यटकको भिड

पर्यटक तान्न ठाउँ-ठाउँमा मेला र महोत्सव



भरतपुर/ वाइल्डलाइफ टुरिजमको उत्कृष्ट गन्तव्यका रूपमा रहेको चितवनका होटेल र होमस्टेहरू अंग्रेजी नयाँ वर्ष मनाउनेले भरिए । चितवन राष्ट्रिय निकुञ्जभित्र अवलोलन गर्ने पर्यटकको संख्या पनि नयाँ वर्षले बढाएको निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारी बताउँछन् । उनका अनुसार चितवनको सौराहाबाट मात्र १५ र १६ गते गरेर चार सय ६३ जनाले निकुञ्जको भ्रमण गरेका छन् । भरतपुर र माडी क्षेत्रबाट निकुञ्ज अवलोकन गर्नेको संख्या पनि तुलनात्मक रूपमा बढेको छ । सामुदायिक वनमा दैनिक जिप र हात्ती सफारीका लागि पर्यटकले पालो नै कुर्नुपर्ने अवस्था आएको थियो । देशकै तेस्रो पर्यटकीय गन्तव्य सौराहासहित मेघौली, पटिहानी आएका पर्यटकहरू निकुञ्जमा हुने पर्यटकीय गतिविधिमा रमाउने गर्छन् । पर्यटकको रोजाइमा विशेष गरी हात्ती, जिप, डुंगा सफारी हुने गरेको छ ।

क्षेत्रीय होटेल संघ सौराहका महासचिव गुणराज थपलियाका अनुसार एक हप्तादेखि क्रिसमस र नयाँ वर्षका लागि आएका पर्यटकले सौराहाका होटेल भरिएका छन् ।

चितवनका होटेलहरूले करिब १५ हजार मानिसको व्यवस्थापन गर्न सक्छन् । त्यसमध्ये सौराहाका होटेलको क्षमता ७० प्रतिशत छ । सौराहामा एक सय ६० हाराहारी होटेल छन् । चितवनमा जाडो मौसममा पर्यटकले यहाँ घुम्न रुचाउँछन् । सौराहासँगै पटिहानी, जगतपुर, मेघौलीसँगै, माडी, देवघाट, सिंराइचुली, उपरदाङगढी, शक्तिखोर, जलबिरे भरना, छितामाईलगायत पर्यटकीय गन्तव्यमा पनि पर्यटकको राम्रो उपस्थिति छ । देवनगरमा रहेको लेक ट्वान्टी थाउजेन्ड फार्म एन्ड रिट्रिटका म्यानेजर राजेश आचार्यले नयाँ वर्षकै अवस

अर्थ पत्रिका

नयाँ पत्रिका
मंगलबार १७ पुस ०८०

सेयर बजारमा लगानी गर्ने १९ देखि ३० वर्षका युवा बढी

७० वर्ष कटेका एक लाख ६० हजार ६ सय ५४ जना ज्येष्ठ नागरिकले गर्छन् सेयरमा लगानी

भोजराज भण्डारी/नयाँ पत्रिका

सेयर बजारमा १९ वर्षदेखि ३० वर्ष उमेर समूहकाले सर्वाधिक लगानी गरेको पाइएको छ। यी उमेर समूहमा डिम्याट खाता (हितग्राही खाता) खोल्नेको संख्या बढी रहेको नेपाल क्लियरिङ लिमिटेड (सिडिएसी)को तथ्यांक छ। अहिले ६० लाख ५० हजारभन्दा बढीले डिम्याट खाता खोलिसकेका छन्। त्यसमध्ये १८ वर्षदेखि ३० वर्ष उमेर समूहका लगानीकर्ताको संख्या १८ लाख ८३ हजार पुगेको छ। यो समग्र लगानीकर्ताको ३१ प्रतिशत हो। त्यस्तै, सर्वाधिक कम डिम्याट खाता खोल्ने उमेर समूह भने ७० वर्षदेखि माथिका रहेका छन्। ज्येष्ठ नागरिकमा पर्ने उमेर समूहका एक लाख ६० हजार ६ सय ५४ जनाले डिम्याट खाता खोलेका छन्। यो भनेको करिब ३ प्रतिशत मात्रै हो। ६१ वर्षदेखि ७० वर्ष उमेर समूहमा भने तीन लाख १५ हजारले डिम्याट खाता खोलेका छन्।

कुन उमेर समूहको डिम्याट खाता कति ?

उमेर समूह	डिम्याट खाता
१८ वर्षसम्म	७ लाख ६३ हजार
१९-३०	१८ लाख ८३ हजार
३१-४०	१३ लाख ९० हजार
४१-६०	१५ लाख ३७ हजार
६१-६०	३ लाख १५ हजार
७०-माथि	१ लाख ६० हजार

५२ जना तेस्रो लिंगीको डिम्याट खाता

डिम्याट खाता खोल्ने तेस्रो लिंगीको संख्या ५२ जना रहेको सिडिएसीले जनाएको छ। जसमा बागमती प्रदेशमा सबैभन्दा धेरै २२ जना रहेका छन्। त्यस्तै, लुम्बिनी प्रदेशमा १० जना, गण्डकी प्रदेशमा सातजना रहेको तथ्यांक छ। त्यस्तै, सुदूरपश्चिममा पाँचजना छन्।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

सिडिएसीका प्रवक्ता सुरेश न्यौपानेले सेयर बजारमा लगानीकर्ताको आकर्षण बढेसँगै डिम्याट खाताको संख्या बढेको बताए। उनका अनुसार विशेष गरी युवा उमेर समूहको संख्या पछिल्लो समय बढेको छ। १८ वर्षदेखि ३० वर्षको उमेरदेखि नै लगानी गर्नुपर्छ भन्ने बानीको विकास तीव्र गतिले बढेको उनको भनाइ छ।

६ हजार संस्थागत खाता

सिडिएसीका अनुसार पछिल्लो समय ६ हजार सात सय डिम्याट खाता संस्थागत रूपमा खोलिएका छन्। संस्थागत रूपमा सबैभन्दा धेरै डिम्याट खाता खोल्नेमा बागमती प्रदेश रहेको छ। उक्त प्रदेशमा पाँच हजार पाँच सय ३३ रहेको छ। त्यस्तै, सबैभन्दा कम कर्णालीमा रहेको छ। उक्त प्रदेशमा १९ रहेको छ। त्यस्तै, कोशीमा ३०७, मधेशमा २५६ रहेको छ। गण्डकीमा २६४ रहेको छ भने लुम्बिनीमा २३८, सुदूरपश्चिममा ५३ र अन्य ८८ रहेको सिडिएसीका प्रवक्ता सुरेश न्यौपानेले बताए।

डिम्याट खाता खोल्ने बागमती प्रदेशमा धेरै

डिम्याट खाता खोल्नेमा बागमती प्रदेश सबैभन्दा अगाडि रहेको छ। बागमतीका २२ लाख ७८ हजारले डिम्याट खाता खोलेको तथ्यांक छ। जसमा महिला १० लाख १६ हजार छन्। सबैभन्दा कम डिम्याट खाता खोल्ने प्रदेशमा कर्णाली छ। कर्णालीमा महिला, पुरुष, तेस्रो लिंगी र संस्थागत गरी एक लाख ४४ हजार छन्। जसमा महिला ५२ हजार ६ सय रहेका छन् भने पुरुषको संख्या ९१ हजार पाँच सय आठ छन्।

कुन प्रदेशमा कसको कति खाता ?

प्रदेश	महिला	पुरुष
कोशी	४ लाख ९५ हजार	६ लाख ४३ हजार
मधेश	२ लाख ३० हजार	४ लाख २३ हजार
बागमती	१० लाख १६ हजार	१२ लाख ५५ हजार
गण्डकी	३ लाख ४८ हजार	४ लाख ४० हजार
लुम्बिनी	२ लाख ९० हजार	४ लाख २ हजार
कर्णाली	५२ हजार ६ सय	९१ हजार ५ सय
सुदूरपश्चिम	१ लाख ३८ हजार	२ लाख २० हजार

अर्थतन्त्र अझै मन्दीमै : निजी क्षेत्र

■ सिएनआईको सर्वेक्षण भन्छ- मन्दीको तथ्यांक सरकारले लुकायो

पवन तिमिल्सिना/नयाँ पत्रिका

नेपाल उद्योग परिसंघ (सिएनआई)ले अर्थतन्त्र मन्दीमा रहेको तथ्य लुकाएर सरकारले आफूअनुकूल प्रचारबाजी गरेको आरोप लगाएको छ। सिएनआईले गरेको एक सर्वेक्षण सोमबार सार्वजनिक गर्दै अध्यक्ष राजेश अग्रवालले पछिल्ला तीन त्रैमासको आर्थिक वृद्धिदरको तथ्य लुकाएर सरकारले आफूअनुकूलका सकारात्मक सूचक मात्रै प्रचार गरेको बताए। 'गत आर्थिक वर्षको पहिलो दुई त्रैमासमा आर्थिक वृद्धिदर ऋणात्मक छ। त्यसपछिका कुनै पनि त्रैमासको आर्थिक वृद्धिदरको तथ्यांक सरकारले सार्वजनिक गरेको छैन। केही सूचक देखाएर अर्थतन्त्र सकारात्मक बन्दै गइरहेको सरकारको दाबी छ,' उनले भने, 'अर्थतन्त्रको वास्तविक चित्र कुल गार्हस्थ्य उत्पादनले देखाउने हो। तर, विगत तीन त्रैमासदेखि सरकारले सार्वजनिक गरिरहेको छैन।'

अर्थमन्त्री डा. प्रकाशशरण महतले केही समयअघि अर्थतन्त्रका सूचकहरू सार्वजनिक गर्दै देशको अर्थतन्त्र सुधारोन्मुख रहेको दाबी गरेका थिए। आगामी वैशाखमा अन्तर्राष्ट्रिय लगानी सम्मेलनको तयारीसमेत गरिरहेको सरकारले देशमा लगानीको वातावरण अनुकूल भएको सन्देश दिने उद्देश्यले अर्थतन्त्रमा सुधार आइरहेको बताउँदै आएको छ। तर, परिसंघले भने अर्थतन्त्र अझै मन्दीमा रहेको जिकिर सार्वजनिक गरेको छ।

आर्थिक वर्ष ०७०/७१ मा आर्थिक वृद्धिदर ६.०१ प्रतिशत रहेकोमा ०७३/७४ मा ८.९८ प्रतिशत पुगेको थियो। '०७६/७७ मा ऋणात्मक रहेको आर्थिक वृद्धिदर ०७९/८० मा १.८६ प्रतिशत कायम थियो,' उनले भने, 'यो वास्तविक मूल्यमा आधारित तथ्यांक हो। सरकारले २.८६ भनिरहेको छ, जुन प्रचलित मूल्यमा आधारित हो। सरकारले तेस्रो र चौथो त्रैमासको तथ्यांक हालसम्म सार्वजनिक गरेको छैन।' प्रत्येक त्रैमासमा सार्वजनिक गर्नुपर्ने तथ्य सरकारले लुकाएको उनको आरोप छ।

पछिल्लो दुई वर्षअघिबाट सुस्त बनेको अर्थतन्त्रको वास्तविकता लामो समयपछि स्वीकार गरेको सरकार तथा नियामकीय निकायले केही महिनायता अर्थतन्त्रमा सुधार आएको तर्क गरे पनि परिसंघले खण्डन गरेको हो। अर्थतन्त्रको बाह्य क्षेत्रको तथ्यांकलाई यसको आधार बनाइरहँदा सरकारको यस्तो जिकिरलाई जनस्तर, निजी क्षेत्रले अनुभव गर्न नपाएको उनको भनाइ छ।



परिसंघको सर्वेक्षणअनुसार अघिल्लो आर्थिक वर्षको तुलनामा चालू आर्थिक वर्षको पहिलो त्रैमासमा अर्थतन्त्रमा सुधार आएको देखिँदैन। 'समग्र बजारमा माग खस्किएको देखिएको छ। कच्चा पदार्थको मूल्य निरन्तर उकालो लागिरहेको छ। उद्योगको कच्चा पदार्थको आयातमा समेत गिरावट आएको देखिन्छ,' सर्वेक्षण प्रतिवेदनमा उल्लेख छ। परिसंघले आर्थिक वर्ष ०७९/८० मा मुलुकको अर्थतन्त्रको अवस्थाको पहिचान गर्न अघिल्लो आर्थिक वर्षमा समेत सर्वेक्षण गरेको थियो। सोही सर्वेक्षणको दोस्रो संस्करणका रूपमा परिसंघले यस वर्ष पनि अघिल्लो र चालू आर्थिक वर्षको पहिलो त्रैमासको तुलनात्मक अध्ययन सर्वेक्षण गरेको जनाएको छ। सर्वेक्षणअनुसार औद्योगिक उत्पादनको समग्र बजार मागमा अघिल्लो वर्ष ०७९/८० मा २८.२८ प्रतिशतले ह्रास आएको थियो। चालू आर्थिक वर्षको सोही अवधिमा थप १२.०६ प्रतिशतले माग घटेको सर्वेक्षणले देखाएको छ। दुई वर्षको अवधिमा समग्रमा मागमा कुल ३६.९३ प्रतिशतले संकुचन आएको छ। यसैगरी, उद्योगहरूको कारोबार रकम आव ०७९/८० मा अघिल्लो वर्षको तुलनामा २४.९४ प्रतिशतले घटेकोमा चालू आर्थिक वर्षको सोही अवधिमा थप ७.४६ प्रतिशतले घटेको छ। दुई आर्थिक वर्षमा कुल कारोबार रकम ३०.५४ प्रतिशतले खुम्चिएको छ।

अर्थतन्त्रको प्रतिकूल अवस्थाका कारण गत वर्षदेखि नै उद्योगी-व्यवसायीको मनोबल कमजोर रहेको अवस्था यथावत् रहेको देखिएको छ। सर्वेक्षणअनुसार अघिल्लो आर्थिक वर्षमा ६९.४४ प्रतिशत उद्योगी-व्यवसायीले आफ्नो लगानीका योजनाहरू स्थगित गरेका थिए। त्यस्तै, चालू आर्थिक वर्षको पहिलो त्रैमासमा ५५.३२ प्रतिशत उद्योगी-व्यवसायीले लगानीका योजनाहरू स्थगित गरेको जनाएका छन्। यसबाट सरकारले दाबी गरेअनुसार अर्थतन्त्रको अवस्थामा सुधार नआएको परिसंघको बुझाइ छ।

सर्वेक्षणअनुसार सिमेन्ट उद्योगको समग्र मागमा अघिल्लो वर्षको तुलनामा थप ७.३६ प्रतिशतले संकुचन आएको छ। अघिल्लो आवको तुलनामा आव ०७९/८० मा सिमेन्टको माग ४०.१७ प्रतिशतले घटेको थियो। आर्थिक वर्ष ०७८/७९ को तुलनामा चालू आवमा ४४.५७ प्रतिशतले माग गिरावट आएको देखिन्छ। यसैगरी, यस्ता उद्योगको कारोबार रकममा अघिल्लो वर्ष ३९ प्रतिशतले संकुचन आएकोमा चालू आवको सोही अवधिमा थप ९.५४ प्रतिशतले गिरावट आएको देखिन्छ। आर्थिक वर्ष ०७८/७९ को तुलनामा ०८०/८१ मा कारोबार रकममा कुल ४४.८२ प्रतिशतले संकुचन आएको सर्वेक्षणले देखाएको छ। अघिल्लो आर्थिक वर्षमा ८३.३३ प्रतिशत सिमेन्ट उत्पादकहरूले आफ्नो लगानीको योजना स्थगित गरेको जनाएका थिए। त्यस्तै, चालू आवमा ६२.५ प्रतिशतले लगानी योजना स्थगित गरेको जनाएका छन्।

सर्वेक्षणमा सहभागी निर्माण क्षेत्रका उद्योगीका अनुसार समग्र माग अघिल्लो वर्षको नौ महिनाको तुलनामा थप १६.२ प्रतिशतले घटेको छ। अघिल्लो वर्ष सोही अवधिमा ४३.४३ प्रतिशतले घटेको थियो। आर्थिक वर्ष ०७८/७९ को तुलनामा ०८०/८१ मा यस क्षेत्रको समग्र मागमा कुल ५२.५९ प्रतिशतले संकुचन आएको पाइएको छ। यसैगरी, यस क्षेत्रका उद्योगहरूको कारोबार रकम अघिल्लो वर्ष ४३.७१ प्रतिशतले घटेकोमा चालू आवमा थप २०.८० प्रतिशत घटेको देखिन्छ। आर्थिक वर्ष ०७८/७९ सँगको तुलनामा आर्थिक वर्ष ०८०/८१ मा यस क्षेत्रको समग्र कारोबार रकममा कुल ५५.४२ प्रतिशतले संकुचन आएको सर्वेक्षणल देखिएको छ। यस्तै, यस क्षेत्रका उद्योगहरूमा ३३.३३ प्रतिशतले लगानी स्थगित गरेको जनाएका छन्। गत वर्ष ५३.८५ प्रतिशत उद्योगी-व्यवसायीले आफ्नो लगानी विस्तारको योजना स्थगन गरेको बताएका थिए।

अघिल्लो वर्षको पहिलो त्रैमासमा एफएमसिजी क्षेत्रको माग २.५ प्रतिशतले बढे पनि चालू आवमा १७.७० प्रतिशत गिरावट आएको देखिएको छ। अघिल्लो वर्ष सकारात्मक रहेको क्षेत्रसमेत यस वर्ष नकारात्मक देखिएको परिसंघले जनाएको छ। आर्थिक वर्ष ०७८/७९ को तुलनामा ०८०/८१ मा यस क्षेत्रको समग्र मागमा कुल १५.६४ प्रतिशतले संकुचन आएको देखिन्छ। यसैगरी, यस क्षेत्रको कारोबार रकममा अघिल्लो वर्ष १२.२५ प्रतिशतले बढेकोमा चालू आर्थिक वर्षको सोही अवधिमा १८.५ प्रतिशतले घटेको छ। आर्थिक वर्ष ०७८/७९ को तुलनामा ०८०/८१ मा समग्र कारोबार रकममा ८.५२ प्रतिशतले संकुचन आएको छ। सर्वेक्षणअनुसार अघिल्लो आर्थिक वर्षको पहिलो त्रैमासमा ४१.६७ प्रतिशत यस क्षेत्रका उद्योगी तथा व्यवसायीले आफ्नो लगानीको योजना स्थगित गरेको जनाएका थिए। चालू आर्थिक वर्षको पहिलो त्रैमासमा यस क्षेत्रमा ५० प्रतिशत व्यवसायीले लगानी योजना स्थगित गरेको जानकारी दिएको सर्वेक्षणमा उल्लेख छ।

अर्थतन्त्रमा समस्या छ, तर अब सुधार हुन्छ : अर्थमन्त्री



अर्थमन्त्री डा. प्रकाशशरण महतले अर्थतन्त्रमा अझै समस्या रहेको बताउँदै आगामी दिनमा सकारात्मक संकेतहरू देखापर्ने दाबी गरेका छन्। मोरङ व्यापार संघ एक्स्पोको समापन सभालाई सम्बोधन गर्दै उनले भने, 'हाम्रो अर्थतन्त्र समस्यामा थियो, अझै पनि केही समस्या छ, आउँदा दिनमा आर्थिक वृद्धि हुनेछ।' मुद्रास्फीतिको घट्दो तथ्यांक प्रस्तुत गर्दै यसले सकारात्मक सन्देश दिएको उनले बताए। उनले भने, '५.३८ प्रतिशतमा मूल्यवृद्धि झरेको छ। छिमेकी मुलुकमा मूल्यवृद्धि घटेकाले पनि हामीलाई सहयोग पुगेको छ।' सेयर बजार र जग्गा कारोबारले गति समातुलाई पनि उनले अर्थतन्त्र सुधारको सूचक मानेका छन्। उनले भने, 'सेयर कारोबार १८ सयमा झरेको थियो, अहिले बढ्दै छ। जग्गा कारोबारले पनि केही गति समातेको छ। बैंकहरूले ब्याजदर घटाउँदै छन्, जसले गर्दा ऋण प्रवाहमा वृद्धि भएको छ, आउँदा दिनमा अझ वृद्धि हुन सक्छ। पर्यटक आगमन अहिलेसम्मकै उच्च हो।'

■ मागमा अझै आएन सुधार

विस्तार हुँदै आलुखेती

नवलपरासी/ नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा आलुखेतीप्रति किसान आकर्षित भएका छन्। जिल्लामा यस वर्ष तीन हजार दुई सय २५ हेक्टर क्षेत्रफलमा आलुखेती भएको कृषि ज्ञानकेन्द्र नवलपुरका प्रमुख कुलप्रसाद तिवारीले बताए। 'गत वर्ष तीन हजार एक सय ७५ हेक्टरमा आलुखेती भएकोमा यो वर्ष ५० हेक्टर जमिनमा थप विस्तार भएको छ,' प्रमुख लामिछानेले भने, 'गत वर्ष जिल्लामा ५७ हजार तीन सय ५४ मेट्रिकटन आलु उत्पादन भएको थियो।' जिल्लामा व्यावसायिक आलुखेती गर्ने किसानको संख्या प्रत्येक वर्ष बढेको तथ्यांकमा देखिएको छ। 'आलु उत्पादनका हिसाबले नवलपरासी (बर्दघाट सुस्तापूर्व) आत्मनिर्भर रहेको छ,' उनले भने, 'यो वर्ष पनि समय अनुकूल छ, आलु उत्पादन राम्रो हुने अनुमान छ।' (रासस)

■ पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको एक वर्ष

भएन नियमित व्यावसायिक उडान

पोखरामा **रोहितराज पराजुली**

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको मंगलबार एक वर्ष पूरा हुँदै छ। निकै तामझामका साथ १७ पुस ०७९ मा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले उद्घाटन गरेको विमानस्थलमा वर्षभरि नै व्यवसायिक अन्तर्राष्ट्रिय उडान शून्य नै रह्यो। सञ्चालनमा आएको करिब दुई महिनापछि ११ फागुनमा इन्स्ट्रुमेन्ट फ्लाइट रुल्स (आइएफआर) लागू भएपछि विमानस्थल अन्तर्राष्ट्रिय उडान र रात्रिकालीन उडानका लागि पनि योग्य भयो। १८ फागुन ०७९ देखि रात्रिकालीन उडानसमेत सुरु भयो। तर, यो अवधिमा आन्तरिक उडान छाडेर चारपटक पाँच चार्टर र एक व्यावसायिक अन्तर्राष्ट्रिय उडान मात्रै भएको छ। एक वर्ष बित्दासमेत व्यावसायिक अन्तर्राष्ट्रिय उडान सुरु नहुँदा पोखराका पर्यटन व्यवसायी निराश भएका छन्। नियमित अन्तर्राष्ट्रिय उडानका लागि पोखराका व्यवसायीसँगै सरोकारवालाले पटक-पटक सरकार र नेपाल नागरिक उड्डयन प्राधिकरण (क्याम)सँग छलफल गरे पनि सकारात्मक परिणाम निस्कन सकेन।

करिब ११ महिनापछि अध्यागमन कार्यालय

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको १० महिना २० दिनपछि ७ मंसिर ०८० मा मात्र अध्यागमन कार्यालय सञ्चालनमा आएको थियो। उपसचिव लीलावल्लभ न्यौपानेको नेतृत्वमा नौजना कर्मचारी पोखरामा खटिएका थिए। त्यसअघि अन्तर्राष्ट्रिय उडानका क्रममा पोखरास्थित अध्यागमन कार्यालयका कर्मचारीहरू गएर आवश्यक काम गर्ने गरेका थिए।

पाँच चार्टर र एक व्यावसायिक उडान



सञ्चालनमा आएको एक वर्षमा पोखरामा पाँच चार्टर र एक व्यावसायिक उडान भएका छन्। विमानस्थल सञ्चालनमा आएको १७२औँ दिन अर्थात् ६ असार ०८० मा चिनियाँ कम्पनी सिचुवान एयरलाइन्सको न्यारोबडी ए ३१९ विमानले चीनको छेन्दुबाट पोखरामा चार्टरमार्फत पहिलो अन्तर्राष्ट्रिय उडान गरेको थियो। त्यसपछि ८ र ९ असारमा फेवातालमा भएको 'नेपाल-चाइना फ्रेन्डसिप ड्रागन बोट रेस फेस्टिभल २०२३' मा सहभागी हुन खेलाडीसँगै ७२ जना चिनियाँसहित ९६ जना छेन्दुबाट सीधै पोखरा आएका थिए।

विमानस्थल सञ्चालनमा आएको आठ महिना सात दिन (२३ भदौ)मा भुटानको 'ड्रुक एयर'ले भुटानको पारो अन्तर्राष्ट्रिय विमानस्थलबाट चार्टर उडानमार्फत नै पोखराबाट पहिलो व्यावसायिक अन्तर्राष्ट्रिय उडान गऱ्यो। पारोबाट चालकदलका सात र तीन पर्यटकसहित १० जना आएका थिए। पोखराबाट सो विमानले ४२ यात्रुसहित ४९ जना लिएर थिम्पु फर्केको थियो। यो नै पोखराबाट भएको पहिलो व्यावसायिक अन्तर्राष्ट्रिय उडान हो। सोही अन्तर्राष्ट्रिय उडानबाट विमानस्थलले करिब तीन लाख आम्दानी गरेको थियो।

२२ कात्तिकमा चिनियाँ जनमुक्ति सेनाका दुई कार्गो विमानले पोखरामा क्रमशः तेस्रो र चौथो चार्टर उडान गरेका थिए। चीनको छेन्दुबाट सीधै आएका दुई विमानले जाजरकोट र रुकुम-पश्चिममा गएको भूकम्प प्रभावितको सहयोगका लागि चिनियाँ सरकारको तर्फबाट राहत सामग्री ल्याएका थिए। यसैगरी, ७ मंसिरमा चीनको कुनमिङबाट हिमालय एयरलाइन्सले पोखरामा चार्टर उडान गरेको थियो। 'साझा समृद्धिका लागि दौड' भन्ने नारासहित ९ मंसिरमा पोखरामा भएको 'वार हाउस नेपाल, पोखरा अन्तर्राष्ट्रिय माउन्टेन क्रस कन्ट्री प्रतियोगिता'मा सहभागी हुन खेलाडी, प्राविधिक र पाहुना गरी ९५ जना चार्टर विमानबाट सीधै पोखरा आएका थिए।

■ अन्तर्राष्ट्रिय उडान माग गर्दै आन्दोलनको तयारी

पोखरा विमानस्थलका लागि जग्गा अधिग्रहण गरेको ४२ वर्षमा बल्ल शिलान्यास भएको थियो। यसका लागि पनि पोखरेलीले ठूलै आन्दोलन गर्नुपरेको थियो। विमानस्थल सञ्चालनमा आएसँगै स्थानीय जनतासँगै उद्योगी-व्यवसायी पनि अन्तर्राष्ट्रिय उडान हुनेमा ढुक्क थिए। तर, सञ्चालनमा आएको वर्ष बित्दासमेत केही छनक नदेखिँदा आन्दोलनको विकल्प नरहेको उनीहरू बताउँछन्। पोखराका पर्यटन व्यवसायीको छाता संस्था पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले अन्तर्राष्ट्रिय उडानमा सरकारले पहल नगरेको गुनासो गरे। उनले भने, 'हामीले सरकारसँग पटक-पटक अरू नभए पनि सुरुमा नेपाल एयरलाइन्सको विमानबाट बाह्य उडान सुरु गरौं भनेका छौं, तर सरकारले सुनेको छैन। नेपाल एयरलाइन्सले बाह्य उडान सुरु गरे अन्य विदेशी विमान कम्पनीलाई आकर्षित गर्न सकिन्छ।' केही विदेशी कम्पनीसँग आफूहरूले पटक-पटक छलफल गरे पनि सरकारी निकायले आवश्यकताअनुसार पहलकदमी नगरेको उनको गुनासो छ। अब अन्तर्राष्ट्रिय उडानका लागि दबाब दिन आन्दोलन गर्नुपर्ने अवस्था देखिएकाले छलफल सुरु भएको उनको भनाइ छ।

होटल संघ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीका अनुसार विमानस्थलका कारण विदेशी पर्यटकको आगमन बढ्ने देखेर धेरै व्यवसायीहरूले पर्यटकीय क्षेत्रमा लगानी गरेका छन्। विमानस्थल सञ्चालनको आसमा गरिएको लगानीसँगै बैंक ब्याजका कारण व्यवसायीहरू समस्यामा परेका र बाह्य उडान गर्न सके मात्रै केही सहज हुने उनको भनाइ छ।

विमानस्थल सञ्चालनपछि आशा गरेभन्दा ठीक उल्टो अवस्था सिर्जना भएको पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवन प्रजापतिले बताए। अन्तर्राष्ट्रिय उडानका लागि सरकारले जसरी चासो दिनुपर्ने हो, त्यसरी पहल नगरेको उनको आरोप छ। 'प्रधानमन्त्री प्रचण्ड चीन भ्रमणमा जानुअघि उडान सञ्चालनका लागि हामीले दबाबमूलक कार्यक्रम गर्ने तयारी गरेका थियौं। सोहीक्रममा हाम्रो प्रधानमन्त्रीसँग भेट पनि भयो, उहाँले यसका लागि म पहल गर्छु भनेपछि दबाबमूलक कार्यक्रम स्थगित गऱ्यौं,' उनले भने, 'चार महिना हुन लाग्यो, तर हालसम्म केही परिणाम आएको छैन्। अब हामी चुप बस्नेबाल छैनौं, उडानका लागि सरकारलाई दबाब दिने गरी आन्दोलन गर्ने तयारीमा हामी लागेका छौं।'

कुमारी बैंक लिमिटेड शाखा कार्यालय टांडी, चितवनको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०९/१७ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको (साबिक एन.सि.सि बैंक लि.) शाखा कार्यालय टांडी, चितवनबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं। **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ।**

तपसिल

ऋणीको विवरण:

क. प्राइभेट लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७७/१२/०९ मा प्रा.लि. नं. २५९७८३/०७७/७०८ कायम भई दर्ता रहेको चितवन जिल्ला, र.न.पा. वडा नं. १६, दोबाटो टोल स्थित रजिष्टर्ड कार्यालय रहेको **ए.वन काउ फार्म प्रा. लि.।**

संञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. रन बहादुर के.सी.को नातिनी तिलक बहादुर के.सी.को छोरी, राजु शर्माको पत्नी, चितवन जिल्ला, रत्ननगर गा.पा./न.पा. वडा नं. १६ (साबिक चितवन जिल्ला, रत्ननगर गा.वि.स. वडा न. १६), बस्ने **शिव कुमारी के.सी शर्मा** (ना.प्र.नं. ३३८७ जारी मिति २०४५/०२/२२ जि.प्र.का. चितवन)।

२. गोपी लाल शर्माको नाति, कमल कृष्ण शर्माको छोरा, शिव कुमारी के.सी शर्माको पति, चितवन जिल्ला, रत्ननगर गा.पा./न.पा. वडा नं. ०२, (साबिक चितवन जिल्ला, पिठुवा गा.वि.स. वडा नं. ०२) स्थायी ठेगाना भई हाल ऐ.ऐ. वडा नं. १६ बस्ने **राजु शर्मा** (ना.प्र.नं. १५७५/०४४/४५ जारी मिति २०४६/०१/३० जि.प्र.का. चितवन)।

३. कमल कृष्ण शर्माको नाति, राजु शर्माको छोरा चितवन जिल्ला, रत्ननगर गा.पा./न.पा. वडा नं. ०२ (साबिक चितवन जिल्ला पिठुवा गा.वि.स./न.पा. वडा न. १६) बस्ने **राजिब शर्मा** (ना.प्र.नं. ३५१०१९/१०२१ जरी मिति २०७०/०३/०७ जि.प्र.का. चितवन)।

४. कमल कृष्ण शर्माको नातिनि राजु शर्माको छोरी, चितवन जिल्ला रत्ननगर गा.पा./न.पा. वडा नं. १६, (साबिक चितवन रत्ननगर गा.वि.स.वडा नं. १६) बस्ने **रोशनी शर्मा** (ना.प्र.नं. ३५-०१-७३-०५९१५ जारी मिति २०७३/०४/२७ जि.प्र.का. चितवन)।

ऋणीको विवरण:

ख. रन बहादुर के.सी.को नातिनी तिलक बहादुर के.सी.को छोरी, राजु शर्माको पत्नी, चितवन जिल्ला, रत्ननगर गा.पा./न.पा. वडा नं. १६ (साबिक चितवन जिल्ला, रत्ननगर गा.वि.स. वडा न. १६), बस्ने **शिव कुमारी के.सी शर्मा** (ना.प्र.नं. ३३८७ जारी मिति २०४५/०२/२२ जि.प्र.का. चितवन)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. गोपी लाल शर्माको नाति, कमल कृष्ण शर्माको छोरा, शिव कुमारी के.सी शर्माको पति, चितवन जिल्ला, रत्ननगर गा.पा./न.पा. वडा नं. ०२, (साबिक चितवन जिल्ला, पिठुवा गा.वि.स. वडा नं. ०२) स्थायी ठेगाना भई हाल ऐ.ऐ. वडा नं. १६ बस्ने **राजु शर्मा** (ना.प्र.नं. १५७५/०४४/४५ जारी मिति २०४६/०१/३० जि.प्र.का. चितवन)।

२. कमल कृष्ण शर्माको नाति, राजु शर्माको छोरा चितवन जिल्ला, रत्ननगर गा.पा./न.पा. वडा नं. ०२ (साबिक चितवन जिल्ला पिठुवा गा.वि.स./न.पा. वडा न. १६) बस्ने **राजिब शर्मा** (ना.प्र.नं. ३५१०१९/१०२१ जारी मिति २०७०/०३/०७ जि.प्र.का. चितवन)।

३. कमल कृष्ण शर्माको नातिनि राजु शर्माको छोरी, चितवन जिल्ला रत्ननगर गा.पा./न.पा. वडा नं. १६, (साबिक चितवन रत्ननगर गा.वि.स.वडा नं. १६) बस्ने **रोशनी शर्मा** (ना.प्र.नं. ३५-०१-७३-०५९१५ जारी मिति २०७३/०४/२७ जि.प्र.का. चितवन)।

धितो सुरक्षणको विवरण:

१. **राजु शर्मा**को नाममा मालपोत कार्यालय चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला पिठुवा गा.वि.स वडा नं. २ स्थित कि.नं.२१९, २२२, १६२, ५१२ र २२१ को क्षेत्रफल क्रमशः ०-३-७, ०-०-८.५, ०-०-७, ०-०-२ र ०-०-१०.५ (वि.क.धु) को घर/जग्गा तथा साको सम्पूर्ण लिगलगापातहरु समेत।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय टांडी, चितवन फोन नं -०५६-५६३०६६/६७

NIC ASIA Laghubitta Bittiya Sanstha Ltd.
एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि.
('नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था, राष्ट्रियस्तर कार्यक्षेत्र भएको')
कर्पोरेट कार्यालय, बनेपा फोन नं. : +९७७-०११-६६००३४

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०९/१७ (नयाँ पत्रिका राष्ट्रिय दैनिकबाट प्रकाशित)

यस लघुवित्त वित्तीय संस्थाबाट तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति सुरक्षण वापत धितो राखी वा नराखी तपसिलका ऋणीले लिएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस लघुवित्त वित्तीय संस्थासँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्र यस लघुवित्त वित्तीय संस्थामा सम्पर्क राखी लघुवित्त वित्तीय संस्थाबाट लिएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानुन तथा यस लघुवित्त विरुत्तीय संस्थासँग गरेको लिखत बमोजिम धितोमा रहेको वा नरहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी लघुवित्त वित्तीयसंस्थाको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै उक्त चल अचल श्रीसम्पती लिलाम बिक्रीबाट समेत लघुवित्त वित्तीय संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानुन अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.१	ऋणीको विवरण	जमानीकर्ताहरुको विवरण
शाखा कार्यालय : डकैला, पर्सा	**बैजनाथिया देवी थारु (ऋणी)** ना.प्र.नं. : ३४-०१-७५-१६४७८ जारी मिति/जिल्ला : २०७५/११/०५, पर्सा स्थायी ठेगाना : सखुवा प्रसौनी गा.पा वडा नं.०२, पर्सा हालको ठेगाना : सखुवा प्रसौनी गा.पा वडा नं.०२, पर्सा पति : बिजय दास थारु ससुरा : जै दास थारु पिता : छठु पंजीयार थारु	**१) बिजय दास थारु (व्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : ३४-०१-६९-०३१४७ जारी मिति/जिल्ला : २०६९/०८/१५, पर्सा स्थायी ठेगाना : सखुवा प्रसौनी गा.वि.स वडा नं.०८, पर्सा हालको ठेगाना : सखुवा प्रसौनी गा.पा वडा नं.०२, पर्सा पिता : जै दास थारु बाजे : आसमन दास थारु **२) पुजा कुमारी (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : १९-०६-७४-०२२७० जारी मिति/जिल्ला : २०७४/०६/२७, सर्लाही स्थायी ठेगाना : बेरहथवा न.पा वडा नं.१५, सर्लाही हालको ठेगाना : सखुवा प्रसौनी गा.पा वडा नं.०२, पर्सा पति : बृजलाल दास थारु ससुरा : जै दास थारु पिता : जामुन चौधरी थारु
क्र.सं.२	**ऋणीको विवरण**	**जमानीकर्ताहरुको विवरण**
शाखा कार्यालय : डकैला, पर्सा	**पुजा देवी (ऋणी)** ना.प्र.नं. : ३४-०१-७३-०८८४८ जारी मिति/जिल्ला : २०७३/०८/२०, पर्सा स्थायी ठेगाना : झौवागुठी गा.वि.स वडा नं.०६, पर्सा हालको ठेगाना : बिन्दवासिनी गा.पा वडा नं.०३, पर्सा पति : अजय दास तत्वा ससुरा : किसुन दास तत्वा पिता : राजिन्द्र दास तत्वा	**१) सुनिल दास तत्वा (व्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : ३४-०१-७२-०६२०७ जारी मिति/जिल्ला : २०७२/११/०५, पर्सा स्थायी ठेगाना : झौवागुठी गा.वि.स वडा नं.०६, पर्सा हालको ठेगाना : बिन्दवासिनी गा.पा वडा नं.०३, पर्सा पिता : किशुन दास तत्वा बाजे : गोखुल दास तत्वा **२) रेश्मी देवी कनुईन (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : ४९६४२ जारी मिति/जिल्ला : २०६१/०२/३२, पर्सा स्थायी ठेगाना : झौवागुठी गा.वि.स वडा नं.०१, पर्सा हालको ठेगाना : बिन्दवासिनी गा.पा वडा नं.०३, पर्सा पति : बीर वहादुर सा कानु ससुरा : इनर देव सा कानु पिता : भिखारी साह कानु
क्र.सं.३	**ऋणीको विवरण**	**जमानीकर्ताहरुको विवरण**
शाखा कार्यालय : डकैला, पर्सा	**रामपति देवी अहिरिन (ऋणी)** ना.प्र.नं. : ३४३०८३/८४ जारी मिति/जिल्ला : २०६३/११/१३, पर्सा स्थायी ठेगाना : उदयपुरघुर्मी गा.वि.स वडा नं.०६, पर्सा हालको ठेगाना : विरगञ्ज उ.म.न.पा वडा नं.२७, पर्सा पति : विगुवा राउत अहिर ससुरा : लछुमन राउत अहिर पिता : नथुनी राउत अहिर	**१) विगुवा राउत अहिर (व्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : ४०२६२०५० जारी मिति/जिल्ला : २०५१/१२/०८, पर्सा स्थायी ठेगाना : जयमंगलापुर गा.वि.स वडा नं.०२, पर्सा हालको ठेगाना : विरगञ्ज उ.म.न.पा वडा नं.२७, पर्सा पिता : लछुमन राउत अहिर बाजे : मंगल राउत **२) मलावती देवी (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : ३४३०८३/३०० जारी जिल्ला : २०६३/११/१५, पर्सा स्थायी ठेगाना : उदयपुरघुर्मी गा.वि.स वडा नं.०६, पर्सा हालको ठेगाना : विरगञ्ज उ.म.न.पा वडा नं.२७, पर्सा पति : जोगी लाल राउत अहिर ससुरा : मन्त्री राउत अहिर पिता : सुरत राउत अहिर
क्र.सं.४	**ऋणीको विवरण**	**जमानीकर्ताहरुको विवरण**
शाखा कार्यालय : डकैला, पर्सा	**रेश्मी देवी कनुईन (ऋणी)** ना.प्र.नं. : ४९६४२ जारी मिति/जिल्ला : २०६१/०२/३२, पर्सा स्थायी ठेगाना : झौवागुठी गा.वि.स वडा नं.०१, पर्सा हालको ठेगाना : बिन्दवासिनी गा.पा वडा नं.०३, पर्सा पति : बीर वहादुर सा कानु ससुरा : इनर देव सा कानु पिता : भिखारी साह कानु **१) सन्जय कुमार साह कानु (व्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : ३४-०१-७२-०२९९७ जारी मिति/जिल्ला : २०७२/०४/०६, पर्सा स्थायी ठेगाना : झौवागुठी गा.वि.स वडा नं.०१, पर्सा हालको ठेगाना : बिन्दवासिनी गा.पा वडा नं.०३, पर्सा पिता : बीर वहादुर सा कानु बाजे : इनर देव सा कानु	**२) पुजा देवी (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : ३४-०१-७३-०८८४८ जारी मिति/जिल्ला : २०७३/०८/२०, पर्सा स्थायी ठेगाना : झौवागुठी गा.वि.स वडा नं.०६, पर्सा हालको ठेगाना : बिन्दवासिनी गा.पा वडा नं.०३, पर्सा पति : अजय दास तत्वा ससुरा : किशुन दास तत्वा पिता : राजिन्द्र दास तत्वा **३) मदीनीया गदीन (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : ३४-०१-७२-०१४१३ जारी मिति/जिल्ला : २०७२/०२/२१, पर्सा स्थायी ठेगाना : झौवागुठी गा.वि.स वडा नं.०२, पर्सा हालको ठेगाना : बिन्दवासिनी गा.पा वडा नं.०३, पर्सा पति : समसोदिन गदी ससुरा : मनेजर राउत गदी पिता : सनु राउत गदी
क्र.सं.५	**ऋणीको विवरण**	**जमानीकर्ताहरुको विवरण**
शाखा कार्यालय : लाहाचोक, कास्की	**अमृता गुरुङ (ऋणी)** ना.प्र.नं. : ४३१०३८/६७८ जारी मिति/जिल्ला : २०७०/०५/१६, तनहुँ स्थायी ठेगाना : फिर्फिरे गा.वि.स वडा नं.०७, तनहुँ हालको ठेगाना : पोखरा म.न.पा वडा नं.१५, कास्की पति : रेक बहादुर गुरुङ्ग ससुरा : हिम बहादुर गुरुङ्ग पिता : लाल बहादुर गुरुङ्ग **१) रेक बहादुर गुरुङ्ग (व्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : ८०३०९० जारी मिति/जिल्ला : २०६२/०५/०५, तनहुँ स्थायी ठेगाना : फिर्फिरे गा.वि.स वडा नं.०७, तनहुँ हालको ठेगाना : पोखरा म.न.पा वडा नं.०९, कास्की पिता : हिम बहादुर गुरुङ्ग बाजे : डम्बर बहादुर गुरुङ्ग	**२) विमला वि.क (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : १४९८६८ जारी मिति/जिल्ला : २०६१/०५/०६, कास्की स्थायी ठेगाना : पोखरा लेखनाथ म.न.पा वडा नं.०९, कास्की हालको ठेगाना : पोखरा .म.न.पा वडा नं.०९, कास्की पति : विक्रम वि.क ससुरा : धन बहादुर विश्वकर्मा पिता : धिर्जमान कामी **३) विन्दी लामा (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : १६८६८६ जारी मिति/जिल्ला : २०६३/०३/०१, कास्की स्थायी ठेगाना : पोखरा उ.म.न.पा वडा नं.०९, कास्की हालको ठेगाना : पोखरा म.न.पा वडा नं.०९, कास्की पति : शनि लामा ससुरा : अंगत लामा पिता : पूर्णबहादुर थापा

Corporate Office: Banepa-8, Kavreplanchowk
Phone : 011-660034 | www.nicasialaghubitta.com
साथी सँगै सबल बन्दै

बागमती प्रदेश भ्रमण वर्ष सुरु

मकवानपुरमा **पोष्टराज अधिकारी**



बागमती प्रदेश सरकारले सन् २०२४ लाई भ्रमण वर्षका रूपमा मनाउने योजनासहित सोमबार हेटौंडामा प्रदेश भ्रमण वर्ष २०२४ को शुभारम्भ गरेको छ । प्रदेश सरकारको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयको आयोजनामा प्रदेशका संस्कृति पर्यटन तथा सहकारीमन्त्री पुकार महर्जनले भ्रमण वर्षको औपचारिक सुरुवात गरेका हुन् ।

मन्त्री महर्जनले प्रदेशमा रहेका पर्यटकीयस्थल र सम्भावनाहरूको पहिचान, संरक्षण, संवर्द्धन र प्रचारप्रसार गरी पर्यटकीय गतिविधिलाई अभिवृद्धि गर्ने उद्देश्यले प्रदेश भ्रमण वर्ष-२०२४ को शुभारम्भ गरेको बताए । भ्रमण वर्षभरि प्रदेशभित्र पर्यटन प्रवर्द्धनका विभिन्न कार्यक्रम गरिने उनको भनाइ थियो । उनले भने, 'प्रदेशका पर्यटकीय स्थलहरूमा पर्यटक आवागमन बढाउन पर्यटन प्रवर्द्धनका काम गर्ने योजना छ । पर्यटनलाई नागरिकको आर्थिक क्रियाकलापसँग जोडेर प्रदेशमा अर्थतन्त्रलाई समेत गतिशील बनाउने उद्देश्य रहेको छ ।' मन्त्री महर्जनले पर्यटनलाई प्रदेशको आम्दानीको स्रोत बनाउने गरी प्रदेश सरकारले नीति बनाउने दाबी गरे ।

उनले विश्व सम्पदा सूचीमा समावेश भएका प्रदेशका ऐतिहासिक, धार्मिक र प्राकृतिक सम्पदाहरूको उचित संरक्षण र प्रचारप्रसार गरी आगामी दिनहरूमा धेरैभन्दा धेरै पर्यटकले भ्रमण तथा अवलोकन गर्ने वातावरणको निर्माण गर्नु भ्रमण वर्षको मूल उद्देश्य रहेको बताए ।

विगतमा कोभिड-१९ को महामारी तथा अन्य विभिन्न कारणले सुस्ताएको पर्यटन क्षेत्रलाई पुनर्जीवन्त र गतिशील बनाउन प्रदेश भ्रमण वर्ष २०२४ कोसेढुंगा साबित हुने मन्त्री महर्जनले विश्वास व्यक्त गरे । भ्रमण वर्षमा पर्यटन प्रवर्द्धनका लागि विविध कार्यक्रम गर्न प्रदेश सरकारले एक करोड रुपैयाँ विनियोजन गरेको मन्त्रालयका सचिव गोविन्द रिजालले जानकारी दिए ।

भ्रमण वर्ष सफल बनाउन श्रव्यदृश्य सामग्री उत्पादन तथा विभिन्न सञ्चारमाध्यमबाट प्रसारण गर्ने, प्रदेशका प्रमुख गन्तव्य समेटिएको पुस्तक तथा ब्रोसर तयार गर्ने, पर्यटन वर्षका विभिन्न टिसर्ट, ज्याकेट, स्टिकरलगायत प्रचार सामग्री उत्पादन तथा वितरण गर्ने, पर्यटकीय नक्सा तयार गर्नेलगायतका कार्यक्रम तय गरिएको उनको भनाइ थियो ।

लेखनाथ महोत्सवमा तीन लाख अवलोकनकर्ता

कास्कीमा **रोहितराज पराजुली**



'लेखनाथको संस्कृति, स्थानीय उत्पादन विकास र समृद्धि' भन्ने नाराका साथ आयोजना गरिएको १९औँ संस्करणको लेखनाथ महोत्सव तीन लाखभन्दा बढीले अवलोकन गरेका छन् । लेखनाथ उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त आयोजनामा ५ पुसदेखि सुरु भएको महोत्सव नौ करोडभन्दा बढीको कारोबार गर्दै सोमबार सम्पन्न भएको हो ।

महोत्सवमा दुई लाख ५० हजारले अवलोकन गर्ने र नौ करोड रुपैयाँबराबरको आर्थिक कारोबार हुने आयोजकको अनुमान रहेकोमा लक्ष्यभन्दा बढी दर्शकले अवलोकनसँगै कारोबार गर्दै सम्पन्न भएको प्रचारप्रसार संयोजक उपेन्द्रराज सुवेदी 'राजु'ले जानकारी दिए । स्वदेशी उत्पादनलाई बजारीकरणसँगै उपभोग तथा उत्पादनमा प्रोत्साहन गर्ने, स्वदेशी उत्पादक र उपभोक्तालाई एउटै थलोमा ल्याउने मुख्य उद्देश्यसहित महोत्सव सञ्चालन गरिएको आयोजक संघका अध्यक्ष एवं महोत्सवका संयोजक विनोद श्रेष्ठले जानकारी दिए । ०५८ मा सुन्तला प्रदर्शनीबाट संघले महोत्सव सुरु गरेर त्यसलाई समयानुकूल परिष्कृत गर्दै हालसम्म आएको उनको भनाइ थियो ।

तीन सय ३४ स्टल रहेको महोत्सवमा थ्रिडी आर्टमार्फत कवि शिरोमणि लेखनाथ पौड्यालको जन्मघर झल्कने तस्बिर, बाल उद्यान, खाना महोत्सव, कलाकारको स्टेज सो, हस्तकला, अटो, दैनिक उपभोग्य वस्तु, विद्यालयस्तरीय शैक्षिक एवं विज्ञान सामग्री प्रदर्शनी, राष्ट्रिय लोक दोहोरी कार्यक्रम, कविता प्रतियोगिता, सांस्कृतिक कार्यक्रम, नवप्रतिभा खोजी, विभिन्न जातजातिको सांस्कृति जगेर्ना, रत्यौली गीत प्रतियोगिता, कन्सर्टलगायत अन्य मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गरिएको श्रेष्ठले जानकारी दिए । महोत्सवले स्थानीय उत्पादनको बजारीकरण, नयाँ प्रविधि तथा सीपको हस्तान्तरण, साहित्य, कला र संस्कृतिको जगेर्ना तथा आन्तरिक एवं बाह्य पर्यटक प्रवर्द्धनमा टेवा पुऱ्याएको संघका निवर्तमान अध्यक्ष छत्रधर आत्रेयले बताए ।

कर्पोरेट

युनाइटेड मेवाखोलाको सेयर निष्कासकमा सिटिजन्स क्यापिटल



काठमाडौं/ सिटिजन्स क्यापिटल लिमिटेडले युनाइटेड मेवाखोला हाइड्रोपावर लिमिटेडको साधारण सेयर निष्कासन तथा बिक्री प्रबन्धकको काम गर्नेसम्बन्धी सम्झौता भएको छ । सम्झौतामा हाइड्रोपावरका कार्यकारी अध्यक्ष आशिष थापा तथा सिटिजन्स क्यापिटलका प्रमुख कार्यकारी अधिकृत सबिर बादे श्रेष्ठले हस्ताक्षर गरेका हुन् । सम्झौताअनुसार सिटिजन्स क्यापिटलले युनाइटेड मेवाखोला हाइड्रोपावरको सेयर सार्वजनिक निष्कासनका लागि बिक्री प्रबन्धकको कार्य गर्ने जनाइएको छ । युनाइटेड मेवाखोला हाइड्रोपावरले निर्माण गरिरहेको ताप्लेजुङको 'मेवाखोला जलविद्युत् आयोजना' ५० मेगावाट विद्युत् उत्पादन क्षमताको रहेको जनाइएको छ ।

३५ छात्रालाई ग्लोबल आइएमईको छात्रवृत्ति

काठमाडौं/ ग्लोबल आइएमई बैंक लिमिटेडले स्थापनाको १७औँ वार्षिकोत्सवको अवसर पारेर ३५ जना छात्रालाई छात्रवृत्ति प्रदान गरेको छ । बैंकले 'ग्लोबल आइएमई छात्रालाई छात्रवृत्ति' कार्यक्रमअन्तर्गत विभिन्न सामुदायिक तथा सरकारी विद्यालयबाट कक्षा ६ उत्तीर्ण गरी कक्षा ७ मा प्रवेश गरेका प्रत्येक प्रदेशका पाँच जनाका दरले ३५ जना जेहेनदार छात्रालाई छात्रवृत्ति प्रदान गरेको हो । संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत 'ग्लोबल आइएमई छात्रालाई छात्रवृत्ति' कार्यक्रमलाई निरन्तरता दिएको बैंकले जनाएको छ । उनीहरूलाई कक्षा १२ सम्मको अध्ययनका लागि बैंकले हरेक वर्ष छात्रवृत्ति प्रदान गर्ने जनाइएको छ । हालसम्म एक सय पाँच छात्रालाई १२ हजार रुपैयाँको दरले प्रदान गरिरहेको बैंकले जनाएको छ ।

लक्ष्मी इन्टरकन्टिनेन्टलको 'हुन्डाई न्यु इयर डिलाइट योजना'

नयाँ पत्रिका

हुन्डाई अटोमोबाइल्सको आधिकारिक विक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टलले अंग्रेजी नयाँ वर्षलाई लक्षित गरेर 'हुन्डाई न्यु इयर डिलाइट २०२४' नामक योजना ल्याएको छ । कम्पनीले यो ग्राहकमुखी योजना देशका सबै सोरुममा सुरु गरेको हो ।

योजनाअन्तर्गत ग्राहकले पाँच लाख रुपैयाँसम्मको नगद छुट, विद्युतीय गाडीको खरिद गर्दा प्रोत्साहनस्वरूप ५० हजार रुपैयाँसम्मको गो-ग्रिन बोनसका साथै गाडीको मोडल इयरका आधारमा पाँच लाख रुपैयाँसम्मको छुट प्राप्त गर्न सक्ने जनाइएको छ । योजनामा ग्राहकले गाडी खरिद गर्दा एक वर्षसम्मको निःशुल्क बिमा तथा सवारी करका साथै तुरुन्तै मूल्यांकन तथा एक्सचेन्ज सुविधा पाउने कम्पनीले जनाएको छ ।



हुन्डाईका सबै मोडलका जैविक इन्धनले चल्ने गाडीमा तीन वर्ष वारेन्टी, ६ वर्षको फ्री सर्भिसिङ र विद्युतीय गाडीको ब्याट्रीमा आठ वर्ष र मोटरमा दुई वर्ष वारेन्टी उपलब्ध हुने कम्पनीको भनाइ छ । योजनाबाट हुन्डाईको कुनै पनि ह्याचब्याक, कम्प्याक्ट एसयुभी, एसयुभी तथा विद्युतीय गाडी खरिद गरी फाइदा लिन सकिने कम्पनीले जनाएको छ ।

लक्ष्मी इन्टरकन्टिनेन्टलले हाल देशभरमा १७ सोरुमहरू तथा १९ सर्भिस सेन्टरका साथै ४३ भन्दा बढी चार्जिङ पोइन्टमार्फत सेवा दिइरहेको जनाएको छ ।

क्र.सं.६	ऋणीको विवरण	जमानीकर्ताहरुको विवरण
शाखा कार्यालय : लाहाचोक, कास्की	**मन कुमारी आले (ऋणी)** ना.प्र.नं. : २३९/२३४६ (भोजपुर) जारी मिति/जिल्ला : २०४८/०९/१५, गोरखा स्थायी ठेगाना : वुडकोट गा.वि.स वडा नं.०१, गोरखा हालको ठेगाना : पोखरा म.न.पा वडा नं.०६, कास्की पति : पदम बहादुर आले ससुरा : रन बहादुर आले पिता : वखत वहादुर मगर	**१) ज्योत्सना आले (व्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : ४६-०१-७३-०५०६८ जारी मिति/जिल्ला : २०७३/०५/२९, कास्की स्थायी ठेगाना : : पोखरा म.न.पा वडा नं.२६, कास्की हालको ठेगाना : पोखरा म.न.पा वडा नं.०६, कास्की पिता : पदम बहादुर आले बाजे : रन बहादुर आले **२) शोभा क्षेत्री (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : ५१३००१/२ जारी मिति/जिल्ला : २०६३/११/१४, पर्वत स्थायी ठेगाना : अर्थर डाडाखर्क गा.वि.स वडा नं.०९, पर्वत हालको ठेगाना : पोखरा म.न.पा वडा नं.०५, कास्की पति : धन बहादुर क्षेत्री ससुरा : नर बहादुर क्षेत्री पिता : राम वहादुर जि.सी

नोट : ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानीकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको छ ।

Corporate Office: Banepa-8, Kavreplanchowk
Phone : 011-660034 | www.nicasialaghubitta.com
साथी सँगै सबल बन्दै

धोती दिवस मनाउन माइतीघर पुग्दा मन्त्री, सांसद नै पक्राउ

अनिल यादव/नयाँ पत्रिका

धोतीमा सजिएर 'राष्ट्रिय धोती दिवस' मनाउन निषेधित क्षेत्रमा निस्किएका जनमत पार्टीका नेता-कार्यकर्तामाथि प्रहरीले हस्तक्षेप गरेको छ। मन्त्री नै गिरफ्तारमा परेकी छिन्।


निषेधित क्षेत्र तोकिएको माइतीघर मण्डलामा धोती दिवस मनाएको भन्दै सोमबार प्रहरीले जनमत पार्टीका अध्यक्ष सिके राउतसहित सामान्य प्रशासनमन्त्री अनिता साह र उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापति अब्दुल खानसहित ५३ नेता-कार्यकर्तालाई पक्राउ गरेर दिनभर नियन्त्रणमा लिएको थियो। पक्राउ पर्नेमा जनमत पार्टीका उपाध्यक्ष दीपककुमार साह, सचिव बिपी साह, प्रवक्ता शरदसिंह यादवलगायत पदाधिकारी तहका नेताहरू पनि थिए। पक्राउ परेका सबैलाई नेपाल पुलिस क्लबमा लगिएको थियो भने पक्राउको विरोधमा मन्त्री साहले क्लबभित्रै अनशन बस्ने चेतावनी दिएकी थिइन्।

जनमत पार्टीको भ्रातृ संगठन विद्यार्थी जनमत संघको आयोजनामा बिहान ८ बजे 'माइतीघर मण्डला'मा धोती दिवस मनाउने कार्यक्रम तय भएको थियो। प्रहरीले निषेधित क्षेत्रमा कार्यक्रम नगर्न भनेपछि जनमतका कार्यकर्ताहरू धोतीमा सजिएर बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा भेला भएका थिए। राष्ट्रिय धोती दिवस लेखिएको ब्यानरसहित उनीहरू उपस्थित भएका थिए। आफू त्यहाँ पुग्नासाथ प्रहरीले सांस्कृतिक पहिरन लगाएर उभिएका नेता-कार्यकर्तामाथि धरपकड गरेको जनमत पार्टीका अध्यक्ष सिके राउतले जानकारी दिए। 'हामीले ०७१ सालदेखि नै जनवरी १ तारिखका दिन धोती दिवस मनाउँदै आएका छौं,' राउतले नयाँ पत्रिकासँग भने, 'माइतीघरमा निषेधित भनेपछि साथीहरू आर्ट काउन्सिलमा जम्मा हुनभएको थियो। जब म त्यहाँ पुगें, प्रहरीले धरपकड गर्न सुरु गऱ्यो। हाम्रो कुनै राजनीतिक च्याली थिएन। हामी सांस्कृतिक पहिरन लगाएर हिँडेका थियौं। माइतीघरमा पुगेर एउटा तस्बिर मात्रै खिचाउने कार्यक्रम थियो। धरपकड भएपछि हामीले धोती दिवस मनाउन पाउनुपर्छ भनेर नाराबाजी गऱ्यौं। त्यही क्रममा प्रहरीले हामीलाई पक्राउ गऱ्यो।'

प्रहरीले भने प्रदर्शनमा सहभागीहरू प्रहरीको घेरा तोड्दै अघि बढेपछि नियन्त्रणमा लिएको बताएको छ। तर, सरकारभित्रै रहेको दलको नेता तथा मन्त्री पक्राउ पर्नुले सरकारको विभेदपूर्ण चरित्र उदांगो गरेको राउतको आरोप छ। 'हाम्रा केही साथीहरूलाई हात हालेर गिरफ्तार गरियो, उपाध्यक्ष दीपककुमार साहलाई घुँडामा चोट नै लाग्यो,' राउतले भने, 'यसलाई सकारात्मक तरिकाले लिने कुरा हुँदैन। नेपालमा विभिन्न जातजाति भेषभूषा छन्। सबैले राष्ट्रिय पोसाक दिवस मनाइरहँदा हामीले हाम्रो सांस्कृतिक पोसाक धोती लगाएर मनायौं। सबैले आ-आफ्नो पोसाक लगाऔं भन्ने मान्यता हो। तर, यहाँ धोती लगाउने स्वतन्त्र छैन जस्तो देखियो।'

बहालवाला मन्त्री, पार्टी अध्यक्ष र संसदीय समितिका सभापतिलाई नै यसरी पक्राउ गर्दा आमसर्वसाधारणलाई राज्यले गर्ने व्यवहारमाथि झन् शंका गर्ने ठाउँ उब्जिएको राउतको भनाइ छ। 'क्याबिनेटकै मन्त्री, पार्टी अध्यक्ष, संसदीय समितिका सभापतिलाई यसरी पक्राउ गरेपछि हामीकहाँ कुन स्तरको लोकतन्त्र रहेछ,' राउतले प्रश्न गर्दै भने, 'यो त मधेशी भनेरै हेपेको हो कि ? जब कि निषेधित क्षेत्रमा हामी गएकै थिएनौं। पछि प्रहरीले तितरबितर बनाएपछि त्यहाँ पुगिएको थियो। त्यहाँ फोटो खिचाउने कार्यक्रम मात्रै थियो।'

राजनीतिक च्याली थिएन, सांस्कृतिक थियो



● सिके राउत, अध्यक्ष, जनमत

माइतीघरमा निषेधित भनेपछि साथीहरू आर्ट काउन्सिलमा जम्मा हुनभएको थियो। जब म त्यहाँ पुगें, प्रहरीले धरपकड सुरु गऱ्यो। कुनै राजनीतिक च्याली थिएन, हामी सांस्कृतिक पहिरन लगाएर हिँडेका थियौं। धरपकड भएपछि हामीले धोती दिवस मनाउन पाउनुपर्छ भनेर नाराबाजी गऱ्यौं। अनि प्रहरीले हामीलाई पक्राउ गऱ्यो। यहाँ धोती लगाउने स्वतन्त्रता छैन जस्तो देखियो।

पक्राउपछि गृहमन्त्री र प्रहरी प्रमुखलाई सभामुखको फोन

नेपालको संविधानमा कुनै सदस्य पक्राउ गरिएमा पक्राउ गर्ने अधिकारीले त्यसको सूचना सम्बन्धित सदनको अध्यक्षता गर्ने व्यक्तिलाई तुरुन्त दिनुपर्ने व्यवस्था छ। तर, प्रहरीबाट कुनै जानकारी नआएपछि सभामुख देवराज घिमिरे स्वयंले चासो राखेका थिए। सभामुखका सञ्चारविज्ञ शेखर अधिकारीका अनुसार सभामुख घिमिरेले गृहमन्त्री नारायणकाजी श्रेष्ठ र प्रहरी प्रमुख वसन्तबहादुर कुँवरसँग फोन गरेर पक्राउबारे जानकारी लिएका थिए। 'फोन सम्पर्कमा गृहमन्त्री नारायणकाजी श्रेष्ठले आफूले हिरासतमै गएर माननीयहरूलाई छुटाउने बताउनुभयो। लगत्तै, भृकुटीमण्डप पुगेर गृहमन्त्रीले माननीयहरू छुटेको जानकारी दिनुभएको थियो भने आइजिपीले घटनाबारे जानकारी गराउनुभएको थियो,' सञ्चारविज्ञ घिमिरेले भने।

संसद्को उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापति अब्दुल खानले सभामुख घिमिरेलाई फोन गरेपछि उनले यसबारे चासो लिएका थिए। 'यो कुन प्रकारको अराजकता हो,' भन्दै खानले पुलिस क्लबभित्रैबाट सभामुखलाई फोन गरेका थिए। त्यसपछि दिउँसो ३ बजेतिर गृहमन्त्री श्रेष्ठ स्वयं गएर उनीहरूलाई रिहा गराएका थिए। 'गृहमन्त्रीज्यू आउनुभयो र 'तपाईंहरू निषेधित क्षेत्रमा जानुहुँदैन थियो,' भन्नुभयो,' राउतले भने, 'खासमा माइतीघरलाई निषेधित क्षेत्र यसरी महिनौंसम्म घोषणा गर्न मिल्दैन। सदन अहिले बन्द भएको छ। माइतीघर पनि निषेधित छ। जनताले आफ्नो आवाज कहाँ उठाउने, विरोध कहाँ गर्ने ? यो त जनतामाथि राज्यले गरिरहेको दमन नै हो।'

लाइन काटिएको...

पृष्ठ १ बाट क्रमशः

ज्योति समूहले सञ्चालन गरेको हिमाल आइरनको आठ करोड १२ लाख ७३ हजार रुपैयाँ बक्यौता थियो। यो उद्योगले सोमबार पहिलो किस्ताबापत २७ लाख १० हजार रुपैयाँ बुझाएको प्राधिकरणका उपकार्यकारी निर्देशक मनोज सिलवालले बताए। बाँकी रकम ३६ किस्तामा तिर्ने प्रतिबद्धता गरेको छ। बक्यौता नतिरेपछि गत शुक्रबार प्राधिकरणले यो उद्योगको लाइन काटेको थियो।

त्यस्तै, रोल्पा सिमेन्टको पाँच करोड ७३ लाख ६३ हजार बक्यौता छ। उसले पनि किस्तामै बक्यौता तिर्ने प्रतिबद्धता गरेको छ। 'हामी किस्तामा बक्यौता तिर्छौं, विद्युत् आपूर्ति कटौती नगर्नुस्' भन्ने आग्रहसहित रोल्पा सिमेन्टको पत्र प्राप्त भएको प्राधिकरण स्रोतले बताएको छ।

लोडसेडिङ भएको वेला प्राधिकरणले ०७२ साउनदेखि उद्योगहरूलाई ६५ प्रतिशत प्रिमियममा २४ घन्टासम्म विद्युत् उपलब्ध गराएको थियो। तर, त्यसको प्रिमियम महसुल अहिले विवादमा छ। जरिवाना र ब्याजसहित ५९ उद्योगको २२ अर्ब ४० करोड बक्यौता छ। महसुल नतिरेको भन्दै प्राधिकरणले ६ पुसदेखि उद्योगहरूमा विद्युत् आपूर्ति कटौती गर्दै आएको छ। हालसम्म २३ उद्योगको लाइन काटिएको छ ।

सर्त पूरा भएमा ०७५ वैशाखपछि पनि प्रिमियम बिल

विद्युत् नियमन आयोगले पुरानो सर्त पूरा भएमा ३१ वैशाख ०७५ देखि ०७७ जेठसम्मको अवधिमा पनि डेडिकेटेड फिडर र ट्रंक लाइनसरह (थप ६५ प्रतिशत प्रिमियममा) विद्युत् महसुल लिन पाउने नीतिगत निर्णय गरेको छ। ३१ वैशाख ०७५ मा लोडसेडिङ अन्त्य भएपछि पनि प्राधिकरणले विभिन्न उद्योगलाई प्रिमियम बिल पठाएको विषय पनि अहिले विवादमा छ, सोही सन्दर्भमा आयोगको सोमबार सम्पन्न २१८औं बैठकले यस्तो निर्णय गरेको हो।

६ घन्टा लोडसेडिङ भएको अवस्थामा उद्योगलाई न्यूनतम २० घन्टा विद्युत् आपूर्ति दिएमा प्रिमियम शुल्क लिन पाउने सर्त छ। यदि, ३१ वैशाख ०७५ पछि पनि त्यो सर्त पूरा भएमा प्रिमियममा बिल जारी गर्न सकिने आयोगको निर्णय छ। तोकिएको सर्त पूरा नभए ३१ वैशाख ०७५ पछि प्रिमियममा बिल काट्न नपाइने स्पष्ट पारिएको आयोगका प्रवक्ता गोकर्णराज पन्थले जानकारी दिए।

'लोडसेडिङ सकिएपछि पनि कुनै न कुनै रूपमा तोकिएको सर्त पूरा हुन्छ भने प्राधिकरणलाई प्रिमियममा बिल काट्ने अधिकार हुन्छ। यदि, सर्त पूरा भएका छैनन् भने उक्त अधिकार प्राधिकरणलाई हुँदैन,' प्रवक्ता पन्थले भने, 'सर्त पूरा नभएको अवस्थामा के गर्ने भनेर निर्णय गर्न हामीसँग अधिकार छैन। सर्त पूरा नभई जारी भएको बिललाई अदालतमार्फत वा प्राधिकरणको पुनरावलोकन प्रक्रियामार्फत टुंग्याउँदा उपयुक्त हुन्छ होला।'

उनका अनुसार यो द्विविधा भएको नीतिलाई स्पष्ट पारिएको मात्रै हो। बक्यौता महसुल असुल गर्ने/नगर्ने विषयमा आयोगबाट थप निर्णय गर्न नमिल्ने उनले बताए। यद्यपि, उद्योगहरूलाई अदालत र पुनरावलोकन प्रक्रियामा जान बाटो खुला रहेको उनले बताए।

महसुल विवादमा हाम्रो कुनै निर्णय हुँदैन : आयोग

आयोगले भने यस विवादमा आफ्नो कुनै धारणा नभएको पनि स्पष्ट पारेको छ। अदालत, लेखा समिति, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र मन्त्रालय तथा प्राधिकरणबाट बक्यौता उठाउने भनी निर्णय तथा निर्देशन प्राप्त भएको अवस्थामा यस सम्बन्धमा आयोगको अन्यथा धारणा हुन नमिल्ने सोमबार सम्पन्न बैठकको निर्णय छ। पुरानो सर्तसहित विद्युत् प्रवाह भएमा प्रिमियम शुल्कमा महसुल लिन प्राधिकरणलाई निर्देशन दिइसकेको अवस्थामा महसुल निर्धारण आयोगले ०७२ मा गरेका निर्णयहरूमा अतीतप्रभावी -भूतप्रवाही) रूपले अन्यथा निर्णय गर्न कानुनतः नमिल्ने आयोगको भनाइ छ।

यद्यपि, अदालतले विभिन्न समयमा गरेको फैसला तथा आदेशहरूको परिपालना हुने गरी प्राधिकरणले कामकारबाही गर्न सक्ने निर्देशन आयोगले दिएको छ। प्राधिकरणका उपकार्यकारी निर्देशक सिलवालले उक्त निर्णयका कारण प्राधिकरणको नीतिगत व्यवस्थामा थप निर्णय गर्न नपर्ने बताए।

मन्त्रिपरिषद्...

पृष्ठ १ बाट क्रमशः

जानकारी बैठकमा गराएका थिए। वर्षमा एक सयभन्दा बढी मन्त्रिपरिषद् बैठक हुने गरेका छन्। यो शीर्षकको खर्च कटौती भएपछि वार्षिक करिब ६० लाख बचत भएको प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यले बताए। निर्णयसँगै मन्त्रिपरिषद् बैठकमा सामान्य खाजा खुवाउन थालिएको छ।

सुशासन र सुधारमा स-साना विषय पनि महत्त्वपूर्ण मानिने भएकाले प्रधानमन्त्री प्रचण्डले आफ्नै कार्यालयबाट सुधारको थालनी गरेको सल्लाहकार आचार्यले बताए। सरकारले सुशासन र सुधारका कार्यलाई निरन्तर अगाडि बढाउने उनको भनाइ छ। सरकारको कार्यशैली बदल्ने घोषणा गरेका प्रधानमन्त्री प्रचण्ड अचेल दैनिक १० बजे सिंहदरबारस्थित कार्यालय पुग्ने गरेका छन्। यसैबीच, नेपाल संवत्लाई सम्पूर्ण सरकारी दस्ताबेजमा उल्लेख गर्ने सरकारको निर्णय कार्यान्वयनमा ल्याइएको छ।

हार्दिक श्रद्धाञ्जली



वि.सं.१९९८/०६/१६ वि.सं. २०८०/०९/०७

यस हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडकी कर्मचारी श्री हेम माया ढकालज्यूकी पुजनीय माता श्री सरस्वती पराजुलीको देहवसान भएको खबरले हामी अत्यन्तै मर्माहित भएका छौं। यस दुःखद घडीमा दिवङ्गत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै, शोकसन्तप्त परिवारमा धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन भनी प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं।

अर्जुन कुमार गौतम

प्रमुख कार्यकारी अधिकृत,

तथा

समस्त हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड परिवार

हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
Hydroelectricity Investment and Development Company Limited

भिड...

पृष्ठ १ बाट क्रमशः

बारम्बार चुक्दै आएको छ। गत असोजमा पोखराको मणिपाल अस्पतालमा आन्दोलन हुँदा प्रहरीले चिकित्सकमाथि निर्मम कुटपिट गरेको थियो। इन्स्पेक्टर मदन श्रेष्ठले अस्पतालभित्रै चिकित्सकमाथि कुटपिट गरे। बिरामीको मृत्यु भएपछि आन्दोलन भइरहेको अवस्थामा प्रहरीले आन्दोलनकारीलाई खुसी बनाउन चिकित्सकमाथि बल प्रयोग गरेको थियो। जुन घटनामा इन्स्पेक्टर श्रेष्ठलाई निलम्बन गरी छानबिन चलिरहेको छ। सो घटनापछि देशभरका चिकित्सकले आन्दोलन गरेका थिए।

गत साउन तेस्रो साता काठमाडौंको टेकुमा प्रहरी कार्यालय घेराउ गर्न गएका व्यक्तिमाथि पनि अत्यधिक बल प्रयोग गर्दा प्रहरी विवादमा पऱ्यो। गत वर्ष वैशाखमा मिटरब्याजपीडितमाथि रत्नपार्कमा प्रहरीले निर्मम कुटपिट गरेपछि गृहमन्त्रीले नै माफी माग्नुपऱ्यो। माइतीघर-बानेश्वर क्षेत्रमा हुने प्रदर्शनमा पनि पटक-पटक प्रदर्शनकारीमाथि अत्यधिक बल प्रयोग हुने गरेकोमा प्रहरी विवादमा पर्दै आएको छ।

फिल्डमा खटिने प्रहरीको आत्मविश्वासमा कमी हुँदा पनि कहिलेकाहीं अनावश्यक बल प्रयोग हुन सक्ने नेपाल प्रहरीका पूर्वएआइजी नवराज ढकालको विश्लेषण छ। प्रहरीलाई फिल्डमा स्पष्ट आदेश र उच्च मनोबलका साथ खटाउने वातावरण बनाउनुपर्ने उनको भनाइ छ।

'भिड नियन्त्रणको सिद्धान्तअनुसार फिल्डमा काम हुनुपर्छ,' उनी भन्छन्, 'यसका लागि प्रहरीलाई स्रोत, साधन र तालिम पुगेको छैन।' तर, कुनै घटनामा छानबिन नै नगरी निलम्बन गर्ने प्रवृत्तिले भोलिका दिनमा फिल्डमा थप समस्या आउन सक्ने उनको भनाइ छ।

पूर्वएआइजी राजेन्द्रसिंह भण्डारी प्रहरी आफैं राज्यबाट पीडित भएकाले त्यसको असर भिड नियन्त्रणमा देखिने गरेको बताउँछन्। 'बालकुमारीको घटना राज्यबाट पीडित भएका प्रहरी र बेरोजगार युवाबीचको झडप हो, यहाँ दुवै पीडित पक्ष छन्,' उनले भने, 'प्रहरीको मनोबल उच्च बनाउन राजनीतिक नेतृत्वबाट हस्तक्षेप बन्द गर्नुपर्छ।' राजनीतिक कारणले नै समाजमा वितृष्णा बढ्दै गएको र त्यो असन्तुष्टि सडकमा पोखिने भएकाले आगामी दिनमा भिड व्यवस्थापन थप चुनौतीपूर्ण बन्दै जाने भण्डारी बताउँछन्।

सुरक्षाविद् नारायण अधिकारी प्रहरीलाई भिड नियन्त्रणसम्बन्धी तालिम र आवश्यक सामग्रीको व्यवस्थापनमा राज्यले विशेष ध्यान दिनुपर्ने बताउँछन्। भिड नियन्त्रणमा पछिल्लोपटक देखिएको कमजोरीका पछाडि धेरै कारण रहेको र तीमध्ये एउटा प्रहरीको खस्किएको मनोबल भएको उनको बुझाइ छ। 'त्यसकारण यस्ता घटनाको विषयमा प्रहरीमाथि मात्र नभई सबै निकायमाथि छानबिन हुनुपर्छ,' उनले भने।

कतिपय अवस्थामा अन्य निकायसँग समन्वयको अभावले पनि क्षति हुने गरेको छ। भिड नियन्त्रणमा प्रहरीलाई सहयोग गर्न अर्धसैन्य संरचनाको सशस्त्र प्रहरी बल हरेक जिल्लामा खटिएको छ। तर, समयमै समन्वय नहुँदा पनि कतिपय घटनामा बढी क्षति हुने गरेको छ। शुक्रबारको घटनामा पनि सशस्त्र प्रहरी तथा राष्ट्रिय अनुसन्धान विभागले दिएको विश्लेषणलाई प्रहरीले गम्भीरताका साथ नलिएको आरोप लागेको छ।

भौतिक पूर्वाधार र श्रममन्त्री पनि छानबिनको दायरामा

नयाँ पत्रिका

अछामका वीरेन्द्र शाह र दैलेखका सुजन राउतको ज्यान जाने गरी भएको बालकुमारी घटनामा दुई मन्त्रीमाथि पनि छानबिन हुने भएको छ। भौतिक पूर्वाधारमन्त्री प्रकाश ज्वाला र श्रममन्त्री शरत्सिंह भण्डारीलाई पनि छानबिनको दायरामा ल्याइने भएको हो।

कोरियन भाषा परीक्षा (इपिएस)लाई लिएर युवाहरूले आन्दोलन गरिरहेको संवेदनशील क्षेत्र बालकुमारीमा गएको र भनाभनमा उत्रिएको भन्दै मन्त्री ज्वालाको तथा इपिएस कार्यालयको भूमिकालाई लिएर मन्त्री भण्डारीको आलोचना भइरहेको छ। सोमबार संसद्को राज्य व्यवस्था समितिको बैठकमा सांसदहरूले दुवै मन्त्रीको राजीनामा मागेपछि समितिले उनीहरूमाथि छानबिन गर्न निर्देशन दिएको छ। बैठकमा जवाफ दिन उपस्थित गृहमन्त्री नारायणकाजी श्रेष्ठले पनि घटनासँग सम्बन्धित सबै पक्षमाथि छानबिन हुने प्रतिबद्धता जनाएका छन्।

बैठकमा गृहमन्त्री श्रेष्ठले भने, 'यो सामान्य विषय होइन, कहीं न कहीं कमजोरी भएको छ। यसमा न्यायिक समिति बनिसकेको छ। समितिले घटनासँग सम्बन्धित सबै सेरोफेरोमा छानबिन गर्नेछ। सबै पक्षमा छानबिन गरेर जो-जो दोषी देखापर्छ, ती सबैलाई कानुनको दायरामा, कारबाहीको दायरामा ल्याइनेछ। दृढतापूर्वक प्रतिवेदन कार्यान्वयन गरिनेछ।'

घटना छानबिनका लागि सोमबारै मन्त्रिपरिषद्ले पूर्वन्यायाधीश शेखर पौडेलको अध्यक्षतामा तीन सदस्यीय न्यायिक छानबिन समिति गठन गरेको छ। समितिलाई घटनाका सम्बन्धमा भएका कमी-कमजोरी पत्ता लगाउने तथा सम्बन्धित व्यक्ति, पदाधिकारी एवं निकायको भूमिकाबारे अध्ययन गरी दोषी देखिएका जोकोहीलाई कारबाही सिफारिस गर्न कार्यादेश दिइएको छ।

मन्त्री श्रेष्ठले अदालतको आदेशका आधारमा इपिएस कार्यालयको अव्यावहारिक निर्णय, इपिएस कार्यालय प्रमुखको गैरजिम्मेवारीपन र परीक्षार्थीको प्रदर्शनबीच भौतिक पूर्वाधारमन्त्रीको सवारीले अप्रिय घटना भएको बताए। 'त्यतिवेला मन्त्रीजी त्यो बाटोबाट किन आउनुभयो होला ? यहाँनेर पिएसओ र गार्डले किन रोकेन ? सूचना किन दिएन ?' उनले भने, 'यसले यो घटनालाई अर्को मोडतिर लैजान भूमिका खेल्यो।'

मन्त्री आउनुअघि स्थिति नियन्त्रणमै रहेको, सुरक्षा फौज अलर्टमै रहेको रिपोर्टिङ पनि गृहमन्त्रीले समिति बैठकमा गरेका छन्। उनले थपे, 'मन्त्रीजीको गाडी आइसकेपछि मन्त्रीजी एकछिन बाहिर निस्केर सवालजवाफतिर पनि लाग्नुभएछ। त्यसपछि त्यो भएन भनेपछि धकेलाधकेल पनि हुन्छ। त्यसपछि मन्त्रीजीलाई आर्मीको गार्डले लिएर जानुभयो। यता प्रहरीलाई मन्त्रीको गाडी आएको छ, घेराबन्दीमा परेको छ भन्ने भएपछि फिल्डको कमान्डर त्यो दिशामा जान खोजे। त्यही क्रममा गोली प्रहार भएको देखिन्छ। त्यसरी फायरिङसँगै उतापट्टि गाडी जलेको देखिन्छ,' उनले समितिलाई जानकारी गराए।

गृहमन्त्री श्रेष्ठले घटनामा जिल्ला सुरक्षा समितिको आदेशविना नै गोली हानेको देखिएको बताए। 'हाम्रो स्ट्यान्डबाई अर्डर गोली प्रयोग नगर्नौं भन्ने थियो, र पनि गोली चल्यो,' उनले भने, 'गोली चलेपछि मात्रै हामीले जानकारी पाएको हो।'

मन्त्री श्रेष्ठले अनुसन्धानलाई सफल बनाउन पिएसओ, फिल्ड कमान्डरसम्म निलम्बन गरिएको र दोषी नभए फुकुवा हुने बताए। 'जिल्ला सुरक्षा समितिको आदेशविना गोली हानेको देखिएको छ। छानबिनलाई उपयुक्त वातावरण निर्माण गर्न निलम्बन गरिएको हो,' उनले भने। यो घटनामा इपिएस कार्यालय प्रमुख मात्र नभई श्रममन्त्री पनि जिम्मेवार हुनुपर्ने सांसदहरूको धारणामा मन्त्री श्रेष्ठले छानबिनबाट टुंगो लाग्ने बताए। 'प्रारम्भिक विश्लेषणमा समस्या छ भनेर त देखिएकाहरूलाई निलम्बन गरेर छानबिनको वातावरण निर्माण गरिएको छ,' उनले भने, 'छानबिन समितिले सम्पूर्ण पक्षलाई हेर्छ, प्रतिवेदन दिन्छ। यसलाई दृढतापूर्वक कार्यान्वयन गरिनेछ। दोषीलाई कारबाहीको दायरामा ल्याइनेछ।'

बैठकमा गृहमन्त्रीबाहेक नेपाल प्रहरी प्रमुख वसन्त कुँवर र सशस्त्र प्रहरी प्रमुख राजु अर्याल तथा राष्ट्रिय अनुसन्धान विभागका प्रमुख हुतराज थापाले पनि ब्रिफिङ गरेका थिए। आइजिपी कुँवरले मन्त्रीको ज्यान जोगाउने हिसाबले फिल्ड कमान्डरबाट गोली चलेको हुन सक्ने बताए। 'मन्त्रीको गाडी परिसकेपछि बल प्रयोग नगर्दा समस्या आउन सक्छ भन्ने मानसिकताले काम गरेको देखिन्छ,' उनले भने, 'किनकि त्यहाँ मन्त्रीजी गाडीमा आएको सञ्चार भएको छैन। यस्तो संवेदनशील अवस्थामा मन्त्रीजीको ज्यानको समेत खतरा हुने र बल प्रयोग नगर्दा समस्या आउन सक्छ भन्ने हिसाबले प्रहरी अगाडि बढ्यो। भिड नेतृत्वमा थिएन। युवाहरू जोसमा थिए, सोचेभन्दा फरक अवस्था थियो, त्यति नगरेको भए अरू थप क्षतिहरू हुन सक्ने अवस्था थियो।'

कुँवरले दंगा नियन्त्रणका लागि प्रहरीसँग पर्याप्त स्रोत-साधन नभएको गुनासो पनि गरे। 'स्रोत-साधन पर्याप्त छैन। सञ्चार सेट साधारणतया मागेरै लिने हो, लिएको हो। काठमाडौंलाई एउटा सेट छ, ललितपुरलाई अर्कै छ। एउटै च्यानल भएको भए सजिलो हुन्थ्यो,' उनले भने। बालकुमारी घटनामा समयमा सञ्चार सम्पर्क हुन नसक्नुमा उनले साधनकै अभाव देखाए। 'अहिलेको हामीले प्रयोग गरेको सेटले बाहिर जाँदा काम गर्दैन। विभिन्न च्यानल हुन्छ, अलिकति मिलाएर कुरा गर्ने हुन्छ भने काठमाडौंभित्र प्रयोग गर्ने वाकिटकी ललितपुरले टिप्दैन, फ्रिक्वेन्सी नै मिल्दैन। समन्वय गर्दा कि टेलिफोन गर्नुपऱ्यो, कि उपत्यका प्रहरी कार्यालयबाट सञ्चार गर्नुपर्ने हुन्छ। पिएसओले तत्काल खबर पाएको त्यहींबाट हो। मन्त्रीको गाडी आइसक्यो भनेर पिएसओले टेलिफोन वा आफ्नो सेटमार्फत उपत्यका प्रहरी कार्यालयमा खबर गरेपछि सो कुरा ललितपुर परिसरलाई रिले गरेपछि मन्त्रीको गाडी आएको थाहा भयो। त्यसपछिको डेभलपमेन्ट केही भनेन। त्यसपछि रनभुल्लमा परियो,' उनले सुनाए।

दुर्गा प्रसाईंको आन्दोलनका वेला दंगा नियन्त्रण सामग्री बुटवल, गण्डकी र भरतपुर तालिम केन्द्रबाट मगाएको पनि उनले सुनाए। 'अब आन्दोलन हुँदा दंगा नियन्त्रण प्रहरीले कसरी गर्ने ? यो कुरामा पनि सचेत भइदिनुपऱ्यो,' उनले भने।

त्यस्तै, सशस्त्रका आइजिपी अर्यालले न्यूनतम बल प्रयोग गर्नु नै सुरक्षा फौजको सिद्धान्त भए पनि फिल्डमा कहिलेकाहीं न्यूनतम क्षति कति र अधिकतम क्षति कति भन्ने परिस्थितिमा भर पर्ने बताए। 'यसमा धेरै पक्ष जोडिएको छ। स्पष्ट समन्वय भएन भने थेग्नै नसक्ने अवस्था आउँछ। क्षतिको न्यूनीकरण गर्ने प्रयास सुरक्षा फौजले गरेकै छ, भएका कमी-कमजोरीमा समिति बनेको छ, त्यसअनुसार हामीले गर्नेछौं,' उनले भने।

राष्ट्रिय अनुसन्धान विभाग प्रमुख हुतराज थापाले परीक्षार्थीको प्रदर्शनमा मन्त्रीको गाडी प्रवेश गरेपछि नै घटनाले उग्र रूप लिएको बताए। इपिएसको लामो आन्दोलनमा सुरक्षाकर्मी अलर्ट रहेको, जिल्ला सुरक्षा समितिमा पनि व्यापक छलफल भएको उल्लेख गर्दै उनले मन्त्रीको गाडी प्रवेशपछि स्थिति नियन्त्रणबाहिर गएको र यसमा समन्वयको अभाव देखिएको उनको दाबी छ।

तर, भौतिक पूर्वाधारमन्त्री ज्वालाले भने बालकुमारीमा आन्दोलन भएको विषयमा आफूलाई जानकारी नभएकाले सोही बाटो गाडी लगेको दाबी गर्दै आएका छन्।

सांसदहरूले गृहमन्त्री श्रेष्ठलाई नैतिकताका आधारमा राजीनामा दिन दबाब दिएका छन्। सिंहदरबारमा आगो लाग्दा प्रधानमन्त्री कीर्तिनिधि विष्ट, रंगशालामा आँधी आएर भागदौड भई नागरिक मारिँदा खेलकुदमन्त्री केशरबहादुर विष्टले राजीनामा दिएको प्रसंग उल्लेख गर्दै सांसदहरूले मन्त्री श्रेष्ठलाई पनि नैतिकता देखाउन भनेका हुन्। 'विदेश गएर कमाइ खाऊँ भन्दा पनि ताकी-ताकी गोली हान्ने, गृहमन्त्री राजीनामा दिनुस्,' एमाले सांसद राजेन्द्र राईले भने।

एउटै कानुन...

पृष्ठ १ बाट क्रमशः

जसका कारण जनसरोकारका मुद्दामा पनि प्रदेश सभा कमजोर देखियो। 'नयाँ विधेयक दर्ता भएनन्। अहिले पनि सदनमा विधेयक छैनन्,' प्रदेश सभा सचिव देवबहादुर बोगटीले भने।

नवनिर्वाचित प्रदेश सभा सदस्यले गत वर्ष १५ पुसमा शपथ लिएका थिए भने १८ पुसमा अधिवेशन सुरु भएको थियो। सुरुको समयमा सरकार गठनको खिचातानीले सदनले विधेयक पाउन सकेन। सरकारले पूर्णता पाएपछि पनि सरकारले सदनलाई 'बिजनेस' दिन सकेको छैन। सरकारले सदनलाई लामो समयसम्म कामविहीन बनाएको भन्दै प्रतिपक्ष मात्र होइन, सत्तापक्षकै सांसद असन्तुष्ट छन्।

प्रमुख प्रतिपक्षी एमालेका सांसद धर्मराज पाठकले नीतिनिर्माण गर्नुपर्ने थलो सरकारको अकर्मण्यताका कारण नीति, कार्यक्रम र बजेट पारित गर्ने तथा विश्वासको मत दिनेमा मात्र केन्द्रित भएको बताए। 'एउटै नयाँ कानुन बनेन। विगतमा बनेका कतिपय कानुन संशोधन गर्नुपर्ने आवश्यकता छ, तर भएको छैन,' पाठकले भने, 'सदनमा कानुन बनाउने र जनताका आवाज उठाउने काम सरकारले बन्देज गरिदिएको छ।'

कानुन निर्माण र जनताका सवाल उठान गर्ने विषयमा प्रदेश सभाको प्रभावकारिता देखिन नसकेको स्वतन्त्र सांसद डा. तारा जोशीले बताए। एक वर्षसम्म एउटा पनि विधेयक पारित गर्न नसक्दा नागरिकले प्रदेश सभामाथि नै प्रश्न उठाउन थालेको उनले बताए। 'सार्वभौम सदनमा सरकारको ताला लागेको छ, जनताका मुद्दा उठाउन पाइएको छैन,' डा. जोशीले भने, 'एक वर्ष बित्दा सरकारबाट कुनै एउटा नयाँ विधेयक दर्ता भएन, गैरसरकारी विधेयक ल्याउन सक्ने अवस्था पनि छैन।' आलोचना हुने डरले सरकारले सदन चलाउन नचाहेको उनले आरोप लगाए।

सत्तारुढ माओवादी संसदीय दलका उपनेता अक्कलबहादुर रावलले जनताको आशा धेरै भए पनि काम कम हुँदा प्रदेश संरचना खारेज हुनुपर्छ भन्ने धारणा आउन थालेकाले त्यसलाई चिर्ने गरी प्रदेश सभाले अब काम गर्नुपर्ने बताए। 'सरकारको तर्फबाट ढिलासुस्ती भएको छ,' उनले भने, 'सदनलाई क्रियाशील बनाइराख्नुपर्छ भनेर सरकारको ध्यानाकर्षण गराएका छौं।'

सत्तारुढ कांग्रेसका सांसद मेघराज खड्का आफूहरू सांसदको रूपमा नीति, कानुन निर्माणमा व्यस्त हुनुपर्नेमा सदन नचल्दा फुर्सदिला रहेको बताए। 'सदन नचल्दा जनसरोकारका कतिपय गम्भीर मुद्दा र सरकारका कामकारबाहीबारे कुरा उठाउन पाइएको छैन। सरकारले आगामी अधिवेशनमा बिजनेस दिने भनेको छ,' उनले भने।

तलब-भत्तामा सवा आठ करोड खर्च

कानुन निर्माणमा उपलब्धिविहीन रहे पनि एक वर्षमा प्रदेश सभाका पदाधिकारी, सदस्य र सचिवालयमा नियुक्त कर्मचारीको पारिश्रमिक तथा तलब-भत्तामा आठ करोड २७ लाख १० हजार रुपैयाँ खर्चको भएको छ। प्रदेश सभा सचिवालयका अनुसार गत वर्ष १५ पुसदेखि असार मसान्तसम्म पदाधिकारी, सदस्य, पदाधिकारीका सचिवालयमा नियुक्त कर्मचारी र सदस्यका स्वकीय सचिवको तलब-भत्तामा पाँच करोड ५३ लाख ९४ हजार रुपै

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
मंगलबार १७ पुस ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

■ प्रधानमन्त्री कप महिला टी-२० क्रिकेट

सुदूरपश्चिमलाई नौ विकेटले हराउँदै कोशी फाइनलमा

नयाँ पत्रिका

कोशी प्रदेशले प्रधानमन्त्री कप महिला टी-२० राष्ट्रिय प्रतियोगिताको सोमबार भएको दोस्रो क्वालिफायर खेलमा सुदूरपश्चिमलाई नौ विकेटले हराउँदै फाइनलको स्थान सुरक्षित गरेको छ। कोशीले उपाधिका लागि बुधबार नेपाल एपिएफ क्लबको सामना गर्नेछ। त्रिवि क्रिकेट मैदानमा पहिलो ब्याटिङ गरेको सुदूरपश्चिमले २० ओभरमा सात विकेट गुमाएर ८८ रनको झिनो योगफल खडा गरेको थियो। सहज लक्ष्य पछ्याएको कोशीले १३ ओभरमा केवल एक विकेट गुमाउँदै ८९ रन जोड्यो। कोशीको जितमा काजोल श्रेष्ठ ३५ बलमा सात चौकाको सहयोगमा ३८ रनमा अविजित योगदान दिइन्।

यसैगरी, राष्ट्रिय महिला टोलीकी पूर्वकप्तान रुविना क्षेत्रीले २३ बलमा ३७ रन बनाइन्। उनले आफ्नो इनिङ्समा सात चौका र एक छक्का प्रहार गरेकी थिइन्। अप्सरी बेगम २१ बलमा दुई चौकासहित १२ रनमा अविजित रहिन्। सुदूरपश्चिमकी लक्ष्मी साउदले एक मात्रै विकेट लिन सफल भइन्। यसअघि पहिलो ब्याटिङ गरेको सुदूरपश्चिमले कोशीको घातक बलिङ सामना गर्न सकेन। कोशीकी संगीता राईले चार ओभरमा १३ रन खर्चेर महत्त्वपूर्ण दुई विकेट लिइन्।

सबनम राई, एलिसा खडिया र निशा शाहले समान एक विकेट हात पारे। प्रतियोगितामै पहिलोपटक कमजोर ब्याटिङ प्रदर्शन गरेको सुदूरपश्चिमबाट सम्झना खड्काले सर्वाधिक २४ रन बनाइन्। उनले २५ बलमा चार चौका प्रहार गरेकी थिइन्। ओपनर बिन्दु रावल र रुवि पोदारले पहिलो विकेटका लागि ६.३ ओभरमा २६ रनको साझेदारी गरेका थिए। सुरुवात मध्यम गरेको सुदूरपश्चिमले त्यसपछि गतिलो साझेदारी पाउन नसक्दा कोशीलाई चुनौतीपूर्ण लक्ष्य दिन नसकेको हो। बिन्दुले १८ बलमा तीन चौकाको सहयोगमा १७ रन बनाइन्।

संगीताले रुविलाई सात रनमा एलबिडब्लू धरापमा राखिन्। संगीताले रेवती धामीलाई सात रनमा एलबिडब्लू गर्दै पेभेलियन पठाइन्। सुदूरपश्चिमले एलिमिनेटर खेलमा बागमतीलाई हराउँदै दोस्रो क्वालिफायर खेलेको थियो।



कोशीविरुद्धको खेलमा सुदूरपश्चिमकी खेलाडी बोल्ड हुँदै।

दोस्रो एसिसी प्रिमियर कप २८ चैतमा

एसियन क्रिकेट काउन्सिल (एसिसी)ले दोस्रो संस्करणको एसिसी प्रिमियर कप आगामी २८ चैतदेखि गर्ने भएको छ। एसिसीले सोमबार प्रतियोगिताको मिति सार्वजनिक गरेको हो। प्रतियोगिता ०८० को २८ चैतदेखि ०८१ को ११ वैशाखसम्म हुने एसिसीले जनाएको छ। एसिसीले दोस्रो संस्करणको मिति सार्वजनिक गरे पनि यसको आयोजक राष्ट्र घोषणा गरेको छैन। नेपालले घरेलु मैदानमा आयोजना भएको पहिलो संस्करणको ट्रफी उचालेको थियो। यसै प्रतियोगिताको च्याम्पियनका रूपमा नेपालले एसिया कपमा भाग लिएको थियो।

जहाँ नेपालले एकदिवसीय विश्वकपका पूर्वविजेताद्वय भारत र पाकिस्तानविरुद्ध प्रतिस्पर्धा गरेको थियो। एसिसीका अनुसार यसपटक १० टोलीबीच २४ खेल हुनेछ। दोस्रो संस्करण मध्यपूर्वी एसियामा हुने सम्भावना छ। प्रतियोगितामा नेपाल, युएई, ओमान, हङकङ, मलेसिया, कतार, कुवेत, बहराइन तथा च्यालेन्ज कपको विजेता र उपविजेताले भाग लिनेछन्।

नेपालले सन् २०२४ को टी- २० विश्वकपअघि एसिसी प्रिमियर कप खेल्न लागेको हो। विश्वकपअघि नेपाललाई कपले राम्रो तयारी गर्ने अवसर मिल्नेछ।

एसिसी प्रिमियर कप भएको दुई महिनापछि जुनमा अमेरिका र वेस्ट इन्डिजमा टी- २० विश्वकप आयोजना हुँदै छ। यसैबीच, एसिसीले महिला प्रिमियर कप टी- २० प्रतियोगिता २६ माघदेखि गर्ने प्रस्ताव राखेको छ। मलेसियामा हुने प्रतियोतिगामा थाइल्यान्ड, युएई, इन्डोनेसिया, नेपाल, हङकङ, मलेसिया, चीन, म्यानमार, भुटान, बहराइन, ओमान, कुवेत, सिंगापुर, जापान, कतार र माल्दिभ्सले भाग लिनेछन्। विजेता र उपविजेताले जुलाईमा हुने महिला एसिया कप २०२४ मा प्रतिस्पर्धा गर्न अवसर पाउनेछन्।

सन्दीपले राष्ट्रिय टोलीबाट खेल्न नपाउने

बलात्कार मुद्दामा दोषी ठहर भएपछि सन्दीप नैतिकताका आधारमा राष्ट्रिय टोलीबाट बाहिर रहनुपर्ने क्यान पदाधिकारीको भनाइ

नयाँ पत्रिका

जिल्ला अदालत काठमाडौंले बलात्कार मुद्दामा दोषी ठहर गरेसँगै लेग स्पिनर सन्दीप लामिछानेले राष्ट्रिय क्रिकेट टोलीबाट प्रतिस्पर्धा गर्न नपाउने भएका छन्। अदालतको फैसलापछि सन्दीप राष्ट्रिय टोलीबाट प्रतिनिधित्व गर्न नपाउने नेपाल क्रिकेट संघका उच्च अधिकारीले बताएका छन्। 'अहिले क्यानले निर्णय सुनाएको छैन, तर अदालतले दोषी ठहराएका व्यक्ति स्वतः नै निलम्बनमा परेबराबर हो,' क्यानका ती अधिकारीले भने, 'नैतिकताका आधारमा पनि उनी बाहिर रहनुपर्छ।' जिल्ला अदालतले गत शुक्रबार सन्दीपमाथिको मुद्दामा फैसला सुनाउँदै उनलाई दोषी ठहऱ्याएको थियो।

२५ पुसमा काठमाडौं जिल्ला अदालतले उनको सजायसम्बन्धी फैसला तोक्नेछ। यद्यपि, सन्दीपले फैसलाविरुद्ध पुनरावेदन गर्न सक्नेछन्। उनले कम्तीमा ७ देखी १० वर्षको जेल सजायको सामना गर्नुपर्ने हुन्छ। अदालतको निर्णयसँगै उनले वीरगन्जमा चलेको पहिलो संस्करणको प्रो लिग क्लब टी- २० च्याम्पियनसिपको फाइनल खेलेनन्। अदालतले फैसला गरेको दिन नै उनले आफ्नो नेतृत्वमा रहेको पर्सा- ११ लाई फाइनलमा पुऱ्याएका थिए। शनिबार भएको फाइनलमा सन्दीपले खेलेनन्। जसमा पर्सा- ११ नेपाल पुलिस क्लबसँग पराजित भएको थियो।

जिल्ला अदालतको फैसलापछि सन्दीपले नैतिकता र कानुनी रूपमा खेल्न नमिल्ने क्यानका वरिष्ठ सदस्यले नयाँ पत्रिकालाई बताएका छन्। 'यसअघिसम्म उनीमाथि आरोप मात्र लगाइएको थियो, तर अहिले दोषी ठहर भइसकेका छन्



फाइल तस्बिर

जसका कारण नैतिकताका आधारमा पनि राष्ट्रिय टोलीबाट खेल्न मिल्दैन,' उनले भने, 'स्वयं सन्दीपले यसको उदाहरणका रूपमा वीरगन्जमा भएको प्रो लिगमा देखाएका थिए।' क्यान अब कानुनअनुसार चल्नुपर्ने उनले बताए। 'क्यान पनि कानुनअनुसार चल्नुपर्छ, अदालतले उनलाई दोषी नै ठहराएपछि क्यानले पनि स्पष्ट धारणा राख्नुपर्छ,' उनले भने।

अदालतमा मुद्दा चलिरहे पनि सन्दीप धरौटीका आधारमा राष्ट्रिय टोलीमा खेल्दै आइरहेका थिए। जिल्ला अदालत काठमाडौंमा लगातार बहस र पेसी चलेको थियो। पेसी सरिरहेका कारण नै उनले राष्ट्रिय टोलीबाट खेल्न अवसर पाएको क्यानका ती वरिष्ठ सदस्यले बताए। 'यसअघिसम्म पेसी सरेको थियो, यसैकारण सन्दीपले राष्ट्रिय टोलीमा मौका पाए, तर अब ठोषी भइसकेका छन्,' उनले भने।

जुनियर फुटबलमा पिस प्वाइन्ट पहिलो



नयाँ पत्रिका

पिस प्वाइन्टले सातौं नेफऋत कप अन्तरविद्यालय जुनियर यू- १६ छात्र फुटबल प्रतियोगिताको उपाधि जितेको छ। चाबहिल गणेशस्थान मैदानमा भएको फाइनलमा पिस प्वाइन्टले न्यु एरालाई ५-२ ले पराजित गऱ्यो। पिस प्वाइन्टका राहुलकुमार योज्जन र विशेष थिङले समान दुई गोल गरे। न्यु एराबाट दुवै गोल पेम्बा तामाङले फर्काए। राहुल फाइनलको 'म्यान अफ द म्याच' घोषित भए। लुम्बिनी एकेडेमीले तेस्रो स्थान रक्षा गऱ्यो। लुम्बिनीले बोन स्काइलार्कलाई २-० ले हरायो। लुम्बिनीको जितमा दुवै गोल आसिप नेपालीले गरे।

प्रतियोगितामा न्यु एराका पेम्बा तामाङ उत्कृष्ट खेलाडी बने। न्यु एराकै साइन्टिस्ट राई उदीयमान खेलाडी ठहरिए। गोलरक्षकमा पिस प्वाइन्टका निराजन देउवा, डिफेन्समा पिस प्वाइन्टका महेश राई तथा स्ट्राइकरमा पिस प्वाइन्टकै राहुलकुमार योज्जन उत्कृष्ट भए। यसैबीच, डेनमार्कमा हुने दाना कप जुनियर फुटबल प्रतियोगिताका लागि यसै प्रतियोगिताबाट ३० खेलाडी छनोट गरिएको छ। आगामी २२ देखि २७ जुलाईसम्म हुने प्रतियोगिताका लागि ३० खेलाडी छनोट भएको नेफका अध्यक्ष नारायण रोकाले जानकारी गराएका छन्।

ऋतका प्रिन्सिपल आनन्दकुमार यादवले उत्कृष्ट २८ खेलाडीलाई प्लस टु अध्ययनका लागि छात्रवृत्ति प्रदान गरेका छन्। विजेतालाई प्याब्सनका केद्रीय उपाध्यक्ष थकिनकुमार गुरुङ र ऋतका प्रिन्सिपल आनन्दकुमार यादवलगायतले पुरस्कृत गरेका छन्। ८ पुसदेखि सुरु भएको नकआउट प्रतियोगितामा ६४ टिम सहभागी थिए।

खेल संक्षेप

तेक्वान्दोमा अञ्जुली पहिलो

कास्की/ अञ्जुली तेक्वान्दो डोजाङले प्रदेशस्तरीय प्रथम खुला आमन्त्रित पोखरा तेक्वान्दो प्रतियोगिताको उपाधि हात पारेको छ। पहिलो भएको अञ्जुलीले ६ स्वर्ण, दुई रजत र सात कांस्य पदक जितेको थियो। पाँच स्वर्ण, दुई रजतसहित तनहुँको रिसिङ पाटन दोस्रो भएको छ। प्रतियोगितामा पुरुषतर्फ अञ्जुलीका पितर तामाङ र महिलातर्फ रिसिङकी सलका श्रेष्ठले समान दुई स्वर्ण हात पार्दै उत्कृष्ट खेलाडी घोषित भएका छन्।

हातेमालो भलिबलमा पहिलो

काठमाडौं/ आयोजक प्रदेशी हातेमालो सहकारी संस्था युएई (दुबई)ले नेपाली अन्तरसंस्थास्तरीय युएईव्यापी दोस्रो प्रदेशी हातेमालो भलिबल कपको उपाधि जितेको छ। युएईको अलवाली इन्डोर स्टेडियममा भएको फाइनलमा तनहुँ सेवा समाजलाई २-० ले हराउँदै हातेमालोले उपाधि हात पारेको हो। प्रतियोतिगाको व्यक्तिगत विधामा पनि च्याम्पियन प्रदेशीले नै वर्चस्व जमाएको छ।

एपिएफलाई महिला भलिबल उपाधि

पोष्टराज अधिकारी/ नयाँ पत्रिका

एपिएफ क्लबले केशवलाल श्रेष्ठ स्मृति राष्ट्रिय महिला भलिबल प्रतियोगिताको उपाधि जितेको छ। प्रतियोगिताको सोमबार भएको फाइनलमा चन्द्रागिरि नगरपालिका न्यु डाइमन्ड क्लबलाई ३-१ को सेटमा पराजित गर्दै एपिएफले उपाधि हात पारको हो। एपिएफले न्यु डाइमन्डलाई १९-२५, २०-२५, १७-२५ र २३-२५ का सेटमा हरायो।



एपिएफले दुई लाख र उपविजेता न्यु डाइमन्डले एक लाख रुपैयाँ पाएका छन्। प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी निरुता ठगुन्ना, उत्कृष्ट प्रशिक्षक विजय केसी र उत्कृष्ट सर्भर एपिएफका सरस्वती चौधरी भएका छन्।

यसैगरी, उत्कृष्ट स्पाइकर न्यु डायमन्डकी जेनिसा विश्वकर्मा, ब्लकर सुमित्रा रेग्मी, डिफेन्डर सलिना श्रेष्ठ र सेटर प्रगति नाथ घोषित भए। सर्वोत्कृष्ट खेलाडीले १५ हजार र विधागत उत्कृष्ट खेलाडीहरूले पाँच हजार रुपैयाँ प्राप्त गरेका छन्। प्रतियोतिगामा पाँच टोलीबीच एकल राउन्ड रोविनको आधारमा खेल भएको थियो।

सेमिफाइनलिस्ट त्रिभुवन आर्मी र नेपाल पुलिस क्लबले जनही ५० हजार रुपैयाँ प्राप्त गरेका छन्। प्रतियोगिताको विजेता, उपविजेता तथा विधागत उत्कृष्ट खेलाडीहरूलाई हेर्टौंडा उपमहानगरपालिकाकी मेयर मीनाकुमारी लामा र आयोजक केशवलाल श्रेष्ठ स्मृति प्रतिष्ठानका अध्यक्ष प्रताव विष्टले पुरस्कृत गरेका छन्।

टेस्ट र एकदिवसीयबाट सन्न्यास लिए वार्नरले

सिड्नी/ अस्ट्रेलियाका बायाँहाते ब्याट्सम्यान डेभिड वार्नरले एकदिवसीय र टेस्ट करिअरबाट सन्न्यास घोषणा गरेका छन्। सिड्नीमा ३ जनवरीदेखि पाकिस्तानविरुद्ध सुरु हुने टेस्ट सिरिज नै उनको अन्तिम हुनेछ। अस्ट्रेलियन क्रिकेट बोर्डले आधिकारिक रूपमै आफ्नो वेबसाइडमा वार्नरले सन्न्यास घोषणा गरेको उल्लेख गरेको छ। पाकिस्तानविरुद्धको टेस्ट सिरिज अगाडि सोमबार भएको पत्रकार सम्मेलनमा वार्नरले टेस्ट र एकदिवसीय खेलबाट बिदा हुन चाहेको बताएका छन्। उनले गत महिना भारतमा भएको ५० ओभरको एकदिवसीय विश्वकप क्रिकेट प्रतियोतिगा उपाधि जित्नु नै अहिलेसम्मकै ठूलो उपलब्धिका रूपमा लिएका छन्।

'आज म आफनो मुख्य विधाबाट सन्न्यासको घोषणा गर्दै छु, जहाँ मैले सबैबाट माया पाएँ,' निराश हुँदै वार्नरले भने, 'मलाई थाहा छ च्याम्पियन्स ट्रफी आउँदै छ, त्यसअगाडि नै बिदा हुन चाहन्छु।' उनले अस्ट्रेलियन टोलीलाई आवश्यक परेको वेलामा फर्कन सक्ने जनाए। 'यदि अस्ट्रेलियाले मेरो आवश्यक सम्झेको वेलामा जुनसुकै समयमा म उपलब्ध हुनेछु,' उनले भने, 'दुई वर्षको अवधिमा राम्रो क्रिकेट खेलिरहेको हुनेछु।'

टी-२० मा नजर

वार्नरले ५० ओभर र टेस्ट खेलबाट सन्न्यास लिए पनि टी-२० खेलमा सक्रिय हुने जनाएका छन्। यसै वर्ष वेस्ट इन्डिज र अमेरिकाले संयुक्त रूपमा आइसिसी टी- २० विश्वकप क्रिकेट प्रतियोतिगा आयोजना गर्दै छन्। वार्नरले टी- २० विश्वकपमा अस्ट्रेलियालाई उपाधि दिलाउने लक्ष्य भएको स्पष्ट पारेका छन्। 'अहिले मेरो ध्यान टी- २० फर्म्याटमा रहेको छ, त्यसैमा थप उत्कृष्ट प्रदर्शन गरी अस्ट्रेलियालाई उपाधि दिलाउने चाहना छ,' उनले भने। पाकिस्तानसँगको टेस्ट सिरिजलगत्तै उनी अस्ट्रेलियामै आयोजना हुने बिग वासमा सिड्नी थन्डरबाट प्रतिस्पर्धा गर्नेछन्। त्यसपछि दुबईमा हुने आइएल टी- २० मा उनी सहभागी हुनेछन्। यी दुवै प्रतियोगिताका लागि उनले अस्ट्रेलियन क्रिकेट बोर्डसँग एनओसी पत्र माग गरेका छन्।

गत महिना भारतमा भएको एकदिवसीय विश्वकपमा अस्ट्रेलियाका लागि वार्नरले व्यक्तिगत रूपमा सर्वाधिक रन बटुलेका थिए। उनले ११ खेलमा ४८.६३ को औसतमा पाँच सय ३५ रन बटुलेका थिए। यसक्रममा उनले समान दुई शतक तथा अर्धशतकीय योगदान दिए।

२०११ मा टेस्ट करिअर सुरु

अस्ट्रेलियन क्रिकेट इतिहासमा वार्नरलाई सबै विधामा विस्फोटक रूपमा ब्याटिङ गर्न सक्ने खेलाडीका रूपमा चिनिन्छ। उनले सन् २०११ मा ब्रिस्बनमा न्युजिल्यान्डविरुद्ध टेस्ट करिअर सुरुवात गरेका थिए। अहिलेसम्म एक सय ११ टेस्टमा आठ हजार ६ सय ९५ रन बटुलेका छन्। यसक्रममा उनले २६ शतक तथा ३६ अर्धशतकीय योगदान दिए। वार्नरले सन् २००९ मा एकदिवसीय डेब्यु गरे। उनको पहिलो खेल नै भारतविरुद्ध थियो।



अस्ट्रेलियन बायाँहाते आक्रामक ब्याट्सम्यान डेभिड वार्नरले पाकिस्तानविरुद्धको टेस्ट सिरिज नै करिअरकै अन्तिम खेल भएको घोषणा गरेका छन्

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुली
वाग्मती प्रदेश, नेपाल

विज्ञापन कर ठेक्काबाट उठाउने कार्यको दरभाउपत्र आह्वान सम्बन्धी सूचना

तेश्रो पटक प्रकाशन मिति : २०८०/०९/१७ गते

यस कमलामाई नगरपालिका क्षेत्र भित्रको सार्वजनिक स्थल, सडक छेउमा विभिन्न व्यवसायिक सामाग्रीको विज्ञापन तथा प्रचार-प्रसारका लागि राखिएका होर्डिङ बोर्ड, तुल व्यानर र भित्ते लेखनको आ.व. ०८०/०८१ को लागि विज्ञापन कर ठेक्काबाट गर्ने भएकोले देहायको शर्तको अधिनमा रहि रितपूर्वकको गोप्य शिलवन्दी दरभाउपत्र पेश गर्न यो सूचना आव्हान गरिएको छ।

शर्तहरु:

१. उल्लेखित कार्य गर्नका लागि इच्छुक मु.अ.करमा दर्ता भएका विज्ञापन एजेन्सी संग सम्वन्धित संस्था वा फर्महरुले यो सूचना प्रकाशित मितिले ७ औं दिनको कार्यालय समय सम्म आ.व. ०७९/०८० को कर चुक्ता लगायतका कागजात संलग्न गरी निवेदन साथ रु. १,०००।- (एक हजार) फिर्ता नहुने गरी वुझाई यस क.न.पा. कार्यालयको राजश्व उपशाखावाट दरभाउपत्र खरिद गर्न सकिनेछ।

२. यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२:०० वजे भित्र गोप्य शिलवन्दी दरभाउपत्र क.न.पा. कार्यालय सिन्धुलीमा दर्ता गराउनु पर्नेछ। तोकिएको समय भित्र दर्ता हुन आएका दरभाउपत्रहरु क.न.पा. कार्यालय, सिन्धुलीमा सोही दिन दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाताको प्रतिनिधी उपस्थित नभएपनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन।

३. दरभाउपत्र साथ आफुले कवोल गरेको अंकको ५% का दरले हुन आउने रकम यस कार्यालयको रा.वा.वैंक, सिन्धुली स्थित धरौंटी खाता नं. १०६०१००३०३०००००३ धरौंटीमा जम्मा गरेको सक्कल भौंचर वा वाणिज्य बैकबाट १२० दिनको मान्य अवधि भएको बैक जमानत संलग्न गरी आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट वुझिने गरी लेखी सहीछाप गरी पेश गर्नु पर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

४. दरभाउपत्रदाताले नगरपालिकाको स्वीकृत आर्थिक ऐनको अनुसूचि ५ मा उल्लेख भए वमोजिमको दररेटमा मात्र रकम असुल गर्न पाउनेछ।

५. दरभाउपत्र विक्री, दर्ता वा खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सो कार्य गरिने छ।

६. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित हुनेछ।

७. अग्रिम एकमुष्ठ ठेक्का कवोल रकम वुझाएमा कुल रकमको ५% ले हुन आउने रकम छुट दिईनेछ।

८. ठेक्का स्वीकृत हुने दरभाउपत्रदाताले आफुले कवोल गरेको अंक बराबरको अग्रिम नगद भुक्तानी वा कवोल अंकलाई तीन किस्तामा विभाजन गरी पहिलो किस्ता सम्झौता गर्दाकै वखतमा, दोस्रो किस्ता फाल्गुण मसान्त भित्र र अन्तिम किस्ता असार मसान्त भित्र वुझाउनु पर्नेछ। सम्झौता गरेको प्रथम किस्ता रकम मात्र वुझाएको अवस्थामा वाँकी रकम बराबरको २०८१ साल श्रावण मसान्त सम्मको वैक ग्यारेण्टी पेश गरी तोकिएको समयावधि भित्र ठेक्का सम्झौता गर्नु पर्नेछ, अन्यथा धरौटी जफत गरिनेछ। म्यादभित्र किस्ता रकम नवुझाएमा उक्त तिर्न वाँकी रकममा न.पा.ले १०% का हिसावले थप जरिवाना लिनेछ।

९. अन्य कुरा प्रचलित कानून अनुसार हुनेछ। विस्तृत कुरा वुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयको राजस्व उप-शाखामा सम्पर्क राख्न सकिनेछ।

१०. आय ठेक्का नं. ५ आ.व. २०८०/०८१ को लागि विज्ञापन करको न्युनतम अंक रु. ६,५०,०००।- (छ लाख पचास हजार मात्र) रहेको छ।

११. विज्ञापन करको सूचना सम्वन्धमा थप कुरा वुझ्नु पर्ने भएमा नगरपालिकाको वेभ साईट **www.kamalamaimun.gov.np** मा हेर्न सकिनेछ।

प्रमुख प्रशासकिय अधिकृत

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com